

तस्बिरहरू : जगत अबहु गुरुङ




# हङकङ फेसन, म्युजिक र मस्ती

• निर्मल श्रेष्ठ/हङकङ

हङकङको गर्मी दिन-प्रतिदिन बढ्दो छ। बढ्दो गर्मीसँगै शरीरमा कपडा घट्दै जानु स्वाभाविक हो, हङकङका नेपाली युवायुवतीहरू आफ्नो पहिरनले शीतलतासँगै सहरमा चलेको फेसनको पनि प्रतिनिधित्व गरोस् भन्ने चाहन्छन्। आजभोलि हङकङका सबैजसो युवती थाईसम्म आउने वन पिस स्कर्ट, स्लिभ लेस टपसँग-मिनी स्कर्ट, बुट्टे टिसर्टसँग जिन्सको हाफ पाइन्ट, घाँटीमा लामो स्टोनको माला, कम्मरभन्दा माथि बेल्ट, आँखामा ठूलो चस्मा, गोल्डेन वा चकलेटी कलर गरिएको केश अनि पातलो चप्पलमा भेटिन्छन्। युवाहरू स्टाइलिस टि-सर्ट, फिटिङ पाइन्ट, जिकज्याक कपाल, घाँटीमा म्युजिक मोबाइल, कम्मरमा काँडे बेल्ट अनि स्पोटर्स सुजमा देखिन्छन्।



ग्लोबल ल्याङ्वेज मोनिटर, क्यालिफोर्नियाले गरेको विश्वव्यापी सर्वेक्षणमा विश्वका सर्वाधिक फेसनेबल पच्चीस सहरमध्ये हङकङको नाम आठौं स्थानमा छ। पहिलो, दोस्रो र तेस्रोमा क्रमशः न्युयोर्क, रोम र पेरिस छन्। चीनको संघाई र भारतको मुम्बई क्रमशः चौधौं र अठारौं नम्बरमा छन्।

हङकङमा सबै वर्गका फेसन पारखीहरूका लागि संसारमै नाम कहलिएका सबैजसो ब्रान्डका पहिरन उपलब्ध छन्। अत्यन्तै महँगो पहिरन चाहनेहरू फेन्डी, लुइस, डिओर, क्यानल, भर्सेक, बेली, डनहिल, क्यालभिन केलिनजस्ता ब्रान्ड रोज्न सक्छन्। त्योभन्दा सस्तो टमी हिलफिगर, मार्क एन्ड स्पेन्सर, स्प्रिट, लिभाइज, एडिडासजस्ता ब्रान्ड उपलब्ध छन् भने अझ कम बजेटका लागि जोर्डानो, जी टु थाउजेन्ड, कर्कोडाइल, लेकोस्टी, यु राइट र बोसिनीजस्ता ब्रान्ड उपलब्ध छन्।

सफ्ट रक र डान्स सङ्ग सुन्न मन पराउने, मिस ट्यालेन्ट हन्ट हङकङ सुस्मिता गुरुङ, यो मौसमका लागि कटनका स्कर्ट, सादा टी सर्ट, स्यान्डल र बुट्टे ब्याग आफ्नो पहिलो रोजाइ हुने बताउँछिन्। ब्रान्डेड कम्पनीका पहिरन महँगो पर्ने हुँदा विशेष अवसरका लागि उनी नेपालबाटै कपडा मगाई बुटिकमा फेसनअनुसारको पहिरन तयार गराउँछन्। पहिरनका लागि महिनामा कमाइको कति बजेट छुट्ट्याउने ? गुरुङ भन्छिन्– यति नै भन्ने छैन, तर केही प्रतिशत पहिरनमै खर्च हुन्छ। स्थानीय स्तरमा मोडल र कलाकारका रूपमा राम्रो परिचय बनाएका ध्रुव दत्त

बाँकी पृष्ठ ५ मा



## क्यासेट

### ॐ



अनिरोश म्युजिकले मेडिएसनका लागि ॐ मन्त्रको संग्रह 'ॐ' श्रोतामाझ ल्याएको छ। योगाभ्यास तथा ध्यान गर्ने भक्तजनका निम्ति उपयोगी हुने यो संग्रहलाई अनिशले तयार गरेका हुन्। संग्रहमा बाँसुरी वादन जेबी लामाको छ भने एरेन्जर बुद्ध मानन्धर हुन्।

### नशा



गायिका रिजा उप्रेतीको एकल गीतिसंग्रह 'नशा' श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा सुपरहिट गीतहरू मिरमिरे साँझमा, तिम्रो मनमा, जिन्दगानी ए लै लै, झझल्को लिएरलाई रिमिक्स गरिएको छ। नौवटा गीत समावेश यो संग्रहमा शब्द प्रतिमा श्रेष्ठ, राजन शिवाकोटी, ज्याको ल्याजिकाट, सुनिल बर्देवा तथा प्रलेनको छ। त्यस्तै संगीत क्रिस मानन्द, राजन शिवाकोटी, ज्याको ल्याजिक्याट, सुनिल बर्देवा, प्रलेनको छ।

### वरदान

द इन्स्टिङ्ट ब्यान्ड अर्थात् भोकलिस्ट वरदान र गीटारिस्ट सिद्धार्थको गीतिसंग्रह 'वरदान' बजारमा आएको छ। आठवटा गीत संग्रहीत यो संग्रहलाई रियाज म्युजिकले बजारमा ल्याएको हो। पप्पु छेत्री, बबि राज, याकुब राई र निकेश राईको शब्द रहेको यो संग्रहमा याकुब राइ, बबि राज र रिचर्ड मोक्तानको संगीत छ। त्यस्तै संग्रहमा बबि राज र फणीन्द्र राईको ऐरेजमेन्ट छ।

## रंगमञ्च

• नाट्यसंस्था सर्वनामले गत साता गोरखामा नाटक 'युगीन गन्तव्य' मञ्चन गऱ्यो। सामाजिक विभेद एवं गरिबी द्वन्द्वको प्रमुख कारक भएको कुरा देखाउन खोजिएको यो नाटक हेर्न दर्शकहरूको घुइँचो लागेको थियो। अशेष मल्लको लेखन तथा निर्देशनमा तयार भएको यो नाटकमा न्हुच्छे श्रेष्ठ, मीना खड्का, रमेश खड्का, राजेश खड्का, ओममणि शर्मा, सुष्मा कोइराला, रामहरि खड्का, सविता लामा, रीता लामा आदि कलाकारले अभिनय गरेका थिए। नाटकमा विगतको द्वन्द्वकालीन नेपालको सामाजिक परिवेशलाई मञ्चमा उतारिएको छ।

• नाट्यसमूह आरोहण-गुरुकुलले गत जेठ २४ गतेदेखि नाटक 'घनचक्कर' मञ्चन गरिरहेको छ। यो नाटक सोमबारबाहेक अन्य दिन बेलुका ५ बजे पुरानो बानेश्वर गुरुकुलस्थित रिमाल थियटरमा मञ्चन हुँदै आएको छ। प्राध्यापक सञ्जीव उप्रेतीले लेखेको उपन्यासलाई आरोहणले नाटकीय स्वरूप दिँदै यसअघि पनि मञ्चन गरेको थियो। घनचक्कर देशको पागलपन र त्यसले असर गर्ने व्यक्तिको पागलपनको विषयवस्तुमा आधारित छ। घनचक्करको नाटक संस्करणमा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठकका साथै गुरुकुलका अन्य कलाकारहरूले अभिनय गरेका छन्। नाटकको निर्देशन नाट्यकर्मी सुनिल पोखरेलले गरेका हुन्।

• आरोहण गुरुकुलसम्बद्ध मुगु र विराटनगरका नाट्यकर्मीहरूले गत असार १ गतेदेखि रंगमञ्चसम्बन्धी आधारभूत तालिम लिइरहेका छन्। गुरुकुलका अनुसार रंगकर्ममा काम गर्न चाहने युवाहरूलाई प्रोत्साहित गर्न तथा रंगमञ्चका बारेमा स्पष्ट पार्न यो तालिम उपलब्ध गराइएको हो। तालिम कार्यक्रममा संगीत, योगा, मार्शल आर्ट, चर्या नृत्य, अभिनय, सडक नाटक, कचहरी नाटक, विश्व रंगमञ्च आदि विषयमा केन्द्रीय स्तरका नाट्यकर्मीहरूले प्रशिक्षण दिनेछन्।

## ग्यालरी

• कलाकार चिराग वाङ्देलको कला प्रदर्शनी द बेकरी क्याफे पुल्चोकमा गत बुधबार सम्पन्न भएको छ। तत्भ सेरिज फाइभ शीर्षकको उक्त प्रदर्शनीको आयोजना फोटो सर्कलले गरेको थियो।

• कलाकार गौरव श्रेष्ठको छैटौं एकल चित्रकला प्रदर्शनी कमलादीस्थित हेरिटेज प्लाजाको ग्यालरी-३२ मा सञ्चालन भैरहेको छ। विभिन्न रङका कागजका टुक्रा जोडेर तयार गरिएका श्रेष्ठका हरेक क्यानभासले प्रतीकात्मक अर्थ बोकेका छन्। असार १६ गतेसम्म चल्ने यो प्रदर्शनीको शीर्षक 'म्याटरियल स्केप्स' राखिएको छ। कलाकार श्रेष्ठले जुटको बोरा, कार्टुन बाक्सा, धागो, पुरानो क्यालेन्डर, पोस्टरलाई फ्रेममा राखेर त्यसमा लोभलाग्दो चित्रकला प्रस्तुत गरेका छन्।

## पुस्तक

### निषेधविरुद्ध

कवि यशोदा अधिकारीका ४७ वटा कविताको संग्रह 'निषेधविरुद्ध' लाई नागार्जुन साहित्य प्रतिष्ठानले प्रकाशन गरेको हो। यो संग्रहमा कवि अधिकारीले नेपाली समाजको साङ्गोपाङ्ग अध्ययन गर्ने जमर्को गरेकी छिन्। विद्रोहको पृष्ठभूमिमा रचिएका कविता रुचाउने पाठकहरूका लागि यो कृति संग्रहणीय हुनसक्छ।

### गणतन्त्रका प्रणेता रामराजाप्रसाद सिंह

रामराजाप्रसाद सिंहको जीवनी समेटिएको यो पुस्तक भावना शर्माले तयार गरेकी हुन्। रामराजाप्रसाद सिंह तथा नेपालमा गणतन्त्रको क्रमिक विकासका बारेमा जानकारी राख्न चाहने जो कसैका लागि पनि यो पुस्तक जानकारीमूलक सिद्ध हुन सक्छ। प्रज्ञा फाउन्डेसनद्वारा प्रकाशित यो पुस्तकको मूल्य १ सय २५ रुपैयाँ छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समय बलियो छ। काममा सफलता मिल्नेछ भने मन प्रसन्न रहनेछ। भाग्यले साथ दिनेछ। मान-सम्मान पनि पाउनुहोला। व्यवसायमा सफलता हात लाग्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता पाइनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। बिहीबार चिन्ताले सताउन सक्छ।

### वृष

सुरुमा चिन्ता एवं अस्थिरता बढ्नेछ। स्वास्थ्य गडबड रहन सक्छ। विवादमा फस्न सकिन्छ। घर झगडाले चिन्ता बढाउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शनिबारदेखि प्रसन्नता बढ्नेछ भने काममा सफलता प्राप्त होला। मान-सम्मान पनि पाइनेछ। धन आर्जन गर्न सकिनेछ। अध्ययनमा सफलता हात लाग्नेछ। गोपनीयता अपनाउनु उचित हुन्छ।

### मिथुन

यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा प्रसन्नता एवं पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा मन जानेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। शनिबार तथा आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कर्कट

शत्रुसित सजग रहनुहोला। काममा अवरोध आउनेछ भने चिन्ताले सताउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले नै धोका दिन सक्छन्। शनिबार तथा आइतबार काममा सफलता मिल्नेछ। व्यवसायमा लाभ एवं रमाइलो यात्रा हुने तथा प्रसन्नता बढ्ने योग छ। खर्च बढे पनि राम्रै आम्दानी हुने देखिन्छ।

### सिंह

अरुको विश्वास गर्ने समय छैन। काममा सफलता पाउन आफैंले प्रयास गर्नुपर्नेछ। अध्ययनमा सफलता मिल्नेछ भने ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला। पराक्रम बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ। शत्रुसित सजग रहनुपर्ने बेला छ। स्वास्थ्यको ख्याल राख्नुहोला।

### कन्या

आफन्तहरूको सहयोग पाइनेछ। घरेलु कार्यमा रुचि एवं आम्दानीका साथै प्रसन्नता बढ्नेछ भने मानसम्मान पनि पाइनेछ। कामको बीचमा अवरोध आउन सक्छ। व्यवसायमा प्राप्त हुने सफलता कायमै रहनेछ। धार्मिक कार्यमा मन जानेछ। भाग्यले साथ दिनेछ। शत्रुसित सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ।

### तुला

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मित्रजनबाट सहयोग मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। मान-सम्मान पाइने योग छ। व्यवसाय सफल रहनेछ। धन आर्जन गर्ने अवसर पनि जुट्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। सामाजिक कार्यमा अघि नबढ्नुका साथै स्वास्थ्यको ख्याल राख्नुहोला।

### वृश्चिक

बोलीमा अरूलाई आकर्षित गर्न सकिनेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा लाभका साथै वैदेशिक कार्यमा सफलता मिल्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला। आफन्तहरूको सहयोग जुट्नेछ।

### धनु

मान-सम्मान पाइनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीले अरूलाई आकर्षित गर्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसाय एवं अध्ययनमा सफलता मिल्नेछ। भेटघाटमा रमाउने बेला छ। रोग एवं शत्रुबाट सजग रहनुहोला।

### मकर

खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मन चिन्तित रहेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। स्वास्थ्य कमजोर हुन सक्छ। शरीरमा चोटपटक पनि लाग्न सक्छ। शनिबारदेखि मानसम्मान एवं अध्ययनमा सफलता मिल्नेछ। व्यवसायमा सुधार आउनेछ। यात्रा गर्ने अवसर प्राप्त होला।

### कुम्भ


धन आर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति बढ्नेछ भने आफन्तहरूको सहयोग पाइनेछ। अध्ययनमा सुधार आउनेछ। व्यवसायमा सफलता हात लाग्नेछ। लाभदायक यात्रा गर्ने अवसर मिल्नेछ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### मीन

मान-सम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सुधार आउनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ।

## यो साताको पञ्चाङ्ग

असार ६ गते : विश्व शरणार्थी दिवस, ७ गते : विश्व संगीत दिवस, ८ गते : राष्ट्रिय जनगणना दिवस, ९ गते : विश्व सार्वजनिक सेवा दिवस, १२ गते : देवपत्तन त्रिशूल जात्रा, लागूऔषधी ओसार-पसारविरुद्धको दिवस, विश्व यातना पीडितलाई सहयोग दिवस



# पार्टीमा सेलिब्रेटीको धुम



तस्बिर : महेश प्रधान

काठमाडौं– एउटा कुनामा आधुनिक गायक उदय सोताङ नायिका रेजिना उप्रेतीसँग जोडी बनाएर नाच्दै थिए। एकैछिनमा अर्का आधुनिक गायक सत्यराज आचार्य पनि नायिका रेजिनासँग नाचिरहेको भेटिए। गायक मिग्मा शेर्पा आफ्नो उचाइ मिल्ने गायिका प्रीति कौरका साथ थिए। गायक निमा रुम्बाले त गीत पनि गाए। एकैछिन नाचेर उनी छेउको सोफामा बसी स्कचको चुस्की लिन थाले। शुक्रबार राति दरबारमार्गको क्लब प्लाटिनममा देखिएका यी दृश्य राजधानीमा धेरै पछि सेलिब्रेटीहरू यसरी डान्स पार्टीमा रमाएको देखियो। डिजे बिम्यान, डिजे भाइभ र डिजे रूपेशले पालैपालो विभिन्न डान्सिङ नम्बरहरू बजाएर उपस्थित सयौंलाई नचाए।

# हिलपार्कमा दोहोरीको रमाइलो



बुटवल– वर्षायाम सुरु भएपछि आन्तरिक पर्यटकमा कमी आएकाले सुनसान हुन थालेको बुटवलको हिलपार्क सोमबार भने निकै रमाइलो रह्यो। डिजिटल एडभरटाइजिङ एजेन्सीले आयोजना गरेको लोकदोहोरी छायांकन कार्यक्रमले हिलपार्कलाई रमाइलो बनाएको हो। कार्यक्रममा रूपन्देही, नवलपरासी र कपिलवस्तुका सातवटा समूहका महिला तथा पुरुष कलाकारको घम्साघम्सी दोहोरी गीतले त्यहाँ जुटेका हजारभन्दा बढी दर्शकलाई मनोरञ्जन प्रदान गरे।

चर्को घामका बीच दिउँसो दुई बजेदेखि साँझ सात बजेसम्म चलेको दोहोरीमा कलाकारको गीत अनि मादल, बाँसुरी, हार्मोनियम, अक्टोप्याड र सारङ्गीको सुमधुर संगीतमा ताल मिलाउँदै दर्शकहरू धीत मरुन्जेल नाचेका थिए। प्रचण्ड जीसी, मञ्जु पौडेल, वैकुण्ठ महत, लक्ष्मण खड्का, सीता ज्ञवाली, जमुना सनम, कमला केसी, टीका गिरी, कौशल भट्टराई आदिले दोहोरी प्रस्तुत गरेको कार्यक्रममा नारायण थापा, सोम थापा, लोकेन्द्र शाह, विजय सापकोटा, बाबुराम गन्धर्व र हिमसागर गुरुङले वाद्यवादनमा साथ दिएका थिए। स्थानीय कलाकारलाई अवसर दिई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको कार्यक्रम निर्देशक नारायण भुसालले साप्ताहिकलाई बताए।

## साता संक्षेप

**जेठ ३१ गते शुक्रबार**

- मकवानपुर तथा धादिङमा भएका दुई सवारी दुर्घटनामा ६ को मृत्यु, १२ घाइते।
- संविधानसभामा दलहरूले गरेको खर्चको सबै विवरण निर्वाचन आयोगमा आएन, २९ दलले मात्र खर्च विवरण बुझाए, नेकपा (एमाले) ले सबैभन्दा बढी पैसा खर्च गरेको निर्वाचन आयोगद्वारा जानकारी।

**जेठ ३२ गते शनिबार**

- तराईक्षेत्रमा ६० प्रतिशत गाविस सचिव अझै विस्थापित, पूर्वी पहाडी जिल्लामा भूमिगत किराँत वर्कर्स पार्टीको गतिविधिका कारण सचिवहरू सदरमुकाममा।
- पूर्वराजा ज्ञानेन्द्रद्वारा आमा रत्नलाई महेन्द्र मञ्जिलमा पूजा तथा पाहुना घर अपुग भएको भन्दै श्री सदन नामक अर्को घर माग।
- वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या वृद्धिसँगै रेमिटेन्स पनि बढ्यो, यो वर्ष १ खर्ब रुपैयाँ नेपाल भित्रिने।

**असार १ गते आइतबार**

- फोहोर व्यवस्थापन गरिने सिसडोलवासीले अवरोध पुऱ्याएपछि काठमाडौंको फोहोर उठेन।
- दोलखाको पोखरे खोलामा डुबेर १ बालकको मृत्यु, थप ३ जना हराइरहेको प्रहरीको भनाइ।
- कुवेतमा १० नेपाली महिलाको बिचल्ली, इराक हिंडेका कैयौं नेपाली कुवेतमा फसेको जानकारी।
- दुबईबाट घर फर्किएका लखबहादुर तामाङद्वारा काठमाडौंमा अन्धाधुन्ध छुरा प्रहार, १ प्रहरीको मृत्यु, २ बटुवा गम्भीर घाइते।

**असार २ गते सोमबार**

- नारायणहिटी दरबारलाई संग्रहालय बनाउने संविधानसभाको पहिलो बैठक कार्यान्वयन, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा उद्घाटन।
- माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई डा. डिल्लीरमण रेग्मीको स्मृतिमा स्थापित राष्ट्रिय शान्ति पुरस्कारको घोषणा, हिंसावादीलाई पुरस्कृत गरिएको भन्दै आलोचना।
- धरानबाट काठमाडौं आइरहेको रात्रिबसमा सप्तरीको भारदहनजिकै बम बिस्फोट, ५ घाइते।

**असार ३ गते मंगलबार**

- पूर्वराजदरबारमा १ सय ६० कर्मचारी सिकारी पदमा रही वन्यजन्तुको सिकार गर्ने कार्यमा खटिएको खुलासा।

**असार ४ गते बुधबार**

- नेकपा (माओवादी) तथा नेकपा (एमाले) का विद्यार्थी संगठनबीच झडप, दुवैतर्फ गरी एक दर्जनभन्दा बढी घाइते।
- तत्कालीन राजा वीरेन्द्रको नामबाट ज्ञानेन्द्र शाहकी छोरी प्रेरणाको नाममा सारिएको नबिल बैंक तथा नेपाल औद्योगिक विकास निगमको २० करोड २० लाख रुपैयाँ बराबरको सेयर नेपाल ट्रस्टमा सारियो।
- वनमन्त्री मात्रिका यादवद्वारा स्थानीय विकास अधिकारीलाई शौचालयमा थुनेर यातना दिएकोमा कर्मचारीहरूद्वारा विरोध।
- सरकारद्वारा नेपाली कामदार कोरिया पठाउने सबै प्रक्रिया पूरा, असारको अन्त्यदेखि नेपाली कामदार कोरिया जाने।

पासहुनेनैगरी पढ्न आउनुहोस्।
भर्ना खुल्यो - २०६५
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE { TEST/SLC–जि.शि.का. I.A, I.Com, B.A, M.A, M.P.A–TU
REGULAR Tuition & Coaching: { SLC, I.A, I.COM, I.Sc, +2, Bachelor & Master
'पढ्ने पढाउने त कला हो' जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट पासहुनेगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆ 01-4422105

NGO को सहयोगमा संचालित
नि:शुल्क ब्युटिसियन तालिम
लिई स्वरोजगार बनौं।
❊ वर्षौं अनुभवी प्रशिक्षकद्वारा सिकाइने।
❊ आधुनिक मेसिनबाट सिकाइने।
❊ विदेश जानेको लागि Special Class
❊ उत्कृष्टहरुलाई रोजगारीको अवसर
ग्यारेन्टीका साथ
Basic/Advance/Diploma/ Hair Special/ Skin Care
सम्पर्क :
Princess Beauty Home
चाबहिल (श्रेष्ठ टेलरिङ अगाडि)
मोबाइल : ९८४१७६६२१४, ९८४१४१५२१५

होटल तालिम त्यो पनि छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa मा जानेलाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ सेन्टर
Bagbazar, Near P.K. Campus way to Ratnapark
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200575, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629


महिला तथा पुरुषहरूको लागी
नि:शुल्क ब्यूटिसियन ट्रेनिङ
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma, Hair Dressing Teacher Course र Advance Skin Therapy का साथै अन्य Special कोर्षहरुमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
SLC दिएर बसेका विद्यार्थीहरूलाई विशेष ग्राह्यता
✪ विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ।
सम्पर्क:
एन्जल ब्यूटी होम
चावहिल चोक लेडिज एण्ड जेन्स् पार्लर -२१९००८७, डिल्लीबजार -२३२७३३१
लगनखेल पाटन अस्पताल संगै -९८४१३२३६३१, नयाँ बानेश्वर -२१०४०२०,
क्षेत्रपाटी चोक -४२५५९९०, नारायणघाट धर्मचोक - ९८४५०५५७०५

## सम्पादकीय

# भाडावृद्धिमा गुनासो

भाडा निर्धारण समितिको सिफारिसअनुसार बुधबारदेखि सवारी साधनको भाडा २५ देखि ३५ प्रतिशत वृद्धि भएको छ । हिमाली भेकमा यो वृद्धि ५० प्रतिशत छ । सरकारद्वारा गठित समितिले तय गरेको भाडादरअनुसार मिनी बस तथा ठूलो बसका लागि २ सय ५० किलोमिटरभित्र प्रतिकिलोमिटर एक रुपैयाँ ४० पैसा तय गरिएको छ । यसअघि उक्त रुटमा प्रतिकिलोमिटर १ रुपैयाँ २५ पैसा भाडा लिइन्थ्यो । यस्तै २ सय ५० किमिभन्दा माथि एक रुपैयाँ २४ पैसाबाट वृद्धि गरी एक रुपैयाँ ४३ पैसा पुऱ्याइएको छ । काठमाडौंको चक्रपथभित्र २५ किलो मिटरसम्म दुई रुपैयाँ ५५ पैसा तोकिएको छ । यसअघि प्रतिकिलोमिटर १ रुपैयाँ ९५ पैसा थियो । डिजेलबाट चल्ने माइक्रोबसमा न्यूनतम भाडा १२ रुपैयाँ बनाइएको छ भने ग्याँस माइक्रोमा ११ रुपैयाँ कायम गरिएको छ । सरकारले ग्याँस तथा विद्युतीय टेम्पोमा न्यूनतम भाडा ११ रुपैयाँ र ग्याँस तथा डिजेलबाट सञ्चालित माइक्रोमा १२ रुपैयाँ तोकेको छ । यसअघि व्यवसायीले एकतर्फी भाडादर कायम गर्दा टेम्पोमा १२ र माइक्रोमा १४ रुपैयाँ न्यूनतम मूल्य लिने गरेका थिए । ट्याक्सीको मिटरमा देखिने सुरु भाडा अंक ८ रुपैयाँबाट बढेर ११ रुपैयाँ पुगेको छ । प्रतिकिलोमिटर २० रुपैयाँ ५० पैसाबाट बढाएर २३ रुपैयाँ पुऱ्याइएको छ । भाडादर वृद्धिको चर्को मार पहाडी तथा हिमाली भेकका उपभोक्तालाई पर्ने भएको छ । कच्ची सडक र स्तरीय सेवामा २५ प्रतिशत भाडा बढाइएको छ भने पहाडीमा ३५ र हिमाली सडकमा ५० प्रतिशतले भाडा वृद्धि गरिएको छ ।

यातायात व्यवसायीहरूले पेट्रोलियम पदार्थको मूल्य वृद्धिसँगै एकतर्फी भाडा बढाएपछि उपभोक्ताहरूले त्यसको विरोध गरेका थिए । विरोधपछि यातायात व्यवसायी, सरकार तथा उपभोक्ताबीच छलफल गरी भाडा निर्धारण गर्ने सहमति भएको थियो । यद्यपि भाडा निर्धारण समितिको बैठकमा उपभोक्ता हित संरक्षण मञ्च नेपालका प्रतिनिधिहरूले आफ्नो कुरा समितिले नसुनेको भन्दै बैठक वहिष्कार गरे । उक्त वहिष्कारकै अवस्थामा भाडा निर्धारण भएकाले त्यसले उपभोक्तालाई ध्यानमा नराखेको आरोप मञ्चको छ । मञ्चका अनुसार अहिलेको अवस्थामा सार्वजनिक तथा ट्याक्सी भाडामा १२ प्रतिशतभन्दा बढी भाडा बढाउन आवश्यक छैन । मञ्चले एक लिटर डिजेलमा १० रुपैयाँ मूल्य बढ्दा ३५ देखि ५० प्रतिशतसम्म मूल्य बढाएर उपभोक्तालाई किनारा लगाइएको बताएको छ । मञ्चले प्रेस विज्ञप्ति जारी गर्दै सरकार तथा यातायात व्यवसायी मिलेर निर्धारण गरेको भाडामा आफ्नो असहमति रहेको पनि जनाएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै सार्वजनिक तथा ट्याक्सीको भाडादर वृद्धि हुनु स्वाभाविक हो । यद्यपि मूल्यवृद्धि वैज्ञानिक आधारमा हुनुपर्छ । व्यवसायीहरूले वैज्ञानिक भाडावृद्धि गर्न बाहिरी रूपमा सहमति जनाए पनि अहिलेको मूल्यवृद्धि व्यसायीहरूले भन्ने गरेको भन्दा १० प्रतिशत बढी देखिन्छ । सरकारसमेत सामेल भएको समितिले सिफारिस गरेको यो मूल्यवृद्धिप्रति उपभोक्ता हित संरक्षण मञ्च तथा विद्यार्थी संगठनहरूले असहमति जनाएका छन् । सार्वजनिक यातायत तथा ट्याक्सी व्यवसाय सेवा व्यवसाय भएकाले उपभोक्ताहरूलाई खुसी नपारी लादिएको मूल्यवृद्धिले अन्ततोगत्वा उक्त व्यवसायप्रति सर्वसाधारणको नकरात्मक धारणा नै बढाउँछ । यसप्रति यातायात व्यवसायी तथा सरोकारवालाहरू संवेदनशील भएर पुनः एकपटक मूल्यवृद्धिप्रति उपभोक्ताले उठाएको प्रश्नमा ध्यान दिन जरुरी छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### नेपाली फुटबलको दूरावस्था

फुटबलको विकास र स्तरको कमजोरीका कारण पछिल्लो साफ फुटबलमा नेपाल भारत र मालदिभ्ससँग लज्जाजनक हार बेहोर्दै प्रतियोगिताबाटै बाहिरियो । तयारीलाई नियालेर विचार गर्ने हो भने नेपाली फुटबल टिमले जित्छ भन्ने आशा गर्नु पनि बेकार थियो । हाम्रो फुटबल अति नै दयनीय अवस्थामा भीरमा झुन्डिएको फलझैं तुर्लुङ्ग झुन्डिएर कहिल्यै अघि बढ्न सकेको छैन ।

नेपाली फुटबलको दूरावस्था देख्दा आम खेलप्रेमीको मनै कुँडिएर आउँछ भने विश्वस्तरमा नेपाली फुटबलको कुरा गर्दा नाक खुम्च्याउने अवस्था छ । दर्शकहरूलाई बुझ्न र खेलको समयावधिको हिसाबले हेर्न पनि मनोरञ्जनपूर्ण भएकाले फुटबल विश्वको सर्वाधिक लोकप्रिय खेल हुँदाहुँदै पनि नेपालमा यसको विकासमा कुनै पहल भएको छैन । राजनीति फुटबलको विकासमा बाधक बनिरहेको छ ।

यतिबेला फुटबल संघका पदाधिकारीहरू, क्लबका प्रशिक्षक, खेलाडी सबै जना राजनीति, हड्ताल, वादविवाद र खेल वहिष्कार गर्ने नाममा फुटबललाई ओरालो लाने काम गरिरहेका छन् । गत वर्षदेखि नै ए डिभिजन र अन्य स्तरका फुटबल प्रतियोगिता हुन नसक्नु पनि आफैंमा दुर्भाग्यपूर्ण छ । जब अन्तर्राष्ट्रिय प्रतियोगिताहरू नजिक आउँछन् अनि नेपालले एक महिना वा पन्ध्र दिनअघि विदेशी प्रशिक्षक झिकाएर खेलाडी छनौट गरी एक साताको तयारीमा फुटबल खेल्न गै गोलको भारी बोकेर लज्जाजनक हार खाँदै स्वदेश फर्कनु नेपाली फुटबल टिमको परम्परा नै बनेको छ । औपचारिकता पूरा गर्ने नाममा राष्ट्रले यस्तो लज्जास्पद हार कहिलेसम्म बेहोर्ने ? नेपाली फुटबललाई अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याउने काम कहिले गर्ने ? वास्तवमा नेपाली फुटबल जहिलेसम्म राजनीति र खिचातानीको मारमा पिल्सिन बाध्य हुन्छ तबसम्म यो माथि उठ्न सक्दैन ।

–रेसमकुमार सुनुवार

### यही हो लोकतन्त्र?

सबैले लोकतन्त्र आएपछि केके न पाउला के के न खाउला भन्ठान्थे, तर आज एक्काइस जना निर्दोषले बली त्याग गरेर लोकतन्त्र ल्याए तर त्यसले खासै केही गर्न सकेन बरु झन् भोकतन्त्र पो ल्याए जस्तो लाग्यो । मानिसहरू सजिलै गाँस, बास कपासको व्यवस्था गर्न सक्थे तर आज त्यस्तो परिस्थिति आयो जसले गर्दा मानिसहरू कहिले गाँस छैन, कहिले तेल छैन, कहिले चामल छैन, जस्ता दैनिक उपभोग्य वस्तु सजिलै उपभोग गर्न पाएका छैनन् । सबै सामान कालाबजारी भएको छ । ९ सय पर्ने ग्याँस १२ सय तिर्नुपर्ने भयो त्यो पनि हप्तौं लाइन बसेर ।

के यही हो लोकतन्त्र ? कि लोकतन्त्र भनेको बन्द, हड्ताल, आतंक हो ? यही गर्न २२ जना निर्दोषले ज्यानको बली चढाएका थिए ? के लोकतन्त्र भनेको यही हो स-साना समस्यामा पनि बन्द, हड्ताल, आतंक फैलाउने र सर्वसाधारण जनतालाई भयभित तुल्याउने ? आज यस्तो परिस्थिति आयो घर (गाउँ) गएर आउन पनि महिनौ लाग्ने भयो । यस्तो स्थितिमा कसरी बाँच्ने ? घरबाट खाद्यान्न ल्याएर जीविका चलाउने हामीजस्ता विद्यार्थीको अवस्था कस्तो होला ? लोकतन्त्र भनेको त्यस्तो शासन रहेछ जसमा आन्दोलन, आतंक, बन्द, हिंसाजस्ता कार्य नभएको दिनै छैन । अपहरण, हत्याजस्ता कार्य गर्न २२ जना निर्दोषले लोकतन्त्र भन्ने शासन ल्याएका रहेछन् । यसमा जो शक्तिमा छ जसको धेरै पावर छ उसको मात्र राज चल्दो रहेछ । गरिब अनि मजदुरी गरेर जीविका चलाउने जनता त भोकभोकै मर्ने दिन आएजस्तो छ ।

लोकतन्त्र भनेको त्यस्तो शासन रहेछ जसमा ठूला नेताहरूको राज चल्दो रहेछ । उनीहरू कुर्सी नपाउँदा सर्वसाधारण जनतालाई तातो गोली ख्वाउने र उनीहरूलाई आगोमा धकेल्ने अनि सत्ता आफ्नो हातमा परेपछि तिनीहरूलाई नै सजिलै बाँच्न पनि नदिने । नेताहरू देशको सेवा गर्छु भन्छन् तर यो उनीहरूको नाटक मात्र हो । उनीहरू कुसी पाउन लुछाचुँडी गर्दैमा समय बिताउँछन् अनि कहिले देशको विकास गर्छन् ? एउटा आउँछ त्यही कुर्सी, अर्को आउँछ त्यही कुर्सी । यो कुर्सीलाई हटाउने कुनै उपाय छैन ? कुर्सी नै नभए देशको विकास हुन्थ्यो कि ? यस्ता नेतालाई कसले कारबाही गर्ने लोकतन्त्रले कि गनतन्त्रले ?

– **प्रकाश घिमिरे, काठमाडौं**

### भक्तपुरबाट हराएका मूर्ति धुलिखेलको होटलमा

नेपालकै सबैभन्दा ठूलो शिवलिङ्ग रहेको हनुमानघाटबाट १० वटा प्रस्तर मूर्ति हराइसकेका छन् । तीमध्ये पाँचवटा गएको जेठ महिनामा चोरी भएका हुन् । त्यतिबेला तीनमुखी सरस्वती, तीनमुखी विष्णु, तीनमुखी भैरव, तीनमुखी गणेश र तीनमुखी नारायणका मूर्ति चोरी भएका थिए । पाँचवटा मूर्ति पहिले नै चोरी भैसकेका थिए । चोरिएका मूर्तिहरू धुलिखेलमा होटल सञ्चालन गर्दै आएका एक व्यक्तिसँग भएको उनकै एक कर्मचारी बताउँछन् ।

उच्च पदाधिकारीहरूसँग साँठगाँठका कारण ती मूर्तिको यथार्थ सार्वजनिक हुन सकेको छैन । भक्तपुरका यस्ता थुप्रै कलाकृति बेवारिसे एवं असुरक्षित छन् । सम्बन्धित निकायले यिनको संरक्षण नगरे बाँकी मूर्तिहरू पनि तस्करहरूको पञ्जामा पर्नेछन् । पुरातात्त्विक वस्तु देखाएर पर्यटकसँग करोडौं रुपैयाँ असुल्दै आएको भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा ध्यान नदिनु लज्जाको विषय भएको छ ।

**रविन राचलिका, हरित समूह, भक्तपुर**

## तीतो सत्य

- त्यसलाई प्रेम गर जसले तिम्रो दुःखमा सहयोगी हात अर्पण गरेको थियो ।
- शारीरिक सुन्दरतामा रमाउने मानिस ऐनामै हराउँछ ।
- प्रेमको गहिराइ देखेर थाहा पाइँदैन, त्यसमा डुबेपछि मात्र थाहा पाइन्छ ।

**अनिता भण्डारी, गल्याङ**

- मानिसले मानिसलाई कमजोर देख्यो भने उसले नगरेका दोष पनि ऊमाथि थुपार्छ ।
- कुनै पनि घटनाको सत्य पत्ता नलागुन्जेलसम्म धेरैजनालाई शंका गरिन्छ ।

**पद्मा सिटौला**

- कल्पनाको सागरभन्दा भावनाको पोखरी गहिरो हुन्छ ।
- पुरुषको सयौं शब्दको बधाइभन्दा स्त्रीको एक मुस्कान हजार गुणा शक्तिशाली हुन्छ ।

**गंगाराम अधिकारी, शनिश्चरे**

- न्यायमा सत्यको भन्दा पनि प्रमाणको जित हुन्छ ।

**मीन थापा**

- कहिलेकाहीँ गल्ती नगरे पनि मानिस परिबन्दमा परी दोषी सावित हुन्छ ।
- अभाव, असफलता र समस्याले नयाँ कुरा सिर्जना गर्छ ।
- प्रेम र सकारात्मक सोचाई नै समाज परिवर्तनको प्रमुख बाटो हो ।
- झूठ र शारीरिक सुन्दरता क्षणिक हुन्छ ।

**समीर भण्डारी, स्याङ्जा**

- दुःख साथी बनेर आउँछ । दुःखसँग मित्रभाव राख्दै जीवनलाई अघि बढाउन सक्नुपर्छ ।

**आनन्द खड्का, काठमाडौं**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## नीति नियम

यदि साक्षी बस्नेहरूले बोलेको आपसमा फरक परे तीनमा जुनचाहिँ विश्वासयोग्य पवित्र व्यक्ति छ त्यसलाई आधार मानेर विवादको टुंगो लगाउनुपर्छ वा कुनै अर्को मध्यस्थ राखेर निर्णय गर्नुपर्छ । यदि ऋण दिने व्यक्तिले बढी धन दावी गरे र साक्षीहरूले कम रकमको साक्षी बयान दिएको खण्डमा बढी बताएको रकमको पाँचौं भाग राज्यकोषमा जम्मा गराउनुपर्छ । यदि साक्षीद्वारा बढी धन प्रमाणित गर्छन् भने पनि त्यस बढी धनलाई सरकारी कोषमा दाखिला गराउनुपर्छ ।

धरौटीमा गहना आदिलाई पनि स्वीकार गरिन्छ । धरौटी राखेको गरगहनाको कसैले नाश, बिगार वा बिक्री गर्छ भने त्यसलाई पनि दण्ड–जरिवाना गर्नुपर्छ । धरौटी राखेको वस्तुलाई व्यापारमा पनि लगाउन सकिन्छ, त्यसबाट ब्याज पनि लिन सकिन्छ तर गहनाहरू बिगार्न एवं परिवर्तन गर्न भने सकिँदैन ।

जब ब्याजसहित रकम चुक्ता हुन्छ तब धरौटीबापत राखिएका गरगहनाहरू फिर्ता गरिदिनुपर्छ । जसले धरौटी राखेका गरगहना शुद्ध रूपमा जस्ताको तस्तै फिर्ता गर्दैन उसले क्षतिपूर्ति दिनुपर्छ । गहना जाँचकीको आदेशबेगर व्यापार गर्नेलाई गहनाबाट कमाएको ब्याज समेत लिन पाइँदैन ।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

## फेसनमा बबिता



आईईसीको नाम लिँदा राजधानीमा शैलजा अधिकारीको नाम आउँछ भने आईईसी पोखरामा बबिता अधिकारीको नाम लिइन्छ । २९ वर्षीया अधिकारी भन्छिन्- 'नामले चिनिन पाउँदा खुसी लाग्दो रहेछ ।' उनी फेसन डिजाइनर त भइन् नै, संस्थाकी सञ्चालिका पनि हुन् । बबितालाई साथ दिइरहेकी छिन्– सरस्वती गुरुङले । फेसनको कक्षा लिनेदेखि संस्थाको व्यवस्थापनको जिम्मेवारी बहन गर्न उनलाई भ्याई-नभ्याई छ । बबिताले समय-सयममा विभिन्न संस्थामार्फत फेसनसँग सम्बन्धित कार्यक्रमहरू पनि गरेकी छिन् ।

फेसन पढेर के फाइदा भनेर उनलाई हतोत्साहित बनाउने काम पनि भयो, तर उनी डटेर यही क्षेत्रमा लागिन् । एक वर्षको फेसन डिजाइनिङ कोर्स गरेकी बबिताले राजधानीमा पनि कैयौं पटक फेसन डिजाइनिङसम्बन्धी प्रशिक्षण लिइसकेकी छिन् । अझै पनि समाजले फेसनको महत्त्व नबुझेकोमा उनलाई चिन्ता छ, बबिता भन्दै थिइन्- 'फेसनका बारेमा बुझाउँदा-बुझाउँदा अझै पनि हैरानी हुन्छ ।' फेसनका बारेमा चेतनासमेत प्रवाह गर्दै हिँडेकी बबिता फेसनक्षेत्रमै आफ्नो जीवन खर्च गर्ने सोचाइमा छिन् । फेसनको थप अध्ययनका लागि विदेश जाने सोच बनाएकी बबिताले यो क्षेत्रले दामभन्दा पनि नाम दिएकोमा सन्तुष्टि मिलेको बताइन् ।

## लजालु बीना

मोडलिङमा लाग्दा धेरैले निको मान्दैनन्, तर अरूको भनाइसँग बेसीसहर लमजुङकी १८ वर्षीया बीना गुरुङ कुनै सरोकार राख्दिनन् । उनले बुझेकी छिन्– यो संकुचित विचार राख्नेहरूले भन्ने कुरा मात्र हो । बरु समयसँगै मोडलिङको तीव्रतर विकास देखेर उनी दंग छिन् । रेडियो प्रस्तोता तालिम लिने क्रममा साइबर लमजुङकी मोहिनी गुरुङको हौसलाका कारण उनी मोडलिङको रंगीन संसारमा आइपुगेकी हुन् ।

यद्यपि बीनाले मोडिलिङलाई नै क्यारियर बनाउँछु भनेर सोचेकी छैनन् । मोडलिङ उनको रुचि मात्र हो । कमर्सतर्फ प्लस टुकी छात्रा बीना आफ्नो पहिलो प्राथमिकता अध्ययनलाई दिन्छिन् । अध्ययन भएन भने कुनै पनि क्षेत्रमा दक्षता हासिल गर्न नसकिने बीनाको मान्यता छ । ५ फिट ३ इन्च अग्ली बीना लजालु स्वभावकी छिन् । कुनै नौलो मानिससँग बोल्दा उनलाई अप्ठ्यारो महसुस हुन्छ । मोडलिङमा लाग्न उनलाई सुन्दरतासँगै उनको शारीरक बनौटले पनि साथ दिएको छ । साधारण टिसर्ट तथा जिन्स पाइन्टमा ठाँटिन मन पराउने बीना बदलिँदो फेसन ट्रेन्डसँगै हिँड्न मन पराउँछिन् ।

गीत गाउन, नयाँ ठाउ घुम्न र संगीत सुन्न मन पराउने बीनाको लक्ष्य भने एयर होस्टेज बनेर आकाशमा उड्नु हो । उनको सुन्दरता देखेर भुतुक्कै हुनेहरू पनि धेरै छन्, तर बीनामा रूपको घमन्ड अलिकति पनि छैन । उनी भन्दै थिइन्- 'म त्यति साह्रै राम्री कहाँ हुँ र ? ठिक्कैकी छु नि ।' पहिलो पटक फोटोसेसन गरेकी बीनाका आकर्षक तस्बिर www.cyberlamjung.com मा हेर्न सकिन्छ ।

**–शिव शर्मा**



साइबर गर्ल

## मुखाले

राष्ट्रपतिमा नेकपा (एमाले) ले दावी गर्नु अस्वाभाविक होइन ।

**झलनाथ खनाल**
**महासचिव, नेकपा (एमाले)**

माओवादीको सरकार बनेपछि दरबार हत्याकाण्डको उच्चस्तरीय छानबिन हुन्छ ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

नेपाली सेनामा भर्ना हुन सेनासम्बन्धी न्यूनतम मापदण्ड पूरा गर्नैपर्छ ।

**रुक्माङ्गत कटुवाल, प्रधानसेनापति**

मैले बुझेसम्म माओवादीले संसदीय लोकतन्त्रलाई कहिल्यै स्वीकार गरेको छैन, गर्दैन पनि ।

**नारायणकाजी महर्जन**
**महासचिव, नेकपा (मसाल)**

निजी सम्पत्तिको सुरक्षाका बारेमा माओवादीले ग्यारेन्टी गर्नुपर्छ ।

**कुशकुमार जोशी**
**अध्यक्ष, उद्योग–वाणिज्य महासंघ**

ठूला दलहरूले आफ्नो हैकम बन्द गर्नुपर्छ ।

**महन्थ ठाकुर, अध्यक्ष, तमलोपा**

पार्टीको सेनालाई राष्ट्रिय सेनामा गाभ्न मिल्दैन ।

**भीम रावल, नेता, नेकपा (एमाले)**

म कसैको अघि घुँडा टेकेर पदको याचना गर्ने मान्छे होइन ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

दलविशेषप्रति बफादार सेनालाई राष्ट्रिय सेनामा गाभ्नु हुँदैन ।

**दीप्तप्रकाश शाह, पूर्वसहायकरथी**

रोल्पाजस्तो दुर्गम जिल्लामा पनि विद्युतीय निर्वाचन गराउन सक्षम छौं ।

**भोजराज पोखरेल, प्रमुख निर्वाचनआयुक्त**

## कान्तिपुर समाचार डायरी

### नेपालमा कृष्णसारको संख्या वृद्धि

नेपालमा विश्व प्रकृति संरक्षण कोष आईयूसीएनको रेड डाटाबुकमा परेको दुर्लभ वन्यजन्तु कृष्णसारको संख्या वृद्धि भएको छ । मासु, छाला एवं सिङका लागि चोरीसिकारी गरिएका कारण विगतमा कृष्णसारको संख्या घटेर ९ वटामा झरेको थियो । सदर चिडियाखाना जाउलाखेल तथा बर्दियाको खैरापुरमा मात्र पाइने यो वन्यजन्तुको संख्या सन् २००८ को सुरु सम्ममा १ सय ४१ पुगेको छ ।

### एकाउन्न प्रतिशत महिलासँग दशप्रतिशत भूमि

नेपालको कुल जनसंख्याको ५१ प्रतिशत महिलासँग कुल कृषियोग्य भूमिको १० प्रतिशतमा मात्र स्वामित्व छ । बाँकी ९० प्रतिशत भूमिकाको स्वामित्व पुरुषसँगै छ । भूमिमा स्वामित्वमा रहेका १० प्रतिशत महिलामध्ये प्रायः विधवा र एकल महिला छन । केन्द्रीय तथ्यांक विभागको कृषि सर्वेक्षण प्रतिवेदनका अनुसार कृषिमा संलग्न पुरुष कृषकहरूको तुलनामा महिला कृषक धेरै छन् । अझ महिलाले धानेका घरपरिवारको संख्या पनि निरन्तर बढ्दो छ । प्रतिवेदनका अनुसार विगत आठ वर्षको अवधिमा महिलाले मात्र कृषि उत्पादनमा भाग लिएको कृषिक परिवारको संख्या आठ प्रतिशतले बढेको छ । भूमिको स्वामित्व शुन्य दशमलव ५ हेक्टरभन्दा कम भएका साना कृषकमात्र होइन, त्योभन्दा माथि हुने मझौला एवं ठूला कृषक परिवारको अवस्था पनि उस्तै छ ।

### नेपालमा एचआईभी

नेपालमा एचआईभी/एड्सको संक्रमणको संख्या सन् २००७ को अन्त्यसम्मका अनुमानित ६९ हजार ७ सय ९० पुगेको छ । एचआईभी एड्स केन्द्र लगायतका विभिन्न संघ-संस्थाहरूद्वारा जारी गरिएको अनुसन्धान प्रतिवेदन अनुसार तीमध्ये १४ वर्षमुनिका बालबालिका १ हजार ८ सय ५७, १५ देखि ४९ वर्षसम्मका ६४ हजार ५ सय ८५ र ५० वर्ष माथिका ३ हजार ३ सय ४८ जना छन् । नेपाललाई काठमाडौं उपत्यका, तराई, सुदूरपश्चिम र पहाडी इलाका गरी चार भागमा बाँडेर गरिएको उक्त अनुसन्धानअनुसार एचआईभीको संक्रमण दर सबैभन्दा बढी तराई क्षेत्रमा ४९ प्रतिशत देखिएको छ । त्यसैगरी कुल संक्रमितमध्ये पहाडी क्षेत्रमा १९ प्रतिशत सुदूरपश्चिममा १६ प्रतिशत तथा काठमाडौं उपत्यकामा १६ प्रतिशत छन् । प्रतिवेदनअनुसार ग्रामीण महिलामा २१ प्रतिशत र मौसमअनुरूप कामका लागि बाहिरिने श्रमिकमा ३८ प्रतिशत सङक्रमण पाइएको छ ।

### गाविसभवन पुनर्निर्माण गर्न ६५ करोड लाग्ने

स्थानीय विकास मन्त्रालयले दसवर्षे जनयुद्धका क्रममा ध्वस्त भएका गाउँ विकास समितिका भवन पुनर्निर्माण गर्न ६५ करोड रुपैयाँ खर्च लाग्ने जनाएको छ । मन्त्रालयका अनुसार विस्फोट तथा आगजनीबाट ४४ जिल्लाका १ हजार २ सय १६ गाविसका भवन ध्वस्त भएका थिए । ती भवन पुनर्निर्माणका लागि ६४ करोड ८४ लाख ४२ हजार रुपैयाँ लाग्ने अनुमान छ । स्थानीय निकाय सहयोग शाखाले तयार पारेको पछिल्लो तथ्यांकअनुसार ७४ वटै जिल्लाका अधिकांश गाविसभवनमा क्षति भएको छ । वि.सं. २०६३ जेठ मसान्तसम्म १ हजार८ सय ४४ गाविसभवन क्षति भएका थिए । जसअनुसार भवन र कागजात क्षति हुने गाविसका संख्या ९ सय ५३, फर्निचर र कागजात क्षति हुनेको गाविसको संख्या ५ सय ६० र क्षति विवरण नखुलेको गाविसको संख्या ३ सय ३१ छ । शाखाका अनुसार ३१ जिल्लाको पछिल्लो तथ्यांक प्राप्त हुन बाँकी छ । उपत्यकाका ३ जिल्लाका ६७ गाविसमा आगजनी र विस्फोट गरिएको थियो । तथ्यांकअनुसार १६ गाविस भएको भक्तपुरमा १०, ४१ गाविस भएको ललितपुरमा ३० र ५७ गाविस भएको काठमाडौंमा २७ वटा गाविस भवन पुनर्निर्माण गर्नुपर्नेछ ।

# हङकङ : फेसन, म्युजिक र मस्ती

पृष्ठ १ बाट जारी

आफूलाई फेसन पारखी भन्न रुचाउँछन् । फिटनेस एवं आन्तरिक सुन्दरताका लागि नियमित जिम जाने दत्त बाह्य सुन्दरताका लागि चलनचल्तीमा रहेको फेसनअनुसारको ड्रेसअप गर्छन् । औपचारिक जमघटमा बुटिकका ड्रेस प्रयोग गर्नुका अतिरिक्त अन्य अवस्थामा भने लिभाइज, स्प्रिट र हार्ड्ली ब्रान्डका पहिरन प्रयोग गर्ने दत्तले बताए । ल्यामरस र सेक्सी देखिन कस्तो पहिरन मन पराउँछिन् ? उपासना भन्छिन्– मिनीस्कर्टसँग ब्याकलेस टप अनि स्टाइलिस चप्पल, यदि कुनै औपचारिक कार्यक्रममा जानु छ भने हल्का कर्ली केश अनि हाई हिल जुत्ता प्रयोग गर्छन् ।

हङकङका नेपाली युवायुवतीहरू कत्तिको फेसन कन्सस छन् ? वानचाईस्थित, देशप्रदेश बुटिककी सञ्चालिका माया पुन भन्छिन्- हङकङजस्तो अत्याधुनिक शहरमा बस्ने युवायुवतीहरू यहाँको फेसन र चमकदमकबाट कसरी टाढा रहन सक्छन् ? फेसनको सन्दर्भमा यहाँ बसोबास गर्ने नेपालीहरू पनि स्थानीय र अन्य देशका नागरिकहरू जत्तिकै फेसनेबल छन् । ग्ब्रान्डेड पहिरन महँगो पर्ने हुँदा, तस्बिर देखाई यस्तै पहिरन बनाइदिनुपर्‍यो भन्ने युवायुवतीहरूको भीड लाग्छ बुटिकमा ।

यहाँका धेरैजसो युवायुवतीले युरोपियन फेसनकै अनुकरण गर्ने भए पनि कतिपयले भारतिय कलाकारहरूले चलचित्र तथा सिरियलहरूमा प्रयोग गरेका पहिरन पनि डिमान्ड गर्ने पुन बताउँछिन् ।

जोर्डनस्थित सनसाइन सैलुनकी सञ्चालिका अनिता गुरुङ, आफ्नो सैलुनमा केश सिँगार्न युवा र युवतीहरू प्रशस्तै आउने बताउँछिन् । त्यहाँ पुग्ने युवतीहरू केशलाई भी-सेपमा स्टेप गरी, लाइट पर्मसहित चकलेटी वा गोल्डेन कलर गर्न मन पराउँछन् । युवकहरू भने फेसियलका साथै जिगज्याक कटमा जेल लगाएर ठाडो गर्न र ब्राउन कलर गर्न रुचाउँछन् । केश कस्तो बनाउने भन्ने विषयमा धेरैजसो टिनएजरहरूले युरोपियन र वेर्स्टन शैलीलाई पछ्याउने अनुभव



अनिताको छ । केश बनाउँदा युवतीहरूले रिहाना, एभरिल, मारिया क्यारी, जेनीफर लोपेज, ब्रिटनीका उदाहरण दिन्छन् भने युवाहरू क्रिस ब्रोन, जेम्स ब्लन्ट, ब्राड पिट, अस्टन कुचर र नेलीको अर्डर गर्छन् ।

नेपालमा बसेका वा अध्ययन गरेकाहरूले नेपाली गीत संगीतप्रति रुचि राख्ने भए पनि हङकङमै जन्मि-हुर्किएका टिनएजरहरूमा नेपाली गीत-संगीत र चलचित्रको प्रभाव निकै कम पाइन्छ । हङकङमै जन्मी शिक्षासमेत यहीँ लिइरहेकी २० वर्षीया वसन्ती आफूले वेर्स्टर्न गीतहरू मन पराउने र सुन्ने भए पनि १९७४ ए.डी. ब्यान्डबाट प्रभावित भएको बताइन्, जसले गर्दा नै आफूलाई नेपाली गीत-संगीतप्रति रुचि जागेको पनि उनले गर्वसाथ सुनाइन् ।

आफूलाई चाहिने खर्चका लागि आमाबाबुको भर नपर्ने युवायुवतीहरू फेसनसँगै आ-आफ्नै तरिकाले रमाइलो गर्न पनि अगाडि छन् । शनिबारको दिन बानचाईस्थित ड्रिम्स डिस्कोमा नेपाली युवायुवतीहरूको बाक्लो जमघट देखिन्छ । अंग्रेजी गीतसँगै बीचमै हिन्दी र नेपाली गीतहरू पनि सुनिन्छन् 'मै ठूली भइछु रे, पूर्वै जाने रेल अनि च्याङ्बा हो च्याङ्बा बज्नासाथ एक अर्कालाई च्यापेर बसेका युवायुवतीहरू पनि उफ्रेर डान्स फ्लोर आइपुग्छन् । टिनएजरहरू हातमा बियर र औंलामा चुरोट च्यापी परिचयबेगर एक-अर्काको कम्मर समाई नाच्ने र चुम्बनका दृश्य सामान्य हुन्छन् । वसन्तीले पनि रमाइलोका लागि कहिलेकाहीं डिस्को र काराओके जाने गरेको बताइन् । सुस्मिताले भने विकेन्डमा साथीहरूसँग रेस्टुराँ, मुभी र सपिङ जाने गरेको बताइन् ।

धेरैजसो छुट्टीका दिन ग्रुप बनाई मंकी हिल, ताइमोसन, डिप बाटर विच, सेको बीच, स्ट्यान्ली आदि समुद्री तटमा बार्बिक्यूसहित नाचगान गर्ने नेपाली युवायुवतीहरू पनि ठूलो संख्यामा देखिन्छन् । धेरैजसो आफ्नै कमाइमा रम्ने नेपाली युवायुवतीहरूले यहाँको रंगीन संसार अनि चमकदमकसँगै फेसन, म्युजिक र मस्तीलाई दैनिक जीवनको एउटा पाटो नै बनाएका छन् ।

## दृष्टिविहीनको अन्तर्जातीय विवाह

वीरगन्जको रामेश्वरनाथ तथा रामजानकी मन्दिरमा गत साता दुई दृष्टिविहीनहरूबीच प्रेमविवाह सम्पन्न भयो । सिमरा घर भएका तथा ठाकुरराम क्याम्पस वीरगन्जमा बीएड तेस्रो वर्षमा अध्ययनरत २५ वर्षीय कृष्णप्रसाद तिमल्सेना र रौतहट घर भएकी वीरगन्जमै अध्ययनरत २० वर्षीया मीराकुमारी साह कानुनी विवाह-बन्धनमा बाँधिएका हुन् । पाँच महिनाअघिदेखि चलिरहेको प्रेमलाई उनीहरूले विवाहमा परिणत गरेका हुन् ।

पाँच वर्षअघिदेखि चिनजान भए पनि छ महिनायता आफूहरूको मन मिल्न थालेको बेहुला कृष्णले बताए । पण्डित र यज्ञविनाको उक्त विवाह करिब १५ मिनेटमै सकिएको थियो । कृष्णको तीन वर्षको उमेरमा ज्वरो



बिग्रिएपछि दृष्टि गुमेको हो भने मीराको पनि छ वर्षको उमेरमा कृष्णकै जस्तो कथा दोहोरिएको थियो । दुवैको दृष्टि एउटै शैलीमा गुमेको थाहा भएपछि आफूहरू एक-अर्कालाई बढी माया गर्न थालेको मीराले बताइन् । आफू मधेसी भए पनि पहाडी पुरुषसँग विवाह गर्दा राम्रो सन्देश जाने मीराको कथन छ ।

–शंकर आचार्य

तु आवश्यकता
फ्रान्सको प्रविधिदेखि विगत ६ वर्ष यता चलिआएको र हालसम्म आफ्नो ६ वटा शाखा विस्तार गरिसकेको एक प्रतिष्ठित कम्पनीलाई थप कर्मचारीहरू आवश्यक परेकोले इच्छुक व्यक्तिहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।
पद : सर्वेक्षणकर्ता
संख्या: 10 Gents / 7 Ladies
तलब : 8000 + T.A.
योग्यता: TEST / SLC or above
2173221 Satdobato
नोटः यस संस्थाले स्वरोजगार कार्यक्रम लिएर अघि बढेकोले साधारण लेखपढ भएका इच्छुक व्यक्तिहरूले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

प्राईभेट Test/SLC मा
निःशुल्क तथा अन्तिम भर्ना
नोटः असार ८ गतेसम्म मात्र
कक्षा ८/९/१० पास/फेल र SLC फेल भई विविध समस्याले पढ्नबाट बञ्चित विद्यार्थीहरुलाई ध्यानमा राखी विशेष कोचिङ कक्षाहरु संचालन हुँदैछ ।
कोसेट ओपन स्कूल
लाजिम्पाट (प्रहरी बिटसँगै) फोनः २१६०७३६

अब मोटरसाइकल हराउने पालो तपाइको पनि हुन सक्छ सक्दैन र?
American Technology प्रयोग गरिएको Anti theft Bike Security System को लागि सम्पर्क-
LATEST PRODUCT SUPPLIERS
Shankhamul Road, Baneshwor
Phone: 01-2315219, 9841788089
Dharan: 9852047834
[We also deal in school and home security]
Note:- यही असार ६ र ७ गते जोरपाटी गा.वि.स. भवनमा यो प्रविधि जडान गर्ने Camp चल्ने हुँदा मोटरसाइकल धनीहरुले तुरुन्त सम्पर्क गरी आफ्नो मोटरसाइकल सुरक्षित पार्नुहोस् ।

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ विभिन्न किसिमको तालिमका साथै पेन्टिङ, ब्याग, फूल, पुतली बनाउन सिकाईन्छ ।
१. सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. बुनाई ५. प्याचवर्क ६. इम्ब्राइडरी
Beautician Advance Course संचालन भैरहेको छ ।
SLC दिएर बसेका विद्यार्थीहरुको लागि २५% छुट दिइन्छ ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ फोन: ४२३१०३० (खुल्ने समय: विहान ७ बजेदेखि साँझ ५ बजेसम्म ।)
विभिन्न ह्यान्डिक्राफ्ट सम्बन्धि निःशुल्क तालिम दिइन्छ ।

आवश्यकता
दिक्षान्त बचत तथा ऋण सहकारी संस्थाको लागि योग्य अनुभवी
Manager - 7,500/-, Accountant - 6,500/-
Supevisor - 5,500/- + Allowance + O.T.
Receptionist - 4,500/- वार्षिक बोनस सुविधा
कार्यालय समय :
बिहान ५:00 बजेदेखि १७:00 बजे सम्म ।
सम्पर्क कार्यालय :
शेयर मार्केटसँगैको सिद्धी बिनायक कम्प्लेक्स, पुतलीसडक, काठमाडौं
फोन : 4251657, 4423575
मोबाइल नं. 9851039459 (बिजय बिक्रम श्रेष्ठ)
9841-781963, 9841-547884, 9841-816805

जि.शि. कार्यालयबाट अनुमति प्राप्त नेपालकै पुरानो शैक्षिक संस्थामा
PRIVATE TEST/SLC
२०६५ को लागि अन्तिम भर्ना
साथै Computer & Language का कक्षाहरु पनि सञ्चालन भइरहेछन् ।
Harvard Academy
Koteshwor, Kathmandu, Tel: 4601434, 2050153 (कोटेश्वर प्रहरी बीटबाट ३० मी. भित्र)

# आकर्षण उच्च मा.वि.को

**गोपाल दाहाल**

यसपालिको एसएलसी परीक्षा दिएका सुनसरी, इनरुवाका विद्यार्थी केन सुवेदी आफू फस्ट डिभिजनमा उत्तीर्ण हुने कुरामा ढुक्क छन्, यद्यपि उनलाई रिजल्ट आएपछि कहाँ पढ्ने भन्ने कुरामा चिन्ता छ। सुवेदी भन्छन्– 'कुनमा हुन्छ तर प्लस टु नै पढ्छु।' केन अहिलेदेखि नै कुन प्लस टु (उच्च मा.वि.) मा राम्रो पढाइ हुन्छ भनेर सोधखोज गरिरहेका छन्। धरानकी अनु राईको दिनचर्या पनि अहिले उच्च मा.वि.को खोजीमै बित्छ। 'कुन कलेज पढौं भनेर साथीहरूसँग सल्लाह गरिरहेकी छु।' उनले भनिन्।



केन र अनु मात्र होइन, अहिलेका बहुसंख्यक विद्यार्थीको प्रमुख रोजाइ बनेको छ, प्लस टु। निम्नमध्यम एवं मध्यमवर्गीय समाजको बाहुल्य भएको नेपालजस्ता मुलुकमा उच्च मा.वि.को आकर्षण बढ्नु स्वाभाविक पनि हो। उच्च वर्गकाहरू कि त विदेश गएर पढ्छन् कि नेपालकै ए लेभल वा अन्य महँगा क्याम्पस पढ्न सक्छन् तर मध्यम वर्गकाहरूको अवस्थाअनुसार उच्च मा.वि.हरू त्यति धेरै महँगा नहुने हुँदा पनि यसको आकर्षण बढेको पाइन्छ। उच्च माध्यमिक शिक्षा परिषद्को तथ्याङ्कअनुसार अहिले एसएलसी उत्तीर्ण ६० प्रतिशतभन्दा बढी विद्यार्थी उच्च मा.वि.मा भर्ना हुने गरेका छन्।

परिषद्को तथ्याङ्कअनुसार सन् २००१ मा जम्मा उच्च मा.वि. पढ्ने विद्यार्थी संख्या ४९ हजार ९ सय ५० थियो भने सन् २००७ मा आइपुग्दा विद्यार्थीको संख्या ३ लाख ५८ हजार ८ सय ८८ पुगिसकेको छ। परिषद्का उपाध्यक्ष प्रा.डा.उपेन्द्रकुमार कोइरालाका अनुसार अहिले उच्च शिक्षा पढ्नेहरूको संख्या करिब ४ लाख पुगिसकेको छ। उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या वार्षिक सरदर १५ प्रतिशतले बढिरहेको छ। कोइराला भन्छन्– 'उच्च मा.वि.का कक्षामा विद्यार्थीको चाप छ, एउटै कक्षामा अहिलेको विद्यार्थी संख्याकै हिसाब गर्ने हो भने पनि प्रतिकक्षा औसत ९५ भन्दा बढी विद्यार्थी पढ्नुपर्ने अवस्था छ।'

सरकारी क्याम्पसभन्दा राम्रो तथा विद्यार्थीहरूको मागअनुरूपका, आधुनिक विषयहरू पढाइ हुने र सरकारी क्याम्पस नपुगेका ठाउँहरूमा समेत खुलेका कारण उच्च मा.वि.मा विद्यार्थीको संख्या बढेको पाइन्छ। विद्यार्थीको चापजस्तै उच्च मा.वि.को संख्या पनि बाक्लिने क्रममा छ। परिषद्कै तथ्याङ्कअनुसार सन् २००१ मा नेपालमा जम्मा ७ सय ७५ वटा उच्च मा.वि. थिए भने सन् २००७ मा उच्च मा.वि.को संख्या १ हजार ५ सय ४५ पुगी सकेको छ।

थपिँदै गएका उच्च मा.वि.को संख्याले उच्च शिक्षा लिनेहरूको संख्या पनि बढाएको छ अनि नेपाली श्रमबजारमा धेरै शिक्षित बेरोजगारले रोजगारी पाउने सम्भावना पनि बढेको छ। अर्कातिर उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको बढ्दो संख्याले भविष्यमा शिक्षित नागरिकको वृद्धि हुने र देश विकासमा ठूलो टेवा पुग्ने आशा गर्न सकिन्छ।

**अस्तव्यस्तता**

विद्यार्थी एवं उच्च मा.वि.को संख्या बढ्दै गए पनि कमजोर सरकारी नीति तथा व्यवस्थापनका कारण उच्च शिक्षा अस्तव्यस्त रूपमै चलिरहेको छ। उच्च शिक्षाका लागि अहिलेसम्म परिषद्को न पाठ्यक्रम छ, न त शिक्षकहरू नै। परिषद्सँग प्रशस्त भएको एउटै मात्र कुरा हो- विद्यार्थी।

नेपालको उच्च शिक्षामा ४ लाखको हाराहारीमा विद्यार्थीसंख्या भएको कुरा गर्वसाथ बताउने उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्ष प्रा. डा. उपेन्द्रकुमार कोइरालाको उच्च शिक्षाको अस्तव्यस्ततासम्बन्धी प्रश्नमा जवाफ थियो- 'परिषद्का शिक्षक, विद्यालय र पाठ्यक्रम छैनन्, हामी त्यसकै तयारीमा जुटेका छौं।' १५ वर्षअघिदेखि उच्च माध्यमिक शिक्षा लागू गरेको परिषद्ले यस्तो रेडिमेड जवाफ दिन थालेको नौ वर्ष भैसक्यो समस्या भने ज्यूँका त्यूँ छ।

कक्षा ११ मा ५४ र १२ मा ५४ गरी जम्मा १ सय ८ वटा विषयका पाठ्यक्रम पढाइ हुने उच्च माध्यमिक विद्यालयमा पाठ्यक्रमका नाममा अहिलेसम्म विभिन्न लेखकले लेखेका पुस्तक पढाइ हुन्छन्, भने विद्यार्थी पढ्ने कक्षा कोठा र कार्यालय पनि उच्च मा.वि.का लागि सम्बन्धन पाएका विद्यालय भवनहरू नै हुन्। उच्च मा.वि.हरूले विद्यार्थीहरूबाट लिने शुल्कमा पनि समानता छैन। न त एउटा शिक्षकले कति विद्यार्थी पढाउने भन्ने मापदण्ड नै छ। उपाध्यक्ष कोइराला भन्छन्- पाठ्यक्रम तयार हुँदैछ। चार वर्षभित्र आफ्नै पूरै पाठ्यक्रम तयार गर्छौं। हामीसँग पाठ्यक्रमको पूर्वाधार छ। अरू कुरा पनि क्रमश तयार हुँदैछन्।'

उच्च शिक्षामा सरकारी लगानी पनि टीठलाग्दो छ। सरकारले उच्च मा.वि. तहका विद्यार्थीमा प्रा.वि.का विद्यार्थीमा भन्दा पनि थोरै लगानी गर्ने गरेको छ। सरकारले प्रतिविद्यार्थी प्रा.वि.मा ३ हजार १ सय ६५ रुपैयाँ, नि.मा.वि.मा ४ हजार ५ सय ६८ रुपैयाँ तथा मा.वि.मा ४ हजार ६ सय १६ रुपौयाँ लगानी गरेको छ। यही हिसाबले भन्ने हो भने उच्च शिक्षा पढ्ने प्रतिविद्यार्थीमा सरकारले अझ बढी लगानी गर्नुपर्ने हो तर अहिलेसम्म उच्च मा.वि. तहमा प्रतिविद्यार्थी २ सय ६४ मात्र लगानी गरेको तथ्याङ्कले देखाउँछ। सरकारले शिक्षामा किन यस्तो भेदभाव गरिएको हो यसको जवाफ उपकुलपति कोइरालासँग पनि छैन।

उच्च शिक्षाको अवस्था बुझ्न २०५५सालमा गठन भएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले उच्च शिक्षाका लागि सरकारले कूल बजेटको ४ प्रतिशत लगानी गर्नुपर्ने सुझाव दिएको थियो, तर परिषद्कै उपाध्यक्ष कोइराला भन्छन्- तर सरकारले बजेटको शून्य दशमलव ५६ प्रतिशत भन्दा बढी लगानी गरेको छैन।'

**समस्यै समस्या**

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक कार्यक्रम व्यवस्थित स्थानान्तरण गर्ने तथा मध्यस्तरीय जनशक्ति उत्पादन गर्ने जस्ता उद्देश्यले २०४६मा उच्च मा.वि. शिक्षा ऐन तयार गरियो। यही ऐनमार्फत उच्च मा.वि. शिक्षा परिषद् गठन भयो। त्यसकै आधारमा शैक्षिक वर्ष २०४९/०५० मा ३८ वटा विद्यालयमा सम्बन्धन दिएर नेपालमा सुरु भयो, उच्च मा.वि. तह (१० जोड २) को सञ्चालन।

आफ्नो पाठ्यक्रम, भवन, शिक्षकजस्ता महत्त्वपूर्ण पूर्वाधार विना नै सञ्चालन सुरु गरिएको उच्च शिक्षाका लागि गुणस्तरीय शिक्षकको त कुरै आएन। त्यसकारण अहिले उच्च मा.वि.मा पढाउने शिक्षकहरूको कुनै टेस्ट (योग्यता परीक्षा) हुँदैन र प्रा.वि., मा.वि.मा जस्तो (अनुमतिपत्र) लाइसेन्सको व्यवस्था पनि छैन। अहिले उच्च मा.वि.हरूमा मा.वि. शिक्षकहरूले नै पढाउँछन्। १५ वर्षमा बल्लबल्ल 'पाठ्यक्रमको पूर्वाधार तयार छ' भनेर जवाफ दिने र विद्यार्थीलाई पठन-पाठनको उपयुक्त वातावरण छ कि छैन भन्ने बुझ्न अनुगमन समिति गठन गरेको बताउने परिषद्ले शिक्षक योग्यता परीक्षालाई त प्राथमिकतामा राख्ने कुरै भएन। परिषद्कै सदस्य-सचिव रामबहादुर खड्का भने शिक्षक योग्यता परीक्षाको तयारीका लागि पनि परिषद्ले सोच बनाएको बताउँछन्।

१२ वर्षमा खोलो पनि फर्कन्छ भन्ने उखान छ तर उच्च माध्यमिक शिक्षामा यो उखान पनि लागू भएन। पठन-पाठन सुरु भएको १५ वर्ष पुगिसक्दा पनि अहिलेसम्म परिषद्बाट स्थापित एउटै पनि उच्च मा.वि. छैन। विश्वविद्यालयहरूमा पढाउने शिक्षकलाई प्राध्यापक भनिन्छ, तर उच्च मा.वि.मा पढाउनेलाई के भन्ने? योपनि अन्यौल छ। विज्ञहरूकै भनाइमा उच्च माध्यमिक शिक्षामा वैज्ञानिकीकरण समेत छैन।

अहिले उच्च मा.वि.मा अध्यापन गराउने शिक्षकको संख्या बीस हजार पुगिसकेको छ भने अन्य कर्मचारी ५ हजार छन्। उच्च मा.वि.का लागि सरकारले २ जना शिक्षकको तलब अनुदानका रूपमा दिँदै आएको थियो, तर यही वर्षदेखि त्यो व्यवस्था पनि हटायो। सदस्य-सचिव खड्का भन्छन्– 'उच्च मा.वि.का शिक्षकहरू साँच्चै ठगिएका छन्। सरकारले १० जना शिक्षक चाहिने उच्च मा.वि.मा दुई जनाका लागि मात्र अनुदान दिन्थ्यो, अहिले त त्यो पनि हटायो।'

'१५ वर्षदेखि केही पाइएला कि भनेर धैर्य गरिरहेका छौं।' नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियनका अध्यक्ष डिल्ली सिग्देल भन्छन्- 'सरकारले चैं हाम्रो धैर्यतालाई कमजोरी मान्दै आएको छ।' सामुदायिक उच्च माध्यमिक विद्यालयका शिक्षकहरूको संगठन नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियनको गत पुस ६ गते हेटौंडामा भएको दोस्रो केन्द्रीय बैठकले उच्च मा.वि.का शिक्षक कर्मचारीको नियुक्ति गर्नुपर्ने, सेवा-सुविधा स्पष्ट हुने गरी ऐन संशोधन गर्नुपर्ने, उच्च मा.वि.लाई स्थायी सम्बन्धन प्रदान गरी प्रति उच्च मा.वि.को प्रतिसमूह पाँच जना उपप्राध्यापकको दरबन्दी दिइनुपर्ने, शिक्षासम्बन्धी ऐन सुधार गरिनुपर्ने, कट्टा गरिएको तलब दिइनुपर्ने सहित सात बुँदे माग राखी आन्दोलन गरिरहेको छ। 'परिषद् हाम्रा शिक्षकै छैनन्, विद्यालय नै छैनन्, भनेर समस्याबाट पन्छिन खोजिरहेको छ।' सिग्देल भन्छन् 'समस्याको कुरा गर्दा हामी तयारी गर्दै छौं भन्छन् तर नौ वर्ष भैसक्यो यसो भनेर टारेको अनि कसरी हाम्रो मन बुझ्छ?'

उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्ष कोइराला सरकारले उच्च माध्यमिक शिक्षा परिषद्को स्वायत्तता स्वीकार गर्न नमानेका कारण यस्तो बेहाल भएको बताउँछन्। कोइराला भन्छन्- 'उच्च शिक्षाको विकास चाहने हो भने सरकारले स्वयत्तता प्रदान गर्नुपर्छ, प्राज्ञिक नेतृत्वबाट सञ्चालन गर्नुपर्छ र केन्द्रीय तथा जिल्ला कोषको अवधारणा ल्याउनुपर्छ।'

**विदेशमा पनि स्वायत्तता**

छिमेकी मुलुक भारतमा उच्च शिक्षा बोर्डलाई पूर्ण स्वायत्तता छ। बोर्डले राष्ट्रिय पाठ्यक्रमको संरचनाको अधीनमा रहेर आफैं पाठ्क्रम बनाउने र स्वीकृत गर्ने प्रावधान छ। कक्षा ११ र १२ सञ्चालन स्वीकृतिका लागि पनि अलग-अलग व्यवस्था छ। यसमध्ये केही केन्द्रीय र केही क्षेत्रीय बोर्डले आफैं सम्बन्धन प्राप्त गर्छन्। भारतमा स्वीकृत सामुदायिक उच्च मा.वि.का शिक्षकको तलब सरकारले नै प्रदान गर्छ। उत्तीर्ण प्रतिशतका आधारमा उच्च मा.वि.को वर्गीकरण पनि गरिन्छ।

कक्षा ११, १२ र १३ लाई विद्यालय शिक्षाकै रूपमा लिएको श्रीलंकामा पनि यी कक्षा सञ्चालनका लागि अलग्गै स्वायत्त बोर्ड छ। पाठ्यक्रम र शिक्षकको तलब व्यस्था भारतको जस्तै छ। बंगलादेशमा पनि ९ देखि १२ कक्षाको पठनपाठन र परीक्षा सञ्चालन स्वायत्त बोर्ड अफ इन्टरमिडिएट र सेकेन्डरी एजुकेसनले गर्छ। पाकिस्तानमा पनि ११ र १२ कक्षालाई स्वायत्त संस्था हाइयर एजुकेसन कमिसनले हेर्छ। सिंगापुरजस्तो विकसित देशमा पनि विद्यालय शिक्षाको पाठ्यक्रम पनि स्वायत्तबोर्डले नै तयार गर्छ। उच्च मा.वि. तहमा (हाइयर सेकेन्डरी एजुकेसन) ११, १२ र १३ कक्षा रहेको सिंगापुरमा यी कक्षाका कार्यक्रमहरू 'पोलिटेक्निक्स/हाईगर सेकेन्डरी एजुकेसन ईन्स्टिच्युट फर जुनियर कलेज'ले सञ्चालन गर्छ।

उपाध्यक्ष कोइराला नेपालमा पनि उच्च शिक्षालाई स्वायत्त एवं स्वतन्त्र गरी सक्षम बनाउनुपर्ने धारणा व्यक्त गर्छन्। कोइरालाको सुझाव छ– 'राज्यको पुनर्संरचनापछि क्षेत्रीय बोर्डहरूको स्थापना गरी केन्द्रीय बोर्डको भूमिका चैं उच्च माध्यमिक शिक्षा परिषद्ले निर्वाह गर्नुपर्छ।'

उद्घोषणा
4 years excelence
विगत ४ वर्षदेखि निरन्तर संचार माध्यममा फरक पहिचानकासाथ RJ/VJ,Stage पत्रकारिता/व्यक्तित्व विकास /रेडियो प्राविधिक विषयमा तालिम
प्रशिक्षकहरु:
RJ कुसुम बज्राचार्य
RJ रिता लिम्बु
RJ शिरोमणी दवाडी
VJ नरेश / महिमा
RJ राज श्रेष्ठ
RJ बिनोद खड्का
RJ दिनेश दुलाल
RJ उज्वल/ रेमोन
RJ केशव
साथमा अन्य RJ/VJ हरु
Exam दिएर बसेकालाई रु. १०००/- छुट, आफ्नै Digital Studio मा प्राक्टिकल, keeps fm मा बोल्ने ग्यारेन्टी मिल्दोजुल्दो नामसँग नझुक्किनुहोला
रेडियोमै बोल्ने हो भने आउनुहोस् हामि ग्यारेन्टी दिन्छौं
beststudent लाई ad मा voice over गर्ने सुवर्ण अवसर
Artist Promoters Center
AXIS Media & Ent. (P) Ltd
Bagbazar, Near buddha stupa
Ph:- 2331656

विगत वर्षहरुमा १००% विद्यार्थीहरु Pass गराउन सफल
निःशुल्क भर्ना
प्राइभेट TEST/SLC
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरूका लागि धमाधम भर्ना लिइँदैछ। सिट सीमित छ।
(English and Nepali both medium)
Bright Future Institute
मो:९८५१००२८०४
फोन:४४६३०७३
चावहिल

होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।-
▶ कुक १ १/२ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
होटल म्यानेजमेण्ट पढ्न चाहने र +२ दिएकाहरुलाई विशेष छुट
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२.तालिमपछि दुबई,बहराईन,कतार पठाउने
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

# पैसामा बिकेको शिक्षा

**आशिष लुइँटेल**

**बोर्डिङमा पढाउन पैसा छैन, सरकारीमा पढाइ छैन**

बालुवा चाल्न व्यस्त कुमारी तामाङले छेउमा आएको आफ्नो छोरातिर देखाउँदै भनिन्– 'के गर्नु भाइ आफूले पनि पढ्न पाइएन, यो छोरालाई चाहिँ पढाऊँ भनेको यी यतिखेर (बिहानको ११ बजे) पढाइ भएन भनेर मै भएको ठाउँमा दौडेर आउँछ । छोराको टाउको मुसार्दै उनले थपिन्– 'सरहरू पनि कस्ता कहिल्यै स्कुल नआउने ?' कपनमा डेरा गरी बस्ने तामाङलाई घरबेटीका छोरालाई स्कुल बसले घरबाटै बिहानै लगिदिने अनि साँझ घरमै ल्याइदिने हुँदा आफ्नो छोरालाई पनि त्यस्तै गराउन मन लाग्छ । 'तर' टाउकोमा रुमाल कस्दै उनले भनिन्– 'के गर्नु ! खान त धौ-धौ छ ।'

गरिबीको रापले डामेका धेरै नेपालीको प्रतिनिधित्व कुमारीले गरेकी छिन् । इच्छा हुँदाहुँदै पैसाकै कारणले पढाउन तथा पढ्न नपाउनुले राज्यहीनताको बोध गराउँछ, जुन नेपालीको बिडम्बना हो ।


कतिपय सरकारी स्कुलका शिक्षकहरू स्कुललाई पैसा कमाउने भाँडो बनाउन उद्दत देखिन्छन् । कक्षामा विद्यार्थीहरूलाई आफैंसँग ट्युसन पढ्न उत्प्रेरित गर्छन् । एउटा निजीस्तरमा स्कुल खोलेर पूर्ण ध्यान त्यतैतिर केन्द्रित गर्ने र नियुक्ति लिएको सरकारी स्कुलमा 'लटरपटर' गरेर काम चोर्ने गरेको पनि भेटिन्छ तर सबै यस्तै छन् भन्न मिल्दैन । अर्कातिर सरकारी शिक्षण संस्थामा दिइने तलव सुविधा निजी क्षेत्रको भन्दा 'ज्यादै कम' भएकै कारण अधिकांश शिक्षकहरू कुनै एउटा सरकारी शिक्षण संस्थाको नियुक्ति लिएर अरू नै निजी क्षेत्रका शिक्षालयमा 'पार्टटाइम' भन्दै पढाउन गएका कयौं उदाहरण छन् । सरकारी नियुक्ति पाएकाहरू नियुक्ति लिएको ठाउँमा 'पार्टटाइम' अनि निजी शिक्षण संस्थामा चैं 'फुल टाइम' काम गर्नु सरकारी शिक्षा क्षेत्रको बिडम्बना नै हो ।

'भौतिक सुविधा' को कमी, प्राविधिक जनशक्तिमा नैराश्यता, निजी स्वामित्वका शिक्षण संस्थामा परीक्षा परिणाम आदि थुप्रै कारणले सरकारी शिक्षण संस्थाहरू धराशायी हुने दिशातर्फ उन्मुख छन् ।

**सबैका लागि शिक्षा नारामै सीमित**

वैज्ञानिक युगअनुसारको समयसापेक्ष पाठ्यक्रम बनाउँदै दक्ष जनशक्ति उत्पादनमा खेल्नुपर्ने मुख्य भूमिकामा जिम्मेवार पक्ष मौन छ । सरकारी शिक्षालयमा पढेर 'बुर्जुवा ज्ञान' आर्जन गर्नुभन्दा घरमै बस्नु बेस भन्नेहरूको जमात पनि बढ्न थालेको बताइन्छ, यसले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने सरकारी नारा केवल नारामै सीमित हुने देखिन्छ । सरकारी लगानी भएका शिक्षालयमा आवश्यक वैज्ञानिक, समयसापेक्ष ज्ञान आर्जन गर्न नपाइने हुँदा निजी क्षेत्रमा एकातिर अस्वस्थ प्रतिस्पर्धा बढेको देखिन्छ भने शुल्क तिर्न नसक्ने एउटा ठूलो जमात 'बेकामे' हुनुपरिरहेको यथार्थ अर्कातिर छ ।

दिन प्रतिदिन सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित शिक्षालयबीच अध्यापनको गुणस्तरदेखि भौतिक सुविधासम्ममा बढ्दै गएको खाडलले देशमा दुई दर्जाका जनशक्ति उत्पादन भैरहेका छन् । एउटै मुलुकमा दुई दर्जाको शैक्षिक जनशक्ति उत्पादन गराउने शिक्षा प्रणालीले शैक्षिक अन्तर्द्वन्द्व निम्त्याउँछ । पैसा हुनेले वैज्ञानिक, समयसापेक्ष, रोजगार मूलक, सीपमूलक ज्ञान आर्जन गर्न पाउने पैसा नहुनेले नपाउने भन्ने छाप आमजनतामा पर्न थालिसकेको छ । यसको अन्त्यका लागि सरकारी शिक्षण संस्थामा सुधारका साथ सीपमूलक, रोजगारमूलक एवं वैज्ञानिक शिक्षा पद्धतिलाई जोड दिइनु आवश्यक छ ।




कतिपय अवस्थामा सरकारले लगानी गरेको बजेटको 'दुरुपयोग' भएर पनि शिक्षा क्षेत्रको स्थिति खतरामा परेको पाइन्छ । जस्तै महिला, पिछडिएका गरिब विद्यार्थीका लागि छुट्याइने छात्रवृत्तिको कोटामा धनी पहुँचवालाहरूकै हालिमुहाली रहन्छ । पछिल्लो उदाहरणका लागि गत वर्ष मात्र बंगलादेश सरकारले नेपालबाट जेहेन्दार विद्यार्थीका लागि भनेर छुट्याएको छात्रवृत्तिका लागि लिइएको परीक्षामा उत्तीर्ण हुनेहरूलाई पन्छाएर अनुत्तीर्ण भएका मन्त्री, सांसद र सचिवका छोराछोरीलाई पठाउने दुष्प्रयास भयो । बाहिर देखिएको यस्तो घटना त प्रतिनिधि घटना मात्र हुन् यस्ता अनियमितता त कति छन् कति ? यस्ता अनियमितता अनि लगानी गरेको बजेटको दुरुपयोग रोक्न सरकारले विशेष ध्यान दिनु आवश्यक भैसकेको छ ।

**निजी स्कुलको मनपरी**

विद्यार्थीलाई ठूल्ठूला प्रलोभन देखाउने र जसरी पनि अफ्नो स्कुलमा तान्ने थुप्रै उदाहरण भेटिन्छन् । विडम्बना के छ भने शिक्षाजस्तो संवेदनशील र नैसर्गिक अधिकारको कुरालाई व्यापारिक प्रयोजनका रूपमा दिन प्रतिदिन विस्तार गर्ने 'शैक्षिक अपराधी' लाई सरकारले आजसम्म न त कुनै जरिवाना नै लिएको छ न त कारबाही नै गरेको छ, यस्तो छुट किन ? शिक्षालाई 'खुद्रा व्यापार' बनाइँदा पूरै राष्ट्र र जनताको भविष्य अन्धकारमय बन्ने कटु सत्यतामा सम्बन्धित पक्षबाट बुझपचाउने व्यवहार देखिनुको रहस्य बुझ्न सकिँदैन ।

खसी किन्न जाने ग्राहक र खसीधनीबीच बार्गेनिङ भएजस्तै विद्यार्थी भर्ना गराउन जाने अभिभावक र स्कुल प्रशासनबीच बार्गेनिङ हुनु शिक्षा क्षेत्रका लागि सबैभन्दा खतरा हो । यस्तो विकृति भित्रिए निश्चय पनि प्रतिभाशाली विद्यार्थी राम्रो ठाउँमा प्रवेश गर्न नसकिने दुःखद अवस्था एकातिर देखिनेछ भने अर्कातिर शिक्षा क्षेत्र पनि ट्र्याकबाहिर जान सक्छ ।

**सरकारी उदासीनता**

सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी बालुवामा पानी खन्याएसरह भएको छ । यसले गर्दा दिन प्रतिदिन सरकारी स्कुलमा पढाइ खस्किँदै गएको छ भने निजी स्कुलहरूमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ । यस्तो विकृति झाँगिँदै जाँदा समेत सम्बन्धित निकायको मौनता कायमै छ । शिक्षा क्षेत्रमा देखिएको व्यापारीकरण एवं अस्वस्थ प्रतिस्पर्धालाई हटाउन शैक्षिक अपराध भित्र्याउनेहरूलाई हदैसम्मको कारबाही गर्न सक्नुपर्छ ।

शिक्षानीति सम्बन्धमा विदेशका उदाहरणहरू लिन सकिन्छ । सरकारी लगानी भएका शिक्षण संस्थामा हासिल गरिने सीपमूलक, रोजगारमूलक एवं वैज्ञानिक शिक्षा लिन त्यहाँ ठूलै प्रतिस्पर्धा हुन्छ, जहाँ निजी शिक्षणसंस्थाहरू हाम्रा 'सरकारी शिक्षण संस्था' को अवस्थामा छन् । सर्वसाधारणको पहुँचबाहिरको शिक्षाप्रणालीले देशमा वर्चस्व कायम गर्दा शैक्षिक क्षेत्र थप अन्यौल र अनिश्चयको बाटोतर्फ धकेलिने पक्का छ ।

*(लुइँटेल काठमाडौं विश्वविद्यालयमा इन्जिनियरिङ गर्दै छन् ।)*















## क्याटवाक माहौल

# शून्य किन?





**रोजिन शाक्य**

एक समय यस्तो पनि थियो, जब राजधानीमा सातैपिच्छे कम्तीमा पनि दुईवटा फेसन-मोडलिङसँग सम्बन्धित कार्यक्रम हुन्थे। ऱ्याम्प गतिविधिका समाचारलाई समेट्न पत्रपत्रिकाका पृष्ठ पनि नपुग जस्तो देखिएको समय पनि हुन्थ्यो। केही समयअघि हेटौंडामा सम्पन्न लिटिल लेडी ट्यालेन्ट सोको समाचारका अतिरिक्त पत्रपत्रिकामा ऱ्याम्प गतिविधिका समाचार नछापिएको पनि सय दिनभन्दा बढी भएको छ, अर्थात् ऱ्याम्प गतिविधिले विश्राम लिएको समयले सय दिन पार गरिसकेको छ। गत पुस महिनामा सम्पन्न ल्याक्मे नेपाल फेसन सप्ताह र सोही महिना सम्पन्न आईईसी डिजाइनर प्रतिस्पर्धापश्चात् उल्लेखनीय ऱ्याम्प गतिविधि सञ्चालन भएका छैनन्। प्रतिस्पर्धात्मक फेसन मोडलिङ गतिविधि पनि नभए बराबर छ। बालबालिकासँग सम्बन्धित प्रतिभा र सुन्दरता मापनका प्रतिस्पर्धात्मक कार्यक्रमहरू पनि फागुन महिनायता सञ्चालन भएका छैनन्। यो वास्तविकतालाई आत्मसात गर्ने हो भने फेसन कार्यक्रममा साँच्चै नै शून्यता छाएको देखिन्छ।

यस्तो शून्यता छाउनुका पछाडि केही प्रत्यक्ष कारण भेटिन्छन् त केही अप्रत्यक्ष। नेपाली क्यालेन्डरअनुसार न्यू-इयर इभ संविधानसभामय भएपछि त्यो समय फेसन-मोडलिङ गतिविधिका लागि समयअनुकूल बनेन तर त्यसपछिका दिनमा पनि ऱ्याम्प गतविधि सञ्चालन गर्ने विभिन्न आयोजक संस्था एवं मोडलिङ एजेन्सीहरू खासै क्रियाशील देखिँदैनन्। नेप्लिज फेसन होमका फुर्वा तेन्जिङ शेर्पाका अनुसार अन्यौलपूर्ण स्थितिले केही हदसम्म असर पारे पनि मूलतः यस्ता कार्यक्रमहरूको आयोजनामा कमी आउनुका पछाडि स्वयं आयोजकहरू नै जिम्मेवार छन्। देखासिकीमा कार्यक्रम हुनु र सहभागीहरूलाई आश्वासनमै अल्झाउने प्रवृत्तिका कारण यस्तो परिस्थिति जन्मिएको उनको कथन छ।

फुर्वाको विचारमा अहिले लगानी गर्ने वातावरण छैन तर विश्वास दिलाएर स्तरीय प्रस्तुति दिन सके प्रायोजक नभेटिने भने होइन। त्यसो नहुँदो हो त आफ्नो आगामी प्रस्तुति वाईवाई मास्टर स्टारका रूपमा प्रस्तुत गर्न तयारी गर्न नसकिने उनको तर्क छ। ग्यालेक्सी मोडलिङ एजेन्सीका धिरज तण्डुकार संविधानसभा निर्वाचन अनि त्यसपछिको राजनैतिक परिस्थितिले गर्दा फेसन कार्यक्रम आयोजना गर्न अन्यौलपूर्ण अवस्था सिर्जना भएको दाबी गर्छन्। यद्यपि उनी हाल आफू केही कार्यक्रमको तयारीमा रहेको बताउँछन्। तन्डुकारका अनुसार ग्यालेक्सी राजधानीमा इन्टर कलेज मोडल हन्ट र बुटवलमा लिटिल प्रिन्स एन्ड प्रिन्सेज प्रतिस्पर्धाको तयारीमा जुटेको छ।

संविधानसभाको निर्वाचनअघि र पछिको वातावरण अनि त्यसपछिको राजनैतिक परिस्थितिमात्रै फेसन सो एवं मोडलिङ कन्टेस्टमा शून्यता छाउनु पछाडिको कारकतत्त्व नभएको धारणा मनोरञ्जन पत्रकारितासित आबद्ध अशोक प्यासी राईको छ। कुनै पनि आयोजना प्रायोजकबिना सफल नहुने र प्रायोजकलाई विश्वास दिलाउन स्तरीय कार्यक्रम आयोजना गर्नुपर्ने र यही कुरा खड्किएकाले आयोजनाहरूले निरन्तरता पाउन गाह्रो भैरहेको उनको विचार छ। सस्तो लोकप्रियता र मुनाफाका दृष्टिबाट मात्र कार्यक्रम आयोजना गर्नाले प्रायोजक, दर्शक र सहभागी सबैलाई यसप्रति मोह कम भएकाले त्यसकै प्रत्यक्ष असर देखिएको अशोक बताउँछन्।

केही वर्षयता फेसन सोको संख्यामा निकै कमी आएको छ। क्याटवाक गतिविधि मूलतः मोडल एवं सौन्दर्य प्रतियोगिता र बालबालिकाको प्रतिभा मापनका प्रतिस्पर्धाले नै अघि बढाएको देखिन्छ। यस्ता प्रतियोगिताहरूको क्रेज पनि बिस्तारै घट्दो छ। यो कुरालाई सानो बाबु-सानो परी कार्यक्रम आयोजनाबाट परिचय बनाएको पनि हाम्रोका जित राघव पनि स्वीकार गर्छन्। अन्यौलपूर्ण वातावरण तथा सुरक्षाको स्थिति सबल नभएकाले कार्यक्रम आयोजना गर्नु आफैमा चुनौती भएको र सहभागिताका लागि अभिभावक वर्ग निर्धक्क हुन नसकिरहेकाले कार्यक्रम सञ्चालन गर्न अहिलेको परिस्थिति परिपक्व नभएको जितको विचार छ। तथापि मिस्टर एन्ड मिस लिटिल नेपाल शीर्षकअन्तर्गतको छनौट कार्यक्रममा आफूहरू क्रियाशील रहेको राघव बताउँछन्। समग्रमा भन्नुपर्दा अर्थशास्त्रको सिद्धान्तअनुसार जसरी कुनै पनि कुरा चरम सफल र सुदृढ विन्दुमा सधैं रहँदैन त्यसरी नै असफल र नराम्रो परिस्थितिमा पनि रहँदैन।

पहिले फेसन कार्यक्रमहरूको ताँती थियो, अहिले त्यसमा कमी आएको छ। चिनी पनि बढी भएको खण्डमा तीतो हुन्छ भनेझैं एकै खालका कार्यक्रमबाट निरसता छाएका कारण विशेषतः प्रतिस्पर्धात्मक फेसन कार्यक्रमहरूले गति लिन सकेका छैनन्। केही हदसम्म वर्तमान अन्यौलपूर्ण परिस्थिति पनि त्यसको एक कारकतत्त्व बनेको देखिन्छ। जसले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मोडल, मोडलिङ एजेन्सी, कोरियोग्राफी, लाइट, साउन्ड, स्टेज आदिसित सम्बन्धित सबैलाई धेरै थोरै असर पारेको देखिन्छ। निरन्तरता, स्तरीयता र उद्देश्यमूलक हुन सके सम्भवतः आयोजनाहरू सञ्चालन गर्न कठिन भए पनि असम्भव नहोला। किनकि सधैं समय अनुकूल हुन्छ भन्ने छैन र आफू अनुकूल समय-परिस्थिति पर्खिनुभन्दा अनुकूल परिस्थिति सिर्जना गरेर अघि बढ्नु बुद्धिमानी हुन्छ। किनकि सफलता हात पार्ने उपाय नै चुनौतीहरू सामना गरेर हो।





## जीवनरेखाको खिचडी



रेखा थापाको घर विराटनगरनजिकैको एउटा गाउँ। उनको घरभन्दा केही पर पर्छ नायक जीवन लुइँटेलको घर। यसको अर्थ उनीहरूबीच पुरानै चिनाजानी छ। त्यसमाथि विराटनगरमा मोडलिङ गर्ने क्रममा दुवै सँगसँगै थिए। यो भयो उबेलाको कुरा, अब यो बेलाको कुरा गरौं। रेखा अहिलेकी सुपरहिट नायिका हुन् भने मिस्टर नेपाल भए पनि अहिले आएर जीवन लुइँटेल एकपछि अर्को चलचित्रमा नायक भैरहेका छन्। चलचित्र 'नसिब'मा रेखा जीवनकी जोडी भएर अभिनय गर्दैछिन्। त्यही चलचित्रको छायाङ्कनका क्रममा देखियो– रेखा जीवनसँग केही बढी नै घुलमिल भैरहेकी छिन्। खाना सँगै खाने, एकछिन फुर्सद भयो कि भ्यानमा बसेर रमाइलो कुराकानी गर्ने दृश्य चलचित्र युनिटका लागि नौलो लागेन। एक दिन भैंसीपाटीको सडकमा छायाङ्कन भैरहदाँ जीवनले एउटा पोलेको मकै किने र बीचमा प्याट्ट भाँचे। रेखाले त्यो दिन व्रत लिने गरेको जीवनलाई थाहा रहेछ। उनले रेखालाई मकै दिँदै भने- 'व्रत भनेर भोकै बस्नु हुन्न। मकै त खान भैहाल्छ नि।' रेखाले पनि जीवनको आग्रह टार्न सकिनन् र मकै खाइन्। परबाट त्यहाँ कुनै खिचडी पाकिरहेको जस्तो लागेर हेरिरहेका निर्देशक विकास आचार्य खुसुक्क आफ्ना सहायक सुमन शाहीसँग भन्दै थिए- 'यो चलचित्रको नाम फेरेर 'जीवनरेखा' पो राख्नुपर्छ कि क्याहो ?'

## रेखाले हिम्मत लुकाइन्



'हिम्मतको सफलताले किस्मत बनाएकी हुँ।' नायिका तथा निर्मात्री रेखा थापा आफूद्वारा निर्मित किस्मतका बारेमा यसै भन्छिन्। किस्मतले मोफसल तथा राजधानीमा व्यापारिक सफलता हासिल गरेपछि रेखाको फूर्ति बढेको छ तर हिम्मतको सफलताले किस्मत बनेको भन्ने उनको तर्कचाहिँ अर्धसत्य मात्र हो। किनभने चलचित्र हिम्मत राजधानीमा प्रदर्शन भएकै छैन।

किस्मत २०६४ सालको सफल चलचित्र मानिन्छ, हिम्मतचाहिँ २०६३ को। दुई वर्षअघिको सफल चलचित्र हिम्मत मोफसलमा प्रदर्शन भएको आधारमा सफल मानियो तर पछि प्रदर्शन भएको किस्मत सबैतिर चलिसक्दा पनि हिम्मत कहाँ छ चलचित्रकर्मीलाई थाहा छैन। हिम्मतभन्दा किस्मत किन पहिले प्रदर्शनमा आयो ? यसरी चलचित्र पुरानो बनाएर राख्दा राजधानीका दर्शकले रुचाउलान् ? योचाहिँ निर्मात्री रेखाले नै जान्ने कुरा हो, तर उनले मोफसलका दर्शकले रुचाएको चलचित्र हिम्मतलाई त्यसरी डब्बामा नथन्काएकै भए हुन्थ्यो। यस विषयमा निर्माण पक्ष भन्छ- 'अब चाँडै प्रदर्शन हुन्छ।' २०६३ मा सफल मानिएको चलचित्रलाई २०६५ सम्म पनि चाँडै प्रदर्शन हुन्छ भनिन्छ भने त्यो चाँडै कहिले आउने हो, बुझ्न गाह्रो छ।

## हारेकै मज्जा

एकताका आफ्नै पार्टी फुटाउने नेता वामदेव गौतमले भनेका थिए- 'फुटमा पनि शक्ति हुन्छ।' नेता गौतमको यही भनाइसँग मिज्दोजुल्दो गरी संविधानसभाको बन्दसूचीकी उमेदवार नलिना चित्रकार आफू छनौटमा नपरेपछि भन्न थालेकी छिन्- 'हारेकै मज्जा।'

गायिका चित्रकारलाई मधेसी जनअधिकार फोरमले बन्दसूचीमा राखेको थियो तर फोरमले सभासद बनाउने बेलामा चाहिँ उनको नाम पठाएन। उमेदवार बन्दा सयौं बधाइ थापेकी नलिनालाई छनौटमा नपरेपछि सहानुभूति फोन पनि धेरै आए। तिनै फोनले उनलाई यति वाक्क पाऱ्यो कि उनले भन्ने शब्दै बाँकी रहेन। हिंजोआज उनी सहानुभूति फोन गर्नेहरूलाई सोझै भनिदिन्छिन्- हारेकोमा मज्जा छ मलाई।'

चुनाव हारेकोमा किन मज्जा ? नलिना भन्छिन्- 'म गायिका हुँ, गायिका भएपछि गायनमा बढी समय खर्चिनुपर्छ तर नेता भएर कुरो बिग्रने देखेकी



थिएँ, धन्न उनीहरूले मेरो नाम पठाएनन्।' नलिनाको यो भनाइले धेरै आश्चर्यमा छन् भने कतिपयले चाहिँ उनको अभिव्यक्तिलाई 'अंगुर अमिलो छ' भन्ने उखानसँग तुलना गरेका छन्। जे होस्, सुन्दरी गायिकालाई हारेकोमा मज्जा आएछ, दुःख मान्नुभन्दा मज्जा मानेकै बेस होइन र ?



## पोखरामा भोजपुरी चलचित्र

पोखरामा धेरै स्वदेशी तथा विदेशी चलचित्रको छायाङ्कन भैसकेको छ, तर भोजपुरी चलचित्रको सुटिङ भने यहाँ अहिलेसम्म भएको थिएन। पहिलो पटक भोजपुरी चलचित्रको छायाङ्कन पोखरामा सम्पन्न भएको छ। फेवातालमाथिको डाँडामा एक हुल नृत्याङ्गनासँगै नायक-नायिकाहरू कम्मर मर्काउँदै थिए। रमिते दर्शकहरूको भीड पनि उत्तिकै देखिन्थ्यो। कतिपय त हिन्दी चलचित्रको सुटिङ भनेर झुक्किए पनि।

नेपाली नायक-नायिका हिन्दी लवजको गीतमा नाच्दा झुक्किनु स्वभाविक पनि थियो। सुटिङ हेरिरहेका चलचित्र पारखीहरू भन्दै थिए- 'नेपाली कलाकारले बलिउडमा खेल्न पाएछन् कि क्या हो' तर उनीहरूले भनेझैं कुनै बलिउड चलचित्रमा वा नेपाली चलचित्रको सुटिङ भने थिएन।

छायाङ्कन भैरहेको चलचित्रमा थियो भोजपुरी भाषाको ई रिस्ता अनमोल बा। गायक उदितनारायण झाको होम प्रोडक्सन तथा उद्धव पौडेलको गोपीकृष्ण मुभिजको संयुक्त लगानीमा बन्न लागेको भोजपुरी चलचित्रको सुटिङको रौनक अलि बेग्लै थियो। धेरै पहिलेको सोच थियो पोखरामा भोजपुरी चलचित्र छायाङ्कन गरौं भन्ने, चलचित्रका निर्देशक आनन्द डि गहतराजले भने- 'बल्ल अवसर जुऱ्यो।'

दीपानारायण झाका सहोदर भाइ गहतराजले पहिलो पटक निर्माण गरेको भोजपुरी चलचित्र कब होइ गवना हमारले सन् २००५ मा भारतको नयाँ दिल्लीमा उत्कृष्ट भोजपुरी चलचित्र एर्वाडसमेत हासिल गरिसकेको छ। एउटा नेपाली भएर भारतमा यो सफलता पाउँदा निकै खुसी लाग्यो, उनले भने- यही भएर भोजपुरी चलचित्र निर्माणमा लाग्न उत्साह थपिएको छ।

यसको लगत्तै उनी छुटेन, सजनवा के साथ र गंगापुर के गंगा नामक दुई भोजपुरी चलचित्रको तयारीमा जुटिसकेका छन्। रगतको नाता मात्र होइन, पराईको नाता पनि प्रगाढ हुन्छ भन्ने विषयमा बन्न लागिरहेको भोजपुरी चलचित्र इ रिस्ता अनमोल वा नारायणगढपछि छायाङ्कनका लागि यहाँ आएको हो।

केही साता पोखराका दृश्यहरू क्यामेरामा कैद गरेपछि सुटिङ युनिट मुम्बई जाने निर्माता उज्ज्वल पौडेलले बताए। चलचित्रमा निखिल उप्रेती, गरिमा पन्त, अमर उपाध्याय, उर्वषी आदि कलाकारले अभिनय गरेका छन्। गरिमा र निखिलको यो चौथो भोजपुरी चलचित्र हो। फुर्तिलो पारामा दुवैले भने- 'भोजपुरी चलचित्रमा अभिनय गर्दा बेग्लै अनुभव मिलेको छ।'

मूलतः तराई क्षेत्रको मूल भाषा भोजपुरीको उत्थानका लागि भोजपुरी भाषाको चलचित्र बन्नु राम्रो हो, नायक निखिल उप्रेतीले भने- भोजपुरी चलचित्रले नेपाली चलचित्रको बजार प्रवर्द्धन गर्न थप मद्दत गर्नेछ।

**–शिव शर्मा**

## सर्वाधिक महँगा नायक

नेपाली चलचित्रका सर्वाधिक महँगा नायक को हुन् ? राजेश हमाल वा निखिल उप्रेती ? यो प्रश्नको जवाफ अहिलेलाई भने मिल्ने अवस्थामा छैन। किनभने महँगा यी स्टारलाई अर्का व्यस्त नायकले उछिनेका छन्। ती व्यस्त नायक हुन्– विराज भट्ट।

एक्सन नायक विराज भट्ट दुई वर्षयता निकै व्यस्त छन्। खासगरी चलचित्र हिम्मतको सफलताले ह्वात्तै माथि आएका भट्ट वर्ष २०६४ मा सबैभन्दा अघि देखिए। गत वर्षका देवरबाबु, किस्मत र फैसलाको सफलताले विराजलाई सबैभन्दा अगाडि पुऱ्याएको हो। सायद यही कारणले उनले दुई लाखको हाराहारीमा सीमित रहेको आफ्नो पारिश्रमिक बढाएका हुन्।

सर्वाधिक महँगा नायकको पारिश्रमिक कति हो त ? विराज झ्वाट्टै यो प्रश्नको जवाफ दिँदैनन् तर छवि ओझाको आगामी चलचित्रका लागि साढे तीन लाख पारिश्रमिक माग गरेपछि उनी बराबर पारिश्रमिक डिमान्ड गर्न सक्ने नायक देखिएका छैनन्। छविको चलचित्र हिम्मत र किस्मतबाट चम्किएका विराजले त्यही




युनिटको अर्को चलचित्रका लागि त्यति विघ्न पारिश्रमिक माग गर्नुको अर्थ के हो भने उनी अरूसँग त्योभन्दा बढी माग गर्छन्। त्यसो भए प्रश्न उठ्छ उनका प्रतिद्वन्द्वी नायकहरूको पारिश्रमिकचाहिँ कति हो ? पारदर्शिताको अभावका कारण कसको पारिश्रमिक कति हो ठ्याक्कै भन्न सकिने अवस्था छैन। यद्यपि राजेश र निखिलको पारिश्रमिक तीन लाखको हाराहारीमा सीमित रहेको निर्माताहरू बताउँछन्।


## पर्दामा मेगा मोडल

हिजोआज टेलिभिजनको पर्दामा रियालिटी सोको माग र चर्चा बढ्दो छ। नेपाली टेलिभिजन च्यानल पनि यसबाट अछूतो देखिँदैन। भव्य स्टेज र र्‍याम्पमा सौन्दर्य प्रतियोगिता एवं मोडल प्रतियोगिताको प्रत्यक्ष अनुभव गरिसकेका नेपाली दर्शकका लागि टेलिभिजनको पर्दामा मेगा मोडल छनौट गर्ने कुरा र त्यो पनि रियालिटी सोको अवधारणा अन्तर्गत, सम्भवतः नौलो र उत्सुकताको विषय हुन सक्छ। फेसन मोडलिङमा रुचि राख्नेहरूका लागि यो एउटा राम्रो अवसर पनि हो।

मोडल कस्तो हुनुपर्छ भन्ने प्रश्नको जवाफको खोजीमा छ एक्टिभ इमेज मेगा मोडल कार्यक्रम। इमेज च्यानलबाट प्रत्येक शनिबार र आइतबार बेलुकि ८ देखि ९ बजेसम्म श्रृंखलाबद्ध रूपमा प्रसारण हुने रियालिटी सोमा आधारित मोडलिङसम्बन्धी यो कार्यक्रमका अडिसन राउन्डहरू प्रसारण भैसकेका छन् भने एलिमिनेसन राउन्डहरूको प्रसारण आरम्भ भएको छ। आकर्षक व्यक्तित्व, सुन्दर मुहार, चिटिक्क मिलेको जीउडाल, आत्मविश्वास, प्रस्तुतीकरण र पर्फमेन्स सबैलाई आधार मानेर र्‍याम्प, दृश्य एवं प्रिन्ट मोडलिङ सबै विधाका लागि योग्य उत्कृष्ट अर्थात् मेगा मोडलको खोजीमा अघि बढेको यो कार्यक्रमको प्रारम्भिक अडिसनमा करिब डेढ सय जना युवतीबाट ५४ जनाले दोस्रो चरणमा प्रवेश गरेका थिए।




त्यसपश्चात् यो संख्या ३१ हुँदै अहिले १६ जनामा समेटिएको छ। श्रृंखलाहरू अघि बढ्ने क्रममा १६ जनाबाट टप टेन, टप फाइभ हुँदै टप थ्री र अन्ततः मेगा मोडल छनौट गरी टुङ्गिनेछ। स्वास्थ्य, सुन्दरता, फिटनेस, फेसन, मेकअप, फोटोसेसन, क्याटवाक, अभिनय, नृत्य लगायत सबै कुराको जानकारी प्रदान गर्दै ग्रुमिङ गरी अगाडि बढ्ने यो कार्यक्रममा फेसन डिजाइनर मुक्ता श्रेष्ठ, ग्ल्यामर फोटोग्राफर



राजभाइ सुवाल तथा पूर्व मिस नेपाल एवं सौन्दर्यविद् रुवि राणाले मेगा मोडल छनौटमा निर्णायकको भूमिका निर्वाह गरेका छन्। मे महिनाको अन्तितर प्रसारण आरम्भ भएको मेगा मोडल छनौटको यो श्रृंखलाबद्ध टेलिभिजन कार्यक्रम आगामी अगस्टको अन्तसम्ममा सम्पन्न हुने बताइएको छ।

**–रोजिन शाक्य**



तस्विरहरू : साइबर संसार डटकम

## लभ गुरु रेखा


तस्बिर : नेट नग्ना डटकम

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीय अविवाहित युवक हुँ। कलेजमा सँगै पढ्ने एक युवतीलाई म अति नै मन पराउँछु। हाम्रो जात पनि मिल्छ, तर मित्रता टुट्ने डरले म खुलेर भन्न सक्दिनँ। विशेष गरी म उनलाई एसएमएस पठाइरहन्छु। उनले पनि जवाफमा एसएमएस पठाउँछिन्। उनले मेरो भावना बुझेर हो या म्यासेजको प्रतिक्रिया मात्र पठाएकी हुन्, बुझ्न सकेको छैन। म कसरी आफ्ना भावना व्यक्त गरूँ ?**

**–विकास**

तपाईंको जस्तो समस्या पहिलो पटक प्रेमप्रस्ताव राख्दा सबैलाई हुन्छ। तपाईंको पत्रबाट के कुरा स्पष्ट छ भने तपाईंले प्रस्ताव राख्दा उनले कुनै आपत्ति जनाउनेछैनन्। किनकि प्रविधिले अचेल प्रेम गर्नेहरूलाई सजिलो बनाइदिएको छ। मोबाइल एसएमएसबाट तपाईंले घुमाउरो पाराले प्रस्ताव राख्न सक्नुहुन्छ। त्यस्ता एसएमएस इन्टरनेटमा सर्च गर्नुभयो भने जति पनि पाइन्छन्। त्यसको जवाफ सकारात्मक पाउनुभयो भने प्रेम प्रस्ताव राख्ने आँट गर्न सक्नुहुन्छ। प्रेमप्रस्ताव राख्नुअघि भने केही कुरामा सतर्कता अपनाउनु जरुरी हुन्छ। सर्वप्रथम उनी अरू कसैसँग प्रेम गर्छिन् कि ? यदि उनको अरू कसैसँग प्रेम छैन भन्ने कुरामा ढुक्क हुन भयो भने उनीसँग कतै भेटेर प्रत्यक्ष प्रेमप्रस्ताव राख्नु पनि उपयुक्त हुन्छ। मोबाइल, फोन वा एसएमएसबाट प्रस्ताव राख्दा त्यसको आफ्नै प्रभाव हुन सक्छ।

## लेक्मी दुलही श्रृङ्गार प्रतियोगिता

**साप्ताहिक समाचार**

नेपालमा पहिलो पटक दुलही सिंगार्ने प्रतियोगिता हुने भएको छ। भोलि शनिबार होटल सोल्टीमा हुने यो प्रतियोगितामा ब्युटिसियनहरूले मोडलहरूलाई बेहुलीको श्रृंगारमा सजाउनेछन्। 'लेक्मी ब्राइडल कम्पिडिसन' शीर्षकको यो प्रतियोगितामा मोडललाई उत्कृष्ट ढंगले सिंगार्ने ब्युटिसियनलाई पुरस्कृत गरिनेछ। आयोजकका अनुसार प्रतियोगिताको पहिलो सर्ट लिस्टमा परेका १ सय ५० ब्युटिसियनमध्येबाट फेरि सर्ट लिस्ट गरेर ३० जना प्रतियोगीलाई 'ग्रान्ड फिनाले'मा सहभागी गराउन लागिएको हो। अन्तर्राष्ट्रिय सौन्दर्य प्रसाधन कम्पनी लेक्मीको प्रायोजन तथा सौन्दर्य कला व्यवसायी संघको संलग्नतामा आयोजना हुने यो प्रतियोगिताको निर्णायकमा स्नेहा राणा, प्रजनी राणा तथा सृजनासिंह योञ्जन रहनेछन्। प्रतियोगितामा पहिलो, दोस्रो तथा तेस्रो हुनेलाई क्रमशः ५० हजार, २५ हजार र १० हजार रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगितामा ब्युटिसियनहरूले मोडलहरूलाई विभिन्न जातजाति तथा संस्कृति झल्कने गरी सिंगार्नेछन्।



## फिल्मी खबर



- चलचित्र लेखक विकास आचार्यले पहिलो पटक निर्देशन गरिरहेको चलचित्र 'नसिब'को ७५ प्रतिशत छायाङ्कन सकिएको जानकारी उक्त चलचित्रका निर्माण नियन्त्रक राजु कार्कीले दिएका छन्। यो चलचित्रमा विराज भट्ट, रेखा थापा, जीवन लुइँटेल, सुव्रत आचार्य, जेनिषा केसी, देशभक्त खनाल, सन्देश बराइली, सुमन रायमाझी, हेमन्त बुढाथोकी, उत्तम केसी आदिले अभिनय गरिरहेका छन्। दिलकुमार प्यासीले निर्माण गरेको यो चलचित्रका संगीतकार वसन्त सापकोटा हुन् भने यसमा शंकर-विकासको द्वन्द्व, रामशरण उप्रेतीको छायाङ्कन तथा कविराज गहतराजको नृत्य निर्देशन रहनेछ।
- राजेन्द्र उप्रेतीको निर्देशन रहेको चलचित्र 'गिरफ्तार' केही साताभित्रै प्रदर्शनमा ल्याइने तयारी भएको छ। नायिका मौसमी मल्लले निर्माण गरेको यो चलचित्रको प्रदर्शनका लागि उनको दौडधूप सुरु भैसकेको छ। धेरै वर्षपछि नायिका मल्ल उक्त चलचित्रमा नायक राजेश हमालकी जोडीका रूपमा देखिँदै छिन्। गिरफ्तारमा विराज भट्ट, ऋचा घिमिरे, जेनिषा केसी, सुवास मेचे आदिले पनि अभिनय गरेका छन्।
- नायक विराज भट्ट निकै व्यस्त रहेकाले उनले अनुबन्ध भैसकेको चलचित्र पनि छाड्न थालेका छन्। हाल एकैसाथ तीन-चारवटा चलचित्रको छायाङ्कनमा व्यस्त विराजले व्यस्तताकै कारण यो साता छायाँङ्कन आरम्भ गरिएको चलचित्र 'कालापानी' छाड्नुपरेको छ। उक्त चलचित्रमा विराज अनुबन्ध भैसकेका थिए। अब उक्त भूमिका अर्को नायक निखिल उप्रेतीले निर्वाह गर्ने भएका छन्। हालै एक समारोहमा मुहूर्त गरेपछि उक्त चलचित्र युनिट छायाङ्कनका लागि चितवनको टाँडी प्रस्थान गरेको छ। निकै बर्षअघि चलचित्र 'आगो' निर्माण गरेका निर्माता किसान पोखरेलको यो चलचित्रमा दिलीप रायमाझी, निरुता सिंह, सञ्चिता लुइटेल, ऋचा घिमिरे, मिथिला शर्मा, गणेश उप्रेती आदिले पनि मुख्य भुमिका निर्वाह गर्दैछन्।

## जम्का भेट



नायक रमित ढुंगाना गत जेठ ३० गते अमेरिकाका लागि उडे। यो उडानसँगै एउटा हल्ला पनि उडेको छ रमित अब उतै बस्छन्। रमित फर्कन नसक्ने हल्लाका कारण पनि छन्। चलचित्र 'पलपलमा' को छायांकन कार्य भ्याएपछि उनले नयाँ चलचित्र साइन गरेका छैनन् तथा उनी अमेरिकामा एक्लै छैनन्। उनकी श्रीमती पनि सँगै गएकी छिन्। एउटा चलचित्रमा अभिनय गरेबापत दुई लाखसम्म पारिश्रमिक लिने रमित यसरी अमेरिका पलायन हुनु नपर्ने तर्क एकथरीको छ। अमेरिका उड्नुभन्दा दुई दिनअघि चलचित्र 'पलपलमा' को छायांकनस्थलमा रमितसँग साप्ताहिकको जम्काभेट भयो :

**अमेरिका किन जान लाग्नुभएको ?**

उतै बसेका नेपालीहरूले बनाउन लागेको चलचित्र 'डेनिल'मा अभिनय गर्न जान लागेको हो ।

**फर्कनु हुन्न भन्ने हल्ला छ नि ?**

यो हल्ला किन फैलियो, मलाई थाहा भएन । म मात्र २५ दिनका लागि अमेरिका जान लागेको हुँ । टेक्सासमा हाम्रो सुटिङ हुन्छ। चलचित्रका निर्देशक भक्त भण्डारी हुन् ।

**भाउजूलाई पनि सँगै लाँदै हुनुहुन्छ नि ?**

उनी मसँग घुम्न जान लागेकी हुन् । छायांकनबाट फुर्सद भएपछि अमेरिका घुम्ने हाम्रो योजना छ । फेरि म पहिलो नायक होइन, जसले विदेश भ्रमणमा श्रीमतीलाई साथै लिएर जान लागेको छ । केही महिनाअघि मेरो साथी दिलीप रायमाझीले पनि युरोप घुम्न जाँदा भाउजूलाई लगेको थियो ।

**२५ दिनपछि फर्कनुहुन्छ त ?**

रामजी लामिछानेले निर्देशन गर्ने चलचित्र 'बिदाइ'का लागि समय दिइसकेको छु । सोभित बस्नेतको दुईवटा चलचित्रमा पनि अभिनय गर्दैछु अनि 'पलपलमा'को डबिङ पनि त गर्नु छ ।

**अहिले तपाईंको हातमा कतिवटा चलचित्र छन् ?**

आधा दर्जनजति । समय मिलाएर सबैको काम सक्नु छ ।

**अमेरिकामा बन्ने चलचित्रमा तपाईंकी नायिका को छिन् ?**

एउटी अमेरिकी युवती भनिएको छ । उतैबाट इमेलमा सबै जानकारी पठाउँला नि, हुन्न ?

## पोखरामा खुल्ला एकल नृत्य प्रतियोगिता

पोखरा- नेपाल सिदोजुकु कराँते पृथ्वीनारायण क्याम्पस डोजोको आयोजना तथा आदर्श कला केन्द्रको प्रस्तुतिमा भएको एकल नृत्य प्रतियोगितामा करुणा गुरुङले पहिलो स्थान ओगटिन् । सिमलचौरकी सविना श्रेष्ठ द्वितीय स्थानमा रहिन् । शास्त्रीय गीतमा नृत्य गरेकी प्रतिमा गुरुङले तेस्रो स्थानसँगै २ हजार नगद र प्रमाणपत्र पाइन् । यस्तै सोनी गौचन तथा चित्रबहादुर मास्की मगरले सान्त्वना स्थानमा चित्त बुझाए । मेनकाजी गुरुङ, धनबहादुर गुरुङ र जयकुमार परियार निर्णायक रहेको प्रतियोगितामा लेकसाइडकी रीता



कुवर उत्कृष्ट नृत्याङ्गना घोषित भइन् । कार्यक्रममा तेस्रो लिङ्गी विन्दिया गौतम र एलिजा श्रेष्ठले अप्रतियोगी नृत्य प्रस्तुत गरेका थिए । प्रतियोगितामा कास्की, काभ्रे तथा सिन्धुपाल्चोक जिल्लाका ४४ जनाले प्रतिस्पर्धा गरेका थिए ।

## तपाईंलाई कस्तो पुरुष मन पर्छ ?



म भित्री मन र सोचाइ शुद्ध भएको पुरुषप्रति आकर्षित हुन्छु । हेर्दा साधारण भए पनि पुरुषको बौद्धिकतामा सबै आकर्षित हुनुपर्छ । सबैको भावना बुझ्ने पुरुष मलाई मन पर्छ ।

**आगन्तुक खरेल, गायिका**

लामो हाँसो ..कस्तो पुरुष भन्ने ? एकदम साधारण, धेरै नबोल्ने, नम्र, व्यावहारिक, धेरै तडकभडक नभएको र बाहिरी रूपमा सुन्दर नभए पनि हेर्न लायकको पुरुष मलाई मन पर्छ ।

**जुना प्रसाईं, गायिका**

जीवनमा केही गर्ने अठोट भएको ,व्यावहारिक, सेन्स अफ ह्युमर भएको, ह्यान्डसम, हेर्दा राम्रो, नारीलाई सम्मान गर्ने पुरुष मलाई राम्रो लाग्छ ।

**जेनिसा मोक्तान, मोडल**

हाँसो.. कस्तो प्रश्न हो यो ? सुन्दरताको कुरा गर्ने हो भने ऊ मभन्दा बढी पनि होइन, मभन्दा कम पनि होइन, ठिक्क सुन्दर होस् । मनको राम्रो हुनुका साथै मेरो भावना, सोचाइजस्तै उसको भावना र सोचाइ पनि मेल खाने, शिक्षित तथा सक्षम हुनुपर्छ ।

**युना उप्रेती, नायिका**

पुरुष त्यस्तो हुनुपर्छ, जसले नारीलाई सम्मान गरोस् । समझदार एवं आफ्नै खुट्टामा उभिएको पुरुष मलाई राम्रो लाग्छ ।

**प्राश्ना शाक्य, गायिका**

## चलचित्र




### माहिला

परिवारको कान्छो छोरा अल्पायुमै बित्न लागेकाले उसको बोलाउने नाम माहिला राखिएको हुन्छ। गरिब परिवारको माहिलालाई सहयोग गर्न एउटी युवती श्रीमतीका रूपमा आउँछे। ऊ पनि बिरामी भएर अपांग हुन्छे। माहिलालाई त्यति मात्र होइन, समाजका ठालु भनाउँदाहरूले पनि दुःख दिन्छन्। गाउँघरका गरिब परिवारको यथार्थ चित्रण गरिएको यो चलचित्र उपत्यकाबाहिरका चलचित्र भवनहरूमा सार्वजनिक भएको छ। महिलामा उपेन्द्र तिमिल्सिना, सौजन्य सुब्बा, सुशील पोखरेल, सबिना खड्का, विद्या कार्की, रमेश केसी 'मट्टारे' तथा विजय देउजाको मुख्य भूमिका छ। चलचित्रका निर्देशक प्रकाशजंग कार्की हुन्।

### दे ताली



साथीभाइबीचको रमाइलो, हँसीमजाक र उटपट्याङ गतिविधिलाई समेटेर तयार पारिएको चलचित्र 'दे ताली' आज सार्वजनिक हुँदैछ। यो चलचित्रमा पगलु, अमु र अभि नामका युवा-युवती एकदमै मिल्ने साथी हुन्छन्। साथीका निम्ति हरकिसिमको सहयोग गर्न तयार रहने उनीहरू साथीको अर्थ प्रेम भनेर बुझ्छन्। यी तीन साथी हरेक काम साथसाथै गर्छन् र एकले अर्कालाई त्यत्तिकै सहयोग पनि गरिरहेका हुन्छन्। अमु युवती भए पनि केटा साथीहरू पगलु र अभि उनीसँग केटा साथीकै रूपमा व्यवहार गर्छन्। पगलु त अमुको प्रेम सफल बनाउन सहयोगीको भूमिका खेल्न तयार देखिन्छ। अभि सम्पन्न परिवारको सन्तान हुन्छ। अभिले पनि एउटी युवतीलाई मन पराएको हुन्छ। साथीभाइकै रूपमा अघि बढिरहेको यो चलचित्रमा उनीहरूबीच नै जब एकले अर्कोलाई मन पराउन थाल्छन, त्यतिखेर चलचित्रले अर्कै मोड लिन्छ। हास्य मनोरञ्जनले भरिपूर्ण यो चलचित्रमा अफताब शिवदासिनी, रितेश देशमुख, आयशा टाकिया, रिमी सेन, सतिश शाह, सौरभ शुक्ला आदिको अभिनय हेर्न पाइनेछ। रवि चालियाले निर्माण गरेको यो चलचित्रलाई इ निवासले निर्देशन गरेका हुन् भने यसमा विशाल-शेखरको संगीत सुन्न सकिन्छ।



## अति ठूलो

सन् १९९० मा फ्लोरिडाको एक नाइक क्लबमा नृत्यांगना हुँदा म्याक्सी माउन्टले आफूले गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा नाम दर्ता गर्न सक्छु भन्ने कल्पनासमेत गरेकी थिइनन्। ब्याले डान्सरबाट स्टिप डान्सर, मोडल हुँदै अश्लील चलचित्रकी नायिका हुने क्रममा उनको स्तन यति ठूलो हुँदै गयो कि उनी संसारमै ठूलो स्तन भएकी महिला घोषित भइन्। सन् २००० देखि म्याक्सीले कृत्रिम ढंगले आफ्नो स्तन ठूलो पार्दै गइन्। कृत्रिम ढंगले स्तन ठूलो पार्दै जाने क्रममा उनले एक पटक गिनिज बुकसँग सम्पर्क राखेकी थिइन् तर उनीहरूले आफूसँग यस्तो किसिमको कुनै विधा नरहेको जानकारी गराएका थिए। पछि उनीहरूले म्याक्सीसँग सम्पर्क राखेर इच्छुक भए आफ्नो स्तनमार्फत विश्व कीर्तिमान कायम गर्न भने र उनले आफ्नो स्तनलाई गिनिज बुकका पदाधिकारीसामु मापन गराइन् जसमा उनको एउटा स्तन नै (सामान्यतया महिलाको दुवै वक्षस्थल बराबर) ३६ इन्च छ भने दुवै स्तन जोड्दा साढे ६० इन्च छ। उनको एउटा स्तन ९ किलोग्राम तौलको थियो। स्तन अत्यधिक ठूलो भएका कारण म्याक्सीले स्तनलाई झोल्लिन नदिने ट्युबको जडान गरेकी छिन्। म्याक्सिको यो कीर्तिमानको चिकित्साक्षेत्रले विरोध गर्न थालेको छ। यसरी कृत्रिम ढंगले स्तन बढाउँदा स्वास्थ्यमा प्रतिकूल असर गर्ने चिकित्सकहरूको राय छ।

## सेक्स सिटी हुने तयारी



युरोपका अधिकांश सहरले यौन कारोबारलाई कानुनी मान्यता दिइसकेका छन् भने कतिपय सहरले यौन कारोबारलाई नै देशको मुख्य आर्थिक स्रोतका रूपमा विकास गर्ने कल्पनासमेत गर्न थालेका छन्। यसै क्रममा हंगेरीको राजधानी बुडापेस्टले अहिले आफूलाई युरोपकै सेक्स सिटीका रूपमा परिस्कृत गर्ने तयारी गरिरहेको छ। अहिले युरोपको यौन बजारमा हंगेरीका युवतीहरूको माग बढी छ भने अर्कातर्फ स्वदेशमै रहेर यौन कारोबार गर्ने, चलचित्रमा खेल्नेहरूको संख्यामा पनि वृद्धि भैरहेको छ। हंगेरीमा यौन कारोबारसम्बन्धी स्पष्ट कानुन छैन, तर त्यहाँ यौन कारोबार फस्टाउँदो छ। सन् १९९९ मा बुडापेस्टमा जम्मा तीनवटा मात्र वेश्यालय रहेकोमा अहिले त्यो संख्या बढेर १ सय ५० पुगेको छ भने वेश्यालयमा काम गर्नेहरूको संख्या करिब ९ हजारको हाराहारीमा छ। यसबाहेक युरोपका अन्य मुलुकमा गएर यौन कारोबार गर्ने हंगेरियनको संख्या पनि दिन-प्रतिदिन बढ्दो छ। यौन कारोबारमा आएको वृद्धिले अहिले युवा यौनकर्मीहरूले विभिन्न चलचित्रमा पनि अवसर पाउन थालेका छन्। यस्ता चलचित्र स्वदेशदेखि विदेशसम्मका छन्। हंगेरियन यौन चलचित्र निर्माण गर्ने इस्तभान कोभीका अनुसार हंगेरीका युवतीलाई विभिन्न देशका अश्लील चलचित्रमा खेल्ने अवसर आइरहेको छ। अहिले हंगेरीमा यौन चलचित्रमार्फत ६३ करोड ६० लाख युरो अर्थात् ८१ अर्ब ४० करोड ८० लाख रुपैयाँ आम्दानी हुने गरेको छ।




परम्परागत टाटु अहिले फेसनको मुख्य आधार भएको छ। विश्वमा टाटुलाई फेसनका रूपमा अँगाल्ने व्यक्तिको संख्या बढ्दै गएपछि यसले संस्थागत रूप धारण गरिसकेको छ। हालै पराग्वेमा १० औं टाटु सम्मेलन सम्पन्न भयो। सम्मेलनमा सहभागी एक महिला आफ्नो ढाडमा बनाइएको टाटु प्रदर्शन गर्दै।
तस्बिर : माइकल इजेक/एएफपी

### अन्त्यमा...



पाण्डा विश्वमै दुर्लभ वन्यजन्तुको सूचीमा छ। यसलाई विश्व वन्यजन्तु कोषले समेत आफ्नो आधिकारिक चिह्न बनाएको छ। पाण्डा दुर्लभ वन्यजन्तु हुनुको मुख्य कारण यो जनावर प्रजननका लागि अन्य जनावरको तुलनामा कम सक्रिय हुने वैज्ञानिकहरूले ठहर गरेका छन्। पाण्डाको यौन क्रियाकलाप अनुसन्धान गर्ने धेरै कम वैज्ञानिकले पाण्डाको त्यस्तो दृश्य देख्न पाएका छन्, तर हालै बीबीसी टेलिभिजनको नेचुरल हिस्ट्रीको वृत्तचित्र निर्माण गर्ने टिम चीनको क्विनलिनको पहाडमा पुगेको थियो। उक्त समूहले पाण्डाले सम्भोग गरिरहेको दृश्य आफ्नो क्यामेरामा कैद गर्न सफलता प्राप्त गर्‍यो। उक्त दृश्यमा भाले पाण्डाले अन्य भालेसँग झगडा गरेर पोथीलाई उत्साहित गर्दै मन जितेको छ। पाण्डाको यौन क्रियाकलाप कैद गर्न सफल भएपछि वैज्ञानिकहरूलाई यो दृश्यले पाण्डाको सुषुप्त यौन क्रियाकलापको विषयमा थप अनुसन्धान गर्न बल मिल्ने विश्वास लिइएको छ।






## सानो पर्दा

- कान्तिपुर टेलिभिजनबाट हरेक शुक्रबार राति प्रसारण हुँदै आएको हास्यव्यंग्यात्मक टेलीश्रृंखला 'मदनबहादुर हरिबहादुर' समाप्त भएको छ। लोकप्रिय हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यद्वारा अभिनीत एवं निर्देशित उक्त श्रृंखला केही समयअघि नै बन्द गरिए पनि दर्शकको मागलाई ध्यानमा राखेर फेरि निर्माण गरी प्रसारणमा ल्याइएको थियो। ठग हरिबहादुर र समाजसुधारक मदनबहादुरबीचको अन्तर्द्वन्द्व श्रृंखलाको रोचक पक्ष थियो। गत शुक्रबार प्रसारित अन्तिम श्रृंखलामा हरिबहादुर प्रहरी फन्दामा परेको देखाइएको थियो।
- शीघ्र प्रसारणको क्रममा रहेको वीरगन्जस्थित तराई टेलिभिजनका लागि भोजपुरी हास्य टेलिश्रृङ्खला 'हँसत रह हँसावत रह' को वीरगन्जको माईस्थान मन्दिरमा शुभमुहूर्त भएको छ। भोजपुरी भाषा, साहित्य, संस्कृति, कलाको जगेर्ना एवं उत्थान गर्ने उद्देश्यले निर्माण गर्न लागिएको उक्त हास्यश्रृङ्खलाको लेखक तथा निर्देशक राजु पराजुली हुन्। धारावाहिकमा स्थानीय तथा भारतिय कलाकारहरूले अभिनय गरिरहेका छन्। टेलिश्रृंखलाका मुख्य कलाकारमा दिनेश साह, वृजकिशोर साह, उमा थापा, रूपा रानी आदि छन्। यो धारावाहिकका निर्माता अनिल ओझा हुन्।
- श्रीनगर एफएम र ललितपुरको रारा म्युजिक कर्न्सन प्रा.लि.को संयुक्त प्रयासमा बस्तीका हस्ती खोज्ने कार्यस्वरूप गत साता क्षेत्रीय स्तरको लोकदोहोरी प्रतियोगिता सम्पन्न भएको छ। विगत एक वर्षदेखि श्रीनगर रेडियोमार्फत सुरु भएको प्रतियोगितात्मक कार्यक्रमको अन्तिम चरणको छनौट कार्यक्रममा राष्ट्रिय स्तरका लोक तथा दोहोरी गायकहरूले समेत प्रस्तुति गरेका थिए। प्रतियोगिताका लागि



पश्चिमाञ्चल क्षेत्रका १२ जिल्लाबाट २ सयभन्दा बढी नवप्रतिभाले लोकलय प्रस्तुत गर्ने अभिलाषाका साथ आवेदन दिएको श्रीनगर एफएमले जनाएको छ। हामीले पहिलोदेखि पाचौं चरणसम्म छनौट गर्दै गयौं। एक वर्षमा झन्डै ५० साताको अन्तरमा सेमिफाइनलसम्म आइपुग्दा ११ जना उत्कृष्ट सहभागी छानिएका थिए। फाइनल राउन्डमा छ जनाबीच प्रतिस्पर्धा भएको थियो। फाइनल राउन्डको प्रतिस्पर्धामा पाल्पाको यम्घा-८ का वर्ष २१ का अमित परियार यो वर्षको बस्तीका हस्तीमा छनौट भएका छन्।
- च्यानल नेपालमा नौलो किसिमको मनोरञ्जन कार्यक्रम प्रसारण भैरहेको छ। 'विक्ली टप फाइभ' नामकरण गरिएको उक्त कार्यक्रममा साताभरि नेपालको मनोञ्जन क्षेत्रमा घटेका प्रमुख पाँचवटा गसिप तथा समाचारलाई विस्तृत रूपमा देखाइनेछ। कार्यक्रम आउने दिन र समय नतोकिए पनि कार्यक्रमको सञ्चालन विशाल भण्डारीले गर्दैछन्।

## साताको स्वर


तस्बिर : नवराज

### प्रकाश पौडेल

**काले काले काले म हुँ रातो भाले...कस्तो प्रकारको गीत हो ?**
कमेडी फ्लेभरको पप गीत हो। यो गीतमा कुखुराको आवाजलाई म्युजिक बिटमा ढालेर नौलो प्रयोग गरिएको छ।

**गीतको भाव कस्तो छ ?**
आमाले छोरालाई विवाह गर भनेर कर गरिरहेको तर कालो वर्णको भएकाले छोरालाई केटीहरूले नपत्याएको व्यथा गीतको मूल भाव हो। गीतमा रातो भालेलाई प्रतीक बनाएर युवा मनोभावनालाई प्रतिविम्बित गरिएको छ।

**प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
मेरो गीत मन पराउने श्रोताहरूले नौलो प्रयोग गर्‍यौ भन्नुभएको छ। सजिलैसँग जिब्रोमा झुन्डिन सक्ने विशेषता भएकाले यो गीतलाई धेरैले राम्रो मानेको पाएको छु।

**गीतका लक्षित श्रोता को हुन् ?**
मेरा गीत मनोरञ्जन लिने सम्पूर्ण श्रोताप्रति लक्षित हुने भएकाले यसपटक पनि सबैमा समर्पित गरेको छु। म्युजिक भिडियोमा रातो भाले र त्यही वेशभूषामा मानिसलाई पनि प्रस्तुत गरेको हुनाले विशेष गरेर बालबालिकाले यो गीतलाई अझ बढि मन पराउने विश्वास लिएको छु।

**यसको म्युजिक भिडियो कस्तो छ ?**
गीतअनुसार राम्रै भिडियो बनेको छ। म्युजिक भिडियोको निर्देशन पनि मैले आफैंले गरेको छु। यो भिडियो कम खर्चमा पनि राम्रो भिडियो बन्न सक्छ भन्ने उदाहरण बन्न सक्छ।

**बेलायतको** चर्चित टेलिभिजन कार्यक्रम 'एक्स फ्याक्टर अफ युके'को पहिलो अडिसनमा पन्ध्र वर्षीया स्नेहा श्रेष्ठ छनौट भएको बेलायतबाट प्रकाशन हुने 'नेपाली पत्र साप्ताहिक'ले हालै प्रकाशित गरेको छ। उक्त पप आइडल प्रतियोगितामा छानिएकी स्नेहा सम्भवत: पहिलो नेपाली हुन्। गत वर्ष मात्र १४ वर्षदेखि माथिकाहरूले पनि सहभागी हुन पाउने निर्णय भएपछि उनी सहभागी हुन बाटो खुलेको हो। अडिसनमा स्नेहाले गायिका क्रिस्टिना अगुलेराको 'ब्वाइस विदइन' गीत गाएकी थिइन्। सहभागिताका लागि झन्डै १७ हजार निवेदन परेकोमा १२ हजारभन्दा बढीको सहभागिता थियो। स्नेहा १०७० नम्बरमा थिइन्। पाँच महिनादेखि म्युजिक क्लास लिइरहेकी स्नेहाले सात वर्षको उमेरदेखि विभिन्न सांगीतिक कार्यक्रममा भाग लिँदै आएकी छिन्।

**भोलि** शनिबार परेको अन्तर्राष्ट्रिय संगीत दिवस साताव्यापी रूपमा मनाइएको छ। यही क्रममा बुधबार त्रिपुरेश्वरस्थित नेपाली लोकबाजा संग्रहालयमा परम्परागत संगीत कार्यशाला सम्पन्न भएको छ। जसमा रामप्रसाद कँडेल, रामशरण दर्नाल, खड्ग बूढामगर, पदम गान्धारी आदि विभिन्न वाद्यवाधकले परम्परागत नेपाली बाजाका बारेमा जानकारी प्रदान गरे। बुधबार नै पिंगलास्थानस्थित नेपाल संगीत विद्यालयमा परम्परागत नेपाली बाजा तथा संगीतका अनुसन्धानकर्ता बन्जाडे गोविन्द आचार्यबाट थारु लोकसंगीतका बारेमा एक कार्यक्रम सम्पन्न भयो भने त्यही साँझ झम्सीखेलस्थित काठमाडौं ज्याज कन्सरभेट्रीमा अमेरिकाका संगीतकर्मी डा. जेने एटकेन, कन्सरभेट्रीका सञ्चालक मारियानो इ. अबेलो आदिबाट ज्याज संगीतका बारेमा ब्याख्या गर्दै ज्याज संगीत सुनाइयो। हिजो बिहिबार त्रिपुरेश्वरस्थित फ्रान्सेली केन्द्रमा नेपाली संगीतका बारेमा गोलमेच सम्मेलन सम्पन्न भयो। जसमा सलिल कनिका, सचिदा रौनियार, प्रकाश सायमी, विजय बैद्य, युवाकरराज राजकर्णिकार आदि सहभागी थिए।

**गत** शनिबार सुदूर पश्चिमका गायक तिलकसिंह पेलाले गुरुकुलमा एकल गायन प्रस्तुत गरे। सात वर्षअघि एउटा डोटेली गीतको एल्बम निकालेका पेलाले अन्य दुईवटा एल्बम पनि बजारमा ल्याइसकेका छन्। त्यसपछि संगीतको औपचारिक अध्ययन तथा प्रशिक्षणमा तल्लीन भएका पेला धेरै दिनपछि दर्शकसामु प्रस्तुत भएका थिए। गजलबाट आरम्भ भएको एकल कार्यक्रममा उनले आठवटा गजल तथा सातवटा आधुनिक गीत सुनाए। यसका साथै पेलाले विभिन्न हिन्दी तथा उर्दू गजल पनि सुनाउन भ्याए।

**गायक** हेमन्त शर्मा स्वीजरल्यान्डमा सांगीतिक कार्यक्रम गरेर फर्किएका छन्। स्वीजरल्यान्डको जुरिक सहरमा उनले आफ्नो प्रस्तुति स्वदेशी तथा विदेशी दर्शकमाझ प्रस्तुत गरेका थिए। स्वीजरल्यान्डको सबैभन्दा व्यस्त र महत्त्वपूर्ण सहर जुरिकमा अधिकांश नेपाली उनको गीत सुन्न सबै काम छाडेर ओइरिएका थिए। स्वीस नेप्लिज सोसाइटीको पहलमा भएको कार्यक्रममा गायक हेमन्त नेपालबाट एक्लै निम्त्याइएका थिए। स्वीजरल्यान्डमा सांगीतिक कार्यक्रमका लागि तीन वर्षअघि मह जोडी तथा दुई वर्षअघि राजु लामा पुगेका थिए भने तेस्रो पटक नेपालबाट सांगीतिक कार्यक्रमका लागि त्यहाँ पुग्ने गायक हेमन्त नै हुन्। गायक शर्माले यसअघि दुबई र कतारमा कार्यक्रम प्रस्तुत गरेका थिए भने अब छिट्टै उनी कोरिया जाँदै छन्। करिब १८ दिनको स्वीजरल्यान्ड बसाइपछि स्वदेश फर्किएका शर्माले साप्ताहिकसँग भने– 'स्वदेशी तथा विदेशी सबैले मेरा गीत मन पराए।'

**गायक** रामचन्द्र काफ्लेले आफ्नी श्रीमती गायिका जुनु रिजालसँग मिलेर लोकआधुनिक गीतिसंग्रह तयार पारेका छन्। गायक काफ्लेका अनुसार आगामी दुई साताभित्र बजारमा आउने तयारीमा रहेको यो संग्रहबाट पहिलो पटक जुनु श्रोतामाझ आउँदैछिन्। गायक काफ्लेका अनुसार जुनुको टोन भिन्न भएकाले उनको स्वरलाई स्रोताले मन पराउने विश्वास लिइएको छ। रिवल क्रियसनले बजारमा ल्याउने यो संग्रहमा रामचन्द्रले चारवटा, जुनुले तीनवटा तथा दुवैले एउटा गीत गाएका छन्। संग्रहको शीर्षक 'युगल' राखिएको छ।

**गायक** सुगम पोखरेललाई चलचित्र 'मेरो एउटा साथी छ' को टाइटल गीतका निम्ति काम गरिदिन आग्रह गरिएको थियो। उक्त गीतमा संगीतका साथै स्वर पनि उनैले दिएका थिए, तर एउटा काम गरिसकेपछि निर्माण पक्षले उनलाई चलचित्रका अन्य गीतका निम्ति पनि संगीत दिन आग्रह गर्‍यो। त्यसपछि सुगमले चलचित्रका अन्य दुइ गीतमा समेत संगीत दिएका छन्।

**दस** वर्षको अन्तरालमा एकल स्टेज गायन प्रस्तुत गर्दै आएका गायक रामकृष्ण ढकालले वर्ष २०६५ मा पनि आफ्नो प्रस्तुतिलाई निरन्तरता दिने बताएका छन्। ढकाल सुमधुर साँझ शीर्षकमा गायक ढकालले २०४५ र २०५५ सालमा आफ्नो एकल गायन प्रस्तुत गरेका थिए। दसैंताका यो कार्यक्रम आयोजना गर्ने योजना रहेको उनले साप्ताहिकलाई बताए। त्यसैगरी गायक ढकालको अर्को सांगीतिक कोसेली एक महिनाभित्र बजारमा आउने भएको छ। 'मेरो साथी' शीर्षकको उक्त संग्रहको एउटा गीतको भिडियोसमेत छायांकन भैसकेको छ। म्युजिक नेपालले बजारमा ल्याउने यो संग्रहको उक्त म्युजिक भिडियोको निर्देशन आसिफ शाहले गरेका हुन्।

**अविनाश** घिसिङ र रामचन्द्र काफ्लेले गाएको 'सुनको बाला', शिव परियारको 'फेवातालमा साइँली', एञ्जिला गौचनको 'थाहा पाएँ तिम्रो बानी', सुनीलसिंह ठकुरीको 'भुली-भुली देऊ' जस्ता केही चर्चित गीतका रचनाकार किरण घिमिरे 'माइकल' अब गीतकार मात्र होइन, संगीतकारका रूपमा पनि छाउने तयारीमा छन्। सूदन गैरे, हिमाल श्रेष्ठ, विकास श्रेष्ठ, मञ्जयाश्री, श्याम गुरुङ, सुवर्ण, भीमसेन ह्याङ, पाल्देन लामा, रिभर्स ब्यान्ड, नवीन राई आदि एक दर्जनभन्दा बढी गायक-गायिका तथा समूहहरूका लागि गीत रचना गरी संगीत भर्ने काम गरिसकेका किरण आफूमा संगीत रच्ने खुबी पनि भएको बताउँछन्। चितवनमा रहँदा संगीत समूह 'रस्टिक ब्यान्ड' मा समेत आबद्ध घिमिरे गीत रचनासँगै संगीत सिर्जना गर्दा राम्रो हुने अनुभव सुनाउँछन्।

## अफबिट


**ऐया मरे नि : सम्भवत: यसै भन्दैछन् गायक सविन राई। एक कन्सर्टका दौरान जोसमा उनको काँधमा उक्लेर १९७४ एडीका गितारबादक मनोज केसीले गीतार बजाए।**

## लाइभ शो

-भोलि शनिबार अर्थात् जून २१ तारिखका दिन अन्तराष्ट्रिय संगीत दिवसका अवसरमा राजधानीका विभिन्न स्थानमा विविध सांगीतिक कार्यक्रम हुँदैछन्। दरबारमार्गमा दिनको २ बजेदेखि राति ९ बजेसम्म रक कन्सर्ट गरिँदैछ, जसमा अन्तिम ग्रहण, कबवेब, दिव्य, लुज, स्याडोज, द एक्स आदि रक समूहले आफ्ना गीत सुनाउनेछन्। दिनको ३ बजेदेखि साँझ साढे ६ बजेसम्म ललितपुरस्थित यलमाया केन्द्रमा शास्त्रीय संगीतको प्रस्तुति हुँदैछ। दिनको २ बजेदेखि साँझ साढे ५ बजेसम्म पिंगलास्थानस्थित नेपाल संगीत विद्यालयमा पूर्वीय तथा पश्चिमेली संगीत प्रस्तुत गरिँदैछ। त्यही दिन दिउँसो १ बजेदेखि साँझ ५ बजेसम्म गुरुकुलको रिमाल थियटरमा बालबालिकाहरूको शास्त्रिय संगीत प्रस्तुत हुँदैछ।

-नयाँ संगीतकर्मीहरूलाई अवसर दिन भोलि शनिबार धरानमा दोस्रो समर रक मेनुफेस्टो हुँदैछ। लगातार दोस्रो वर्ष हुन लागेको कन्सर्टमा धरानेहरूले रक तथा मेटल संगीतको प्रत्यक्ष मज्जा लुट्नेछन्। दर्शन धरानको आयोजनामा सञ्चालन हुन लागेको समर रक मेनुफेस्टोमा गत वर्षको आयोजक दिव्यदृष्टि ब्यान्डसहित उपासक र धरानका पुराना गायक मनोज मोतेको समूहले आ-आफ्ना तथा नेपाली र अंग्रेजी रक तथा मेटल गीत प्रस्तुत गर्नेछन्। नौ ब्यान्ड सहभागी अडिसनबाट छानिएका इटहरीका नेक्सस तथा धराने ब्यान्डहरू तपस्वी, टोर्नेडो र ब्ल्याक मेमोरी गरी कुल सातवटा ब्यान्डले कार्यक्रममा लाइभ-सो गर्नेछन्। ब्रिटिस गोर्खा कम्युनिटी हलमा हुने कन्सर्टमा प्रत्येक ब्यान्डले चार-चारवटा गीत गाउने समर रक मेनुफेस्टोका संयोजक युवराज राईले बताए।

## नजिकबाट




| | |
|---|---|
| जन्ममिति | : १३ डिसेम्बर |
| जन्मस्थान | : काठमाडौं, अरू थाहा छैन |
| घरमा बोलाउने नाम | : सुबु |
| परिचय | : गायिका, सञ्चारकर्मी |
| पहिलो गीत | : आँखा नि हाम्रो आँखा होइनन् |
| सांगीतिक गुरु | : शारदा क्षेत्री (भोकल), फिरोज स्याङ्देन (गिटार) |
| अध्ययन | : सी.ए. फाउन्डेसन (बी.बी.एस. दोस्रो वर्ष) |
| पहिलो एल्बम | : पहिलो माया |
| प्रकाशित एल्बम | : २ वटा |
| राशि | : कन्या |
| मनपर्ने गीत | : ममीले गाउनुभएको 'चोली राम्रो' |
| कमजोरी | : कुनै पनि कुरा गम्भीर रूपमा लिन्न |
| गोप्य कुरा | : म म्युजिक टिचर पनि हुँ |
| नजिकका साथी | : थुप्रै छन् |
| संगीतमा नभएको भए | : बिजनेसतिर हुन्थें होला |
| मन नपर्ने बानी | : सिरियस हुन सक्दिनँ |
| रमाइलो क्षण | : जहिले पनि |
| नरमाइलो क्षण | : छैन |
| मनपर्ने नायका | : (हाँस्दै) ज्याकी च्यान, जोन अब्राहम |
| मनपर्ने गायक | : रामकृष्ण ढकाल, दिव्य सुब्बा, राजेशपायल राई |
| बनाउन आउने परिकार | : मासु र केक |
| मनपर्ने एसेसरिज | : एयरिङ, बेल्ट |
| पर्समा | : गाजल, लिपग्लस, कम्पेक्ट, काँगियो |
| मनपर्ने उपहार | : दिदीले दिएको स्यान्डल |
| पहिलो फोटोसेसन | : फोटो कन्सर्न |
| मनपर्ने म्युजिक भिडियो | : आफ्नै (फर्केन माया) |
| सपिङ | : गरिरहन्छु |
| कलेक्सन | : एयररिङ, लिप ग्लस |

## ब्यान्ड बक्स



### माउन्ट ८८४८

संगीतको शिक्षा दिँदादिँदै व्यावसायिक रूपमा सांगीतिक क्षेत्रमा लागिपरेको ब्यान्ड हो– माउन्ट ८८४८। दुई वर्षअघि स्थापना भएको यो ब्यान्डका सदस्यहरू ग्यालेक्सी पब्लिक स्कुलमा विद्यार्थीहरूलाई संगीत सिकाउँदा-सिकाउँदै छुट्टै ब्यान्ड स्थापनामा लागेका हुन्। अहिले ब्यान्डमा दर्शन राज गायक, निर्मलगौतम रिड गिटारिस्ट, विनोद लामा ड्रमर, फरेन्द्र लिम्बू तथा रिदम गिटारमा शिव लिम्बू संलग्न छन्। स्थापनापछि यो ब्यान्डले ५० भन्दा बढी स्टेज सो गरिसकेको छ।

माउन्ट ८८४८ ब्यान्डले सुरुका दिनमा विनापारिश्रमिक नै स्टेज सो गरे पनि अहिले एउटा स्टेज सो बापत ८० हजारको हाराहारीमा पारिश्रामिक लिने गरेको ब्यान्डका वेस गिटारिस्ट फरेन्द्र लिम्बू बताउँछन्। त्यस्तै कार्यक्रम आयोजकको अवस्था हेरेर आफ्नो पारिश्रामिकमा केही घटबढ हुने पनि लिम्बूले बताए। स्टेज सोबाट जम्मा हुन आएको रकमले पनौतीमा आर्थिक स्थितिका कारण पढ्न नपाएका बालबालिकालाई शिक्षाको व्यवस्था गरेर यो ब्यान्डले समाजसेवामा पनि आफ्नो सक्रियता जनाउँदै आएको छ।

नयाँ एल्बम बजारमा ल्याउन लागेको यो ब्यान्डले 'यो संसार' नामक पहिलो एल्बम श्रोतासामु ल्याइसकेको छ। ब्यान्ड स्थापना भएपछि स्टेज सो गर्न जाँदा जहिले पनि प्राविधिक गडबडी हुने भएकाले पशुपतिमा गएर पूजा गरेपछि त्यस्तो कुनै समस्या सामना गर्नु नपरेको घटनालाई यो ब्यान्डले आफ्नो अविस्मरणीय घटनाका रूपमा लिने गरेको बेस गिटारिस्ट फरेन्द्र लिम्बूले बताए।

## सन्देश

अनु, तिम्रो त्यो भ्रूटो माया अनि तिमीले २० मार्चमा भनेका ती तीता शब्दले आज पनि मेरो मुटु छेडिरहेको छ। जे-जसो भए पनि मैले तिमीलाई माफ गरिदिएँ। म १२ अप्रिल पनि सम्भिरहेको छु। माया छ भने फोन गर्नु।

**२० मार्च**

मित्र प्रकाश, तिमी भावनासँग वैवाहिक सम्बन्धमा बाँधिएछौ, खुसी लाग्यो। तर किन मलाई खबर गरेनौ ? ठिकै छ, साथीको खुसीमा म दुःखी हुन्न। तिम्रो दाम्पत्य जीवन सुखी रहोस्।

**बादल**

सदिच्छा र साथीहरू, मैले तिमीहरूलाई खुला मञ्चको विजयोत्सव समारोहमा देखेँ। म तिमीहरूको क्रान्तिकारी चरित्र र खुला प्रकृतिको विचार देखेर प्रभावित भएँ। सदिच्छा भन्ने नाम एउटा दाइले बोलाएको थाहा पाएर लेखेको हुँ। तिमीहरूसँग बोल्न आकाशे पुलसम्म पछ्याउँदै गएँ, तर पनि बोल्न सकिनँ र यो सन्देश पठाउँदैछु। जसरी पनि मलाई मेल गर्नु।

rksh_2001@yahoo.com

सिमरन, मिलनको मुस्कानभन्दा बिछोडको वेदना जटिल हुँदो रहेछ। सोचेको थिएँ तिमीले निश्चल र चोखो माया गर्छौ, तर आज थाहा पाएँ तिमीले त क्षणिक स्वार्थमा भुलेर मायाको अमृतमा विष घुलाइदियौ। तिमी किन मसँग सम्पर्कविहीन भएका छौ ? मोबाइलको स्विच अफ नगर ल।

**मञ्जिल**

पूर्णिमा, तिमी त हडकडतिरै हरायौ। के हामी साथीभाइको सम्भना आउँदैन ? धरान अनि भेडेटारको रमाइलो



बिर्सियौ ? के अब तिमी धरान नआउने ? कृपया एकपटक फोन वा इमेल त गर।

**सीता, प्रकृति तथा सरोज**

मेरो सामुन्नेको भ्र्यालमा बसी केश कोर्ने सुन्दरी, तिमीले भ्र्यालमा आएर मलाई मोहनी लगायौ। तिम्रो उद्देश्य नै त्यही हो जस्तो मलाई लागेको छ। जे होस्, यो माछो जालमा फसिसकेको छ, बाँकी तिम्रो इच्छा।

**आकाशे रंगको घरको डेरावाल**

गायक सविन दाइ, तपाईंको धरानको कन्सर्ट दामी थियो। म तपाईंको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**टिना**

मिस्टर बजाज, हो म तिमीलाई यही नामले बोलाउँछु, किनकि तिम्रो पर्सनालिटी त्यस्तै छ र म त्यही पर्सनालिटीको कायल भएका छु। तिमीले मलाई आफ्नी बनाउन सक्छौ तर सर्त एउटै छ– तिमी मेरो मात्र हुनुपर्छ। तिमी आफ्नो विगत छोडेर मेरो वर्तमानमा आउन सक्छौ ?

**तिम्री प्रेरणा**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................................................

उमेर : ........................................ उचाइ : ....................................

पेसा : .................................... शिक्षा : ....................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...............................वर्ण : .......................................

इमेल : ........................................................................

ठेगाना :........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................................................

........................................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### कारुणिक संस्मरण

कुरा गत वर्षको जेठ १७ गतेको कुरा हो। म आफ्नो अफिसको कामको सिलसिलामा रुकुम गएको थिएँ। करिब एक हप्तामा तोकिएको काम सकेर काठमाडौं फर्कन लाग्दा रुकुमको सल्ले विमानस्थलमा नेपाल एयरलाइन्सको जहाज पर्खंदै थिएँ। त्यसैक्रममा जहाज पनि आइपुग्यो। यात्रुहरू चढ्ने क्रममा एक जोडी दम्पती एउटा १९ दिनको सिकिस्त बिरामी छोरालाई सँगै लिएर हामीसँगै जहाज चढे। काठमाडौं पुगेर कसरी अस्पताल पुग्ने ? कुन अस्पतालमा उपचार गराउने ? केही थाहा नभएका कारण उनीहरू असमञ्जसमा परेका थिए। जहाज चढाउन आएका स्थानीय व्यक्तिहरूले काठमाडौंमा पुगेपछि अस्पतालसम्म लगेर भर्ना गराइदिन मतर्फ संकेत गर्दै गरेको सहयोगको याचनालाई मानवीय दायित्व सम्भी स्वीकार गरेँ। जहाजभित्र उक्त शिशुले आमाको दूध खान सकिरहेको थिएन, तैपनि आमा दूध चुसाउने प्रयास गर्दै थिइन्। यस्तै तनावपूर्ण अवस्थामा हाम्रो जहाज काठमाडौं विमानस्थलमा अवतरण गऱ्यो। त्यस दिन उपत्यकामा कुनै पक्षले बन्दको आह्वान गरेको रहेछ। तैपनि जोखिम बहन गर्दै एउटा ट्याक्सीमा बिरामी शिशुसहितको ती दम्पतीलाई लिएर म महाराजगन्जस्थित कान्ती बाल अस्पतालमा (साँभ ५ बजेतिर) पुगें।

अस्पतालको आकस्मिक कक्षमा शिशुलाई पुऱ्याउनासाथ चिकित्सक तथा नर्सहरूले तुरुन्तै सावधानीपूर्वक हेर्न थाले। प्रारम्भिक जाँचपछि उपचारको क्रम पनि सुरु भैहाल्यो। शिशुका आमाबाबु पहिलोपटक काठमाडौं आएका हुनाले उनीहरूले अभै केही समय मेरो सहयोगको आवश्यकता रहेको भाव व्यक्त गरें। मैले पनि यसलाई नैतिक एवं मानवीय कर्तव्य सम्भेर चाहिने आवश्यक प्रक्रियामा सरिक हुँदै गएँ। शिशुका बाबुआमालाई सान्त्वना दिने र उपचार प्रक्रियामा गर्नुपर्ने कुराहरूमा सहयोग गर्दै गएँ। यसै क्रममा म शिशुको रगत जाँचका लागि ल्याबमा गएको थिएँ। ल्याबबाट फर्केर आउँदा शिशु करिब-करिब अन्तिम अवस्थामा पुगिसकेको थियो। चिकित्सकहरूले शिशुका बाबुआमालाई आफूहरूले भरमग्दुर प्रयास गरेको र केही सीप नलाग्ने कुरा अप्रत्यक्ष रूपमा बताउँदै थिए। मैले प्रष्टताका लागि सोध्दा उनीहरूले शिशु मरिसकेको बताए,



त्यसपछि मेरो दायित्व अभ्र थपियो। आफ्नो काखको शिशुको उपचार गर्दागर्दै निधन भएको छ, काठमाडौंको ठाउँ, कसरी त्यस अवस्थाबाट मृत्यु संस्कार गरेर उम्कने ? ती अभिभावक त्यतिबेला किंकर्तव्यविमुढ अवस्थामा थिए।

त्यसपछि मैले मृतकका बाबुआमालाई सम्भाएँ- यो नेपालको ठूलो अस्पताल हो, यसमा पनि केही उपाय नलागेपछि अब चिन्ता लिएर कुनै फाइदा छैन। मैले तपाईंहरूले गर्नुपर्ने सबै उपाय गर्नुभयो, अब उचित बाटो खोजौं भनेर सल्लाह दिएँ। एकैछिनमा फोन गरेर शव वाहन भिकाएँ। शिशुकी आमालाई सोही बेडमा रहन आग्रह गरें र शवलाई बाबुसँगै शववाहनमा राखेर पशुपति आर्यघाटतर्फ लागें। आर्यघाटमा ३ सय रुपैयाँको रसिद काटेपछि २ जना कारिन्दा खटाइयो। घाटको नजिकको जंगलमा शिशुको सद्गत गरी पुनः अस्पताल ल्याइदियो त्यही शव वाहनले।

कान्ती अस्पतालमा आएर आफ्नो शिशु गुमाएका आमा र बाबुलाई एउटा ट्याक्सीमा राखेर गोंगबु बसपार्क लगें। बसपार्कमा एक परिचितको लजमा यी दम्पती यस्तो पीडादायक अवस्थाका हुन्, त्यसैले यिनीहरूलाई एउटा कोठामा बस्न दिनु, केही खान खोजे दिनु र भोलिपल्ट दाङ जाने बसको टिकट काटेर पठाइदिनू भन्ने चाँजोपाँजो मिलाएर आफ्नो बाटो लागें।

पेसाले रुकुम जिल्लाका शिक्षक मृतकका बाबु र गृहिणी आमासँग बिदा हुँदा उहाँहरू दुवै भावविह्वल हुनुहुन्थ्यो। आफ्नो काखको शिशुलाई आर्यघाटमा सद्गत गरेर आएका बाबुआमालाई एक रात बस्ने र भोलिपल्ट फर्कने बन्दोबस्त गरेर म वनस्थलीस्थित डेरामा पुग्दा रातको १२ बजेको थियो।

**–रामकृष्ण शर्मा**


## साप्ताहिक साथी



केपी जोन १७ वर्ष भए। उनी ५ फिट ४ इन्च अग्ला छन्। प्रवेशिका उत्तीर्ण गरेका केपी हँसिलो स्वभावका छन्। हालसम्म अविवाहित जोन ब्रिटिस आर्मीमा भर्ना हुने सपना पालेर बसेका छन्। पत्रमित्रतामा रुचि राख्ने जोन रगतको भन्दा भावनाको सम्बन्धलाई महत्त्वपूर्ण मान्ने व्यक्तिलाई पत्राचारका लागि अनुरोध गर्छन्। उनलाई ह्वामा गाविस-५, रोल्पामा पत्राचार गर्न सकिन्छ।



कम बोल्ने तर हाँसिरहने स्वभावका प्रवीण नापित २२ वर्षका छन्। नेपाली सेनामा जागिरे नापितले प्रवेशिका उत्तीर्ण गरेका छन्। गहुँगोरो वर्णका नापितलाई नयाँ साथी बनाउने कुरामा रुचि छ। ५ फिट ४ इन्च अग्ला नापित कम बोल्ने, अविवाहित तथा सहयोगी युवतीको खोजीमा छन्। उनलाई श्री श.म. गुल्म बाल्हबीसेमा पत्राचार गर्न सकिन्छ।




प्राइभेट संस्थामा जागिर खाइरहेका १७ वर्षीय चक्र केसीले माध्यमिक शिक्षा उत्तीर्ण गरेका छन्। मिलनसार स्वभावका चक्र हालसम्म अविवाहित छन्। गहुँगोरो वर्णका चक्रको उचाइ ५ फिट ४ इन्च छ। स्थायी मित्र बनाउन उत्सुक रहने चक्र दुःख-सुखमा साथ दिने युवतीको खोजीमा छन्। उनलाई पोस्ट बक्स नम्बर ९३००, केशरमहल, ठमेलमा पत्राचार गर्न सकिन्छ।

# गाउँ विकासको बारपाकी खाका

**दामोदर न्यौपाने**

बारपाक (गोरखा), जिल्लाको विकट एक गाउँलाई सहरको जत्तिकै सुविधासम्पन्न बनाउन स्थानीयवासीले अभियान थालेका छन्। सदरमुकामबाट दुई दिनमा पुगिने बारपाकलाई सहरसँग तुलना गर्न लायकको बनाउन स्थानीय महिला तथा युवाहरूले यो अभियान थालेका हुन्। घना बस्ती भएको यो गाविसलाई सुविधासम्पन्न बनाउन गाउँलेहरू एकजुट भएका छन्। 'सबै गाउँलेको मन एउटै छ,' स्थानीय जितबहादुर घले भन्छन्- 'यो गाउँलाई सहरसँग तुलना गर्न लायक बनाउन लागेका छौं।' गाविसको सबै वडा एकै ठाउँमा भएको यो गाउँमा १३ सय ८० घर भुरुप्प छन्।



विकासका पूर्वाधार धेरै छन् त्यहाँ। गाउँका वीरबहादुर घलेको अगुवाइमा जिल्लामै पहिलोपल्ट यहाँ बिजुली बालिएको थियो। गाउँलेले आफ्नो लालपुर्जा धितो राखेर बैंकको ऋणले बिजुली बालेका थिए। त्यो बिजुली बन्द भएपछि उनीहरूले फेरि गत वर्षदेखि स्थानीय खोलाबाट १ सय किलोवाटको बिजुली बालेका छन्। त्यो बिजुलीले गाउँमा तीनवटा मिल तथा २ वटा स-मिल सञ्चालन भएका छन्। बिजुलीले आइरन लगाउन, हिटर बाल्न पुगेको छ। बिजुली चौबीसै घन्टा आइरहन्छ। 'बिजुली छेलोखेलो छ,' सुवेदार घनिराम घले भन्छन्- 'सहरको बिजुली गैरहन्छ, हाम्रोमा कहिल्यै जाँदैन।'

गाउँमा मोटरबाटो बाहेक विकासका धेरै पूर्वाधार बनिसकेका छन्। विद्यालय, स्वास्थ्य चौकी, पशु, वन, टेलिफोन आदि संरचना तयार छन्। उनीहरूले आफ्नै खर्चमा बाटोघाटो बनाएका छन्। तीन वर्षअघिदेखि उनीहरूले गाउँको चोक सफासुग्घर तथा गाउँ नै चिरिच्याँट्ट बनाएका छन्। गाउँलेहरूले गाउँभन्दा निकै तलदेखि वडा विभाजन गरेर ढुंगा छापेका छन्। उनीहरूले तीन वर्षअघि देउसी खेलेर जम्मा भएको पैसाले ४ नम्बर वडामा ढुंगा छाप्ने काम सुरु गरेका थिए। त्यसपछि सबै कस्सिएर काम गर्दै एक वर्षमा टोलैभरि ढुंगा छापिदिए। 'राम्रो काम देखेपछि सबैलाई चन्दा दिन मन लाग्दोरहेछ,' स्थानीय बासिन्दा सुकबहादुर विश्वकर्मा भन्छन्- 'अहिले जे काम गर्नका लागि पनि गाउँलेले पैसा दिइहाल्छन्।' उनीहरूले गाउँमा आवतजावत गर्ने विभिन्न आठवटा खोलामा पुल समेत हालेका छन्।

गाउँलेले सञ्चारको हिसावले पनि गाउँलाई सम्पन्न बनाएका छन्। उनीहरूले केबल टेलिभिजन समेत चलाएका छन्। उनीहरूले घरमै बसेर विभिन्न दसवटा च्यानल हेर्न पाउँछन् भने त्यो च्यानलले स्थानीय गतिविधिको समाचारसमेत दिने गरेको छ।

गाउँमा सुविधा नभएर हुनेखाने सबै बाहिर गएकोमा उनीहरू निकै चिन्तित् छन्। गाउँमा शिक्षा तथा स्वास्थ्यको राम्रो सुविधा भए हुनेखानेहरू बाहिर नजाने उनीहरूको ठहर छ। गाउँलेहरूले छोराछोरी पढाउनकै लागि गाउँ छोड्न नपरोस् भनेर एउटा अङ्ग्रेजी माध्यमको विद्यालयसमेत खोलेका छन्। गाउँलेले भविष्यमा एउटा सामुदायिक अस्पताल समेत बनाउने सोचाइ राखेका छन्। 'स्वास्थ्य र शिक्षालाई उच्च प्राथमिकता दिएका छौं,' छमती घलेले बताइन्।

घले, गुरुङ तथा विश्वकर्माको वस्ती भएको यो गाउँ विकसित भएकाले सहर हेर्ने धोको नपुगेकाहरू 'बारपाका जाऔं' भन्ने गरेका छन्। 'सहरको तिर्सना लागे बारपाक जाऔं भन्ने उक्ति नै बनेको छ,' हंसपुर गाविसका यदु अधिकारी भन्छन्- 'उनीहरूले आफ्नै प्रयासमा गाउँलाई सम्पन्न बनाएका छन्, जुन उदाहरणीय छ।'

# युवतीहरू किन स्लिम बन्न चाहन्छन् ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
२. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
३. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
४. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
५. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
६. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
७. यो संसार कस्तो छ ?
८. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
९. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
१०. कस्ता युवक राम्रा मानिन्छन्, किन ?

यो महँगीको जमानामा आङ ढाक्ने कपडा किन्ने पैसा पनि त हुनुपऱ्यो नि। उसै त केटीहरूसँग पैसा नभएर एक बित्ताको कपडा लाउँछन्।

**पुरुजी, नुवाकोट**

चिलिम खान हो कि ?

**अनुप प्रेमी, भीमढुंगा**

जसले गर्दा सबै आकर्षित हुन्छन्, उनीहरूलाई स्लिम बन्न मन पर्छ रे।

**समरगणेश वियोगी, फूलबारी**

खै म त पहिलेदेखि नै स्लिम छु। मलाई त स्लिमभन्दा मोटै बन्न मन लाग्छ।

**सरस्वती शर्मा, रसुवा**

केटाहरूलाई पल्काउन, आगो सल्काउन अनि... ।

**टीकाराम, गल्कोट, स्याङ्जा**

केटाहरूले प्रायः स्लिम गर्ल रुचाउने भएकाले हो तर आफ्नो त...।

**रुद्र दाहाल** (२१), **मैनापोखरी, दोलखा**

सबै फिल्मी दुनियाँको असर हो।

**कल्पना रायमाझी** (१८), **विराटनगर**

अंगप्रदर्शनका लागि हो कि जस्तो लाग्छ।

**देवराज दाहाल** (२०), **सुनसरी**

नयाँ नेपालको नयाँ चलन होला नि।

**प्रेमकान्छा मगर, तानसेन, पाल्पा**

प्रेम गर्न र प्रेमी रोज्न युवतीहरू स्लिम बन्न खोज्छन्।

**गंगाराम न्यौपाने, बलाम, स्याङ्जा**

सम्पादकज्यू, यो प्रश्नचाहिँ उनीहरूसँगै सोध्दा राम्रो हुन्थ्यो तर सोधिहाल्नुभयो र भन्नैपर्छ भने हामी केटाहरूलाई स्लिम मनपर्ने भएकाले हाम्रै लागि हो।

**राई रमेश, दोहा, कतार**

खै खासै थाहा त छैन, आफू परियो केटा मान्छे। तै पनि जानेबुझेअनुसार आफ्नो जीउ अरूको तुलनामा आकर्षक बनाउन र केटाहरूलाई देखाउन युवतीहरू स्लिम बन्न खोज्छन्।



**सन्तोष राई** (१७), **मोरङ**

यो प्रश्न मसँग सम्बन्धित भएन कि ? पछि युवतीहरूसँग सोधेर तपाईंलाई खुसुक्क भनौंला नि सम्पादकज्यू।

**विनोद खतिवडा, इनरुवा-९**

बजारमा त छोटा-छोटा लुगा आइरा'का छन्, मोटो र भद्दा भयो भने लुगा ठीक हुन्छ त ?

**ईश्वर रेग्मी** (१८), **ताहाचल**

आफ्नो जवानीको रूप केटाहरूलाई देखाउन र युवाहरूले मन पराउन् भन्ने चाहनाले।

**दुर्गाबहादुर माझी, रामेछाप**

युवतीहरू मोटो शरीर भए कसैले मन पराउँदैनन् भन्ने ठूलो भ्रम पालेर बसेका छन्। त्यसैले सकी नसकी डाइटिङ र एक्सरसाइज गर्दै स्लिम बन्न खोज्छन् र आधा शरीर घटाई चिलिम बन्छन्।

**अनिल पोखेल, इटहरी, सुनसरी**

उही त हो नि सम्पादकज्यू, केटा।

**अनुप प्रेमी, भीमढुंगा**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २३ वर्षीय युवक हुँ। मैले १६ वर्षको उमेरदेखि हस्तमैथुन सूरु गरें। म दैनिकजसो हस्तमैथुन गर्थें। त्यसको पाँच-छ महिनापछि शरीरमा कमजोरी महसुस हुन थाल्यो अनि स्वप्नदोष पनि सुरु भयो। स्वप्नदोषबाट बाँझोपन आउँछ भन्ने गलत सोचाइले मनोवैज्ञानिक कुण्ठा र हतोत्साहितपन सृजना गरायो। हस्तमैथुनबाट स्वप्नदोष हट्छ भन्ने अर्को गलत प्रचारले मैले फेरि दैनिक हस्तमैथुन सुरु गरें। अन्ततः मेरो शरीर यति कमजोर भयो कि बल लगाउनुपर्ने कुनै काम गर्न थाल्यो कि घुमाउने, टाउको दुख्ने आदि हुन थाल्यो अनि म उपचारको सिलसिलामा पोखरा झरें र प्राकृतिक चिकित्सालयमा योगका साथ विभिन्न उपचार गराएँ। त्यसपछि एक अस्पतालमा भिटामिन 'ई' खाएँ। आर्युवेद र होमियोप्याथीका विभिन्न औषधी सेवन गरें। जनरल फिजिसियनबाट पनि औषधी खाएँ। यद्यपि यी सबैको कुनै सकारात्मक प्रभाव पाइनँ, बरु उल्टै अपच, अजीर्ण सुरु भयो। फेरि प्राकृतिक चिकित्सालयमा दुई महिना बसेर उपचार गराएँ। माथिका औषधी खाँदा यौनांग वरिपरि र पिठ्यूँको तल्लो भागमा जलन तथा टाउकाको पछाडिको भागमा पीडा बढ्दै गयो। हाल तीन-चार महिनादेखि कुनै औषधी सेवन नगरी बसेको छु, तर रोग जस्ताको तस्तै छ। लगभग दुई-तीन दिन लगातार निद्रामा वीर्य स्वतः बाहिर आउँछ। स्मरणशक्ति घटेजस्तो भएको छ। पेटको तल्लो भाग र पिठ्यूँमा जलन भैरहन्छ। चिकित्सकहरूले रगत र पिसाबमा कुनै खराबी छैन भन्छन्। वीर्य जाँच गराएको छैन। यस्तो किन भएको होला ? यत्रो उपचार गराएँ र खर्च पनि गरें, फाइदा भएन, म अन्यौलमा रुमल्लिइरहेको छु। उपयुक्त सुझाव पाए आभारी हुने थिएँ। मैले अझसम्म कसैसँग यौन सम्पर्क गरेको छैन। विवाह गर्नेपारिवारिक दबाब आइरहेको छ। यसले दाम्पत्य जीवनमा असर पार्ला कि भन्ने चिन्ता बढाएको छ।**

**- के.पी.**

**उत्तर : स्वप्नदोष के हो ?**

यौनसम्बन्धी कुरामा हामी सबैको चासो हुन्छ र सचेत मनको प्रशस्तै समय यसमा खर्च हुन्छ। तर कुरा यतिमै टुंगिँदैन, यौनसम्बन्धी कुरा हामी निदाएको बेलामा पनि निरन्तर रूपमा चलिरहन्छ। निदाएको बेलामा लिङ्ग उत्तेजित हुने वा यौन क्रियाकलापमा संलग्न भएको सपना देखिन्छ। प्रायःजसो पहिलो पटक यो किशोरावस्थामा हुन्छ र यसले यौनविकास राम्रोसँग भएको संकेत गर्छ। यही क्रममा कतिपयले यौन चरमसुख पनि पाउँछन्। यसरी निदाएको बेला सपनामा यौन क्रियाकलापमा संलग्न भएर वीर्य स्खलन हुनुलाई नै बोलीचालीको भाषामा स्वप्नदोष भनिन्छ। अंग्रेजीमा यसमा wet dreams, night fall वा nocturnal emmisions जस्ता शब्दको प्रयोग गरिन्छ।

सामान्यतया, प्रजनन प्रणालीले राम्रोसँग कार्य गर्न थालेपछि वीर्यको पनि उत्पादन हुन थाल्छ र यसले स्वाभाविक रूपमा बाहिर निस्कने बाटो खोज्छ। अर्कातिर यौनचाहना प्रबल हुन थालेपछि एक किसिमको तनाव बढ्छ, जसलाई शान्त पार्नु पनि स्वाभाविक हो। हस्तमैथुन वा यौनसम्पर्कबाट यस्तो अवसर मिल्न नसकेको स्थितिमा स्वप्नदोष भै वीर्य स्खलन हुन्छ। तपाइंले हस्तमैथुन गरेर पनि कम नभएको कुरा गर्नुभएको छ। यहाँ यौनतनाव वा यौनेच्छालाई शान्त पार्न तपाईंको प्रयास वा भनौं क्रियाकलाप पर्याप्त नभएको हुन सक्छ। विचार गर्नुपर्ने कुरा के छ भने यौनसम्पर्क वा हस्तमैथुन सामान्य रूपमा गर्दा यो केही कम भए पनि निर्मूल नै नहुन सक्छ। केहीमा पर्याप्त हस्तमैथुन वा यौनसम्पर्क गरिएकै अवस्थामा पनि स्वप्नदोष निरन्तर रूपमा हुने गरेको देखिएको छ।

**के स्वप्नदोष समस्या हो ?**

स्वप्नदोष भनिए पनि वास्तवमा यो कुनै दोषयुक्त कुरा नभै स्वाभाविक रूपमा हुने कुरा हो। पन्ध्र वर्षको भैसक्दा यस्तै ५० प्रतिशतजति किशोरले यसको अनुभव गरिसकेका हुन्छन्। यस्ता यौन स्वप्नहरू एकदमै जीवन्त हुने र वास्तविकतासँग छुट्ट्याउनै नसकिने अनुभव प्रशस्तै युवाको छ। यस्ता सपनामा कहिले आफूले वास्तविक जीवनमा यौनसम्बन्ध राख्न नमिल्ने नातेदार, सार्वजनिक स्थान वा जनावर पनि देखिन सक्छ। कतिपय यस्ता यौन उत्तेजक सपना देखिसकेर वीर्य स्खलन हुनासाथ ब्यूँझिन्छन् भने अर्का थरी वीर्य स्खलन हुनै लागेको बेलामा ब्यूँझिन्छन्। केहीको त निद्रा नै खुल्दैन र बिहान बिउँझेपछि मात्र थाहा पाउँछन्। अचेलका केही अनुसन्धानले स्वप्नदोषलाई टेस्टेस्टेरोन हार्मोनको मात्रा बढी हुनुसँग जोडेका छन्। हुनत यौनका दृष्टिकोणले स्वस्थ व्यक्तिमा यो हार्मोन हुन्छ नै, तर पनि कुनै व्यक्तिलाई स्वप्नदोष नै नहुन सक्छ र यो पनि प्राकृतिक कुरा नै हो। हस्तमैथुन पनि एक प्राकृतिक कुरा हो र तपाईंले सोचेजस्तो यसको कुनै नकारात्मक प्रभाव छैन।

**के यसको उपचार गर्नु आवश्यक छ ?**

बुझ्नु नै भयो होला, यो एक प्राकृतिक तथा स्वाभाविक प्रक्रिया हो। त्यसैले यसको उपचार गर्ने आवश्यकता नै पर्दैन, तर स्वप्नदोषका सम्बन्धमा उचित तथा सही जानकारी नपाइने हुनाले कतिपय किशोर तथा युवाहरू गहिरो चिन्तामा पर्छन्। पक्कै पनि आफूलाई कुनै गम्भीर रोग लागेको भन्ने मान्छन् र अनावश्यक रूपमा उपचारको पछि दौडन्छन्। तपाईंको प्रजनन तथा यौनप्रणालीले जबसम्म राम्रोसँग काम गरिरहन्छ यस प्रकारको घटना दोहोरिन सक्छ, अर्थात् यसलाई तपाईंले चाहँदैमा सजिलै रोक्न सकिँदैन। यसलाई कम गर्न यौन चरमसुख पाउने वा वीर्य स्खलन हुने उपाय जस्तै कि हस्तमैथुन वा यौनसम्पर्क सहयोगी हुन सक्छन्। तपाईंले आफ्नो यौनसम्पर्कलाई बढाउन सक्नुभयो भने पूरै नभए पनि केही हदसम्म यो कम हुने सम्भावना हुन्छ। विवाहपूर्व यौनसम्पर्क नगर्नुधेरै दृष्टिकोणले राम्रैहो, तर यसलाई कारण बनाएर विवाहबाट पर भाग्नुपर्ने कारण म देख्दिनँ।

**समाधान के होला ?**

मुख्य कुरा तपाईंले यो कुनै रोग हो र यसलाई निर्मूल पार्नुपर्छ भन्ने कुरा मनबाट निकाल्न सक्नुपर्छ। तपाईं आफैंले सक्नुभए त राम्रै हो, नत्र मनोचिकित्सकको सहयोग लिन सक्नुहुन्छ। सुधार नभए तपाईंले उल्लेख गर्नुभएका लक्षणका अन्य कुनै कारण छन् कि भनेर थप परीक्षण गर्नु पर्ने हुनसक्छ, तर अहिलेलाई अनावश्यक रूपमा स्वप्नदोष जुन स्वाभाविक कुरा हो त्यसलाई निर्मूल गर्नेतिर ध्यान नदिनु नै बेस हुन्छ।

# विश्वकै होचा १६ वर्षमा नर्सरी पढ्दै

पोखरा- विद्यार्थीहरूले झोलामा हालेर हिंड्न, लुकाउन अनि जथाभावी खेलाउन थालेपछि खगेन्द्र थापा मगरको स्वास्थ्यमा प्रतिकूल असर पुग्यो। उनका बाबु-आमाले हैरानी बेहोरेपछि विश्वकै होचा व्यक्ति भनिएका खगेन्द्र थापा मगरलाई विद्यालयबाट छुटाएका थिए।

१६ वर्ष पुगेका खगेन्द्र थापालाई यतिबेला सावाँ अक्षर छिचोल्न विद्यालय पढाउन थालिएको छ। हरेकजसो मेला-उत्सवमा विशेष आकर्षण रहँदै आएका खगेन्द्रलाई सर्वसाधारणले टिकट काटेर हेर्थे। अहिले भने उनी विद्यालय जान थालेका छन्। पोखरास्थित सरस्वती बोर्डिङ स्कुलमा नर्सरीमा पढ्न थालेका थापा कक्षाकै सबैभन्दा जेठा विद्यार्थी हुन्।

उमेरले जेठो भए पनि अरू बाबु-नानीहरूको तुलनामा सबैभन्दा होचो र सानो उनी नै देखिन्छन्।



तस्बिर : सुदर्शन रञ्जित

उनलाई उनका सहपाठीहरूले भाइका रूपमा उनलाई माया गर्छन्। उनको उचाइ २० इन्च मात्र छ। त्यस्तै उनको तौल पनि जम्मा साढे चार किलो छ। खगेन्द्रको घर बाग्लुङको धुल्लुवास हो। उनी रूपबहादुर तथा धनमाया थापामगरका जेठा छोरा हुन्। उनको उमेरअनुसार शारीरिक वृद्धि हुन सकेको छैन।

१६ वर्षको यो उमेरमा पनि उनी भर्खर जन्मिएका शिशुजस्तै लाग्छन्। खगेन्द्रको नाम गिनिज बुकमा लेखाउने तयारी भैरहेको छ, तर यसरी नाम लेखाउन १८ वर्ष उमेर पुगेकै हुनुपर्छ। यसअघि दर्ता भएका २० वर्षीय २५ इन्च उचाइको रेकर्ड तोडेपछि होचा व्यक्तिका रुपमा उनी नै देखिएका छन्। खगेन्द्रलाई देखेर विद्यालयमा भीड नहोस् भनेर उनका बाबा आमाले उनलाई बिहान आधा घण्टा ढिलो र बेलुका आधा घण्टा छिटो घर लान्छन्। खगेन्द्रको रुचिको खेल फुटबल र भलिबल हो। उनी बेलुन उडाउन पनि त्यत्तिकै मन पराउँछन्। उनको साथमा प्रायः एउटा फुटबल हुन्छ।

**-शिव शर्मा**



आकर्षक स्तन सुन्दर मुहार
No Side effect, 100% Guarantee
यौन
लिङ्को लम्बाई तथा मोटाई बढाई
शीघ्र स्खलन, उत्तेजना नहुने समस्या
शरीरको तौल
तीन महिनामै १२ Kg तौल घटाउन तथा बढाउन
स्तन
स्तनको आकार बढाउने/घटाउने
✓ शरीरको उचाइ बढाउने
✓ अनुहारको चायाँ, पोतो, डण्डीफोर, दाग चाउरीपना हटाउने
✓ कपाल झर्न रोकी पुनः उमार्ने तेल
फ्रि डेलिभरी
पूर्ण आयुर्वेदिक औषधी
काठमाण्डौं उपत्यकाको लागि : 5550043

ग्यारेन्टी उपचार
No side effect, 100% Gurantee
With Home Delivery
शारिरीक तौल
चाहेजति बढाउन घटाउन सक्ने
यौनः
शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्गको लम्बाई तथा मोटाई बढाउन।
स्तन, गुप्ताङ्ग
बढाउने, घटाउने तथा टाईट गर्ने।
अनुहारः
पोतो, चाँया, डण्डिफोर तथा wrinkle हटाउने।
उपचार नभए पैसा फिर्ता
gaurranty_upachar@yahoo.com
2121576 9841570546
9803326359 2325352

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

उद्घोषण
Rs. 1000/- Discount
Public Speaking
Personality Development
Confidence Development
Speech Art
Anchoring (RJ/VJ/Stage)
Leadership Development
News/Reporting
Media Training
Instructors: Top media Personalities from Nepal & India
Bagbazar, Ktm. (opp. Petrol Pump) 014233042
Pokhara Palikhe Chowk 061-530569
Banepa Chardobato 011-240252
Ithari Traffic Chowk 025-586856
Job Guarantee
No. 1 Media Station
THE MEDIA'S COLLECTION


## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, जुत्ता, छाता, लुगा, छाताको बिड, पाइन्ट, पानी, बोतल, मानिस र घर ।

## नेपाली भ्यागुता

नेपालमा पाइने अधिकांश प्रजातिका भ्यागुता भारत, बंगलादेश, श्रीलंका आदि मुलुकमा पनि पाइन्छन्, तर एउटा प्रजाति नेपालमा मात्र पाइन्छ। त्यो हो -टेमोप्टेर्ना मास्केआइ। अनुसन्धानकर्ता डा. तीर्थमान मास्केले पहिलोपटक यसको पहिचान गरेका थिए। डा. मास्केले यो भ्यागुता चितवनको जंगलमा फेला पारेका थिए।



## जन्मदिनको शुभकामना



निशाम लिम्बू २०६१ असार ६



समृद्धजंग राणा २०६० असार ६



अविरल आचार्य २०५९ असार ६



योजना आचार्य २०५६ असार ६



निर्देशिका न्यौपाने २०६२ असार ६



ऋतिका घिमिरे २०६३ असार ६



विराज श्रेष्ठ २०६२ असार ७



प्रज्ञान गौतम २०५६ असार ७



अभिदीप गोतामे २०६३ असार ९



अंकित वाग्ले २०६२ असार ९



अनुष्का गुरुङ २०५९ असार १०



बेमबेम कार्की २०६३ असार १०



सीमा भट्ट २०६० असार १२



आयुषा थापा २०६१ असार १२



मन्दिरा न्यौपाने २०५६ असार १२



अदिती घिमिरे २०५८ असार १२



इसिका चौधरी २०६१ असार ९



प्रसंग दाहाल २०५७ असार ३



सर्वेस खनाल २०६० असार ९



सिम्रन थापा २०६० असार ९

# भिटामिन 'डी' को चमत्कार



बुढ्यौली उमेरतिर पुगेका मानिसहरूमा भिटामिन डी को कमीले हीनताबोधका साथै अन्य मानसिक रोग वृद्धि गराउने कुरा नेदरल्यान्डका अनुसन्धानकर्ताहरूले बताएका छन्। घामको अभाव, घरबाहिरका गतिविधिमा कमी, घरभित्रै लुगा धुनेदेखि लिएर अन्य घरायसी काममा संलग्नताले मानिसमा आवश्यक पर्ने भिटामिन डी को अभावले नै नैराश्यता, हीनताबोध तथा अन्य मनोरोग पैदा हुने निष्कर्ष अनुसन्धानकर्ताहरूको छ। नेदरल्यान्डको अम्स्टेन विश्वविद्यालयका अनुन्धानकर्ताले ६५ देखि ९५ वर्ष उमेर समूहका १ हजार २ सय ८२ ज्येष्ठ नागरिकहरूमा गरिएको परीक्षणमा भिटामिन डीको अभावमा २६ जना गम्भीर प्रकारका हिनताबोधसम्बन्धी रोगको सिकार भएका तथा १ सय ६९ जना सामान्य प्रकारको यो रोगबाट पीडित भएको कुरा पत्ता लगाएका थिए।

## संघर्ष र सफलता

### रोन सिम



रोन सिमको जन्म सिंगापुरमा भएको हो। उनी आफ्नै मेहनतबाट धनी बन्न सफल प्रसिद्ध व्यापारी हुन्। उनको मेहनतको प्रारम्भ नौ वर्षको उमेरदेखि नै भएको हो। उनी ठूलो परिवारमा जन्मिएका थिए। यो अवस्थामा पकेट मनिका लागि केही गर्ने सोच उनमा पलायो। विद्यालयभन्दा अन्य समयमा उनले सडकमा चाउचाउ बेच्न थाले।

सिमले सन् १९७९ मा व्यापार सुरु गरे। त्यतिखेर उनी २० वर्षका थिए। सन् १९८० मा उनले सिम ट्रेडिङ कम्पनी स्थापना गरे। यसले घरायसी निर्माण सामग्री खुद्रा मूल्यमा बिक्री गर्थ्यो। ८० को दशकको मध्यसम्म यो व्यापार निकै फस्टायो, तर पछि विभिन्न कारणले व्यापार कम हुँदै गयो। त्यसपछि सामान उत्पादन गर्ने कारखाना स्थापना गरे मात्र राम्रो हुन्छ भन्ने विचार उनको मनमा आयो। सिमको ओसिम कम्पनीले स्वस्थ जीवनका लागि सहयोग पुऱ्याउने विभिन्न सामग्रीको उत्पादन थाल्यो। अहिले ओसिम ब्राण्डका विभिन्न प्रविधि र सामग्रीहरू २३ भन्दा बढी राष्ट्रमा बिक्री हुन्छन्।

अहिले ओसिम इन्टरनेसनल संसारमै प्रसिद्ध छ। रोन सिम सन् २००३ को सिंगापुरको युवा उद्योगपतिका रूपमा पुरस्कृत भए। त्यही वर्ष उनी बिजनेसम्यान अफ द इयर २००३ का रूपमा बिजनेस एवार्ड पाए। उनी अहिले त्यहाँको सरकारी एवं विभिन्न सामाजिक कार्यमा पनि सहभागी छन्।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | ■ | ■ |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | |
| | | | ४ | | | | | |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| | | | | ९ | | | | |
| | | | | १० | | | | |
| ■ | | | | ११ | | | | |
| ■ | ■ | ■ | १२ | | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ 'कुन्नुल कुन्नुल' एल्बमका एक गायक (४,३)
२ उदितनारायणका छोरा (३,४)
३ राजदरबार (४,२)
४ पूर्वराजाका पूर्वअंगरक्षक (३,२)
५ जेठ ३२ गते स्वीडेनविरुद्ध (२)
६ जेठ ३२ गते ग्रीसविरुद्ध (३)
७ इश्क मोहब्बतमा नायिका (२,२)
८ अन्तिम राजा (३,२)

**तेर्सो**

१ 'एप्लाई' एल्बमका एक गीतकार (३,४)
२ दिल्लीमा मारिएकी किशोरी (३,४)
३ तीतो सत्यमा एक पाठक (४,३)
४ अमेरिका उडेका नायक (३,३)
९ नयाँ जिन पत्ता लागेको अन्न (२)
१० असार २ गते जर्मनीविरुद्ध (३)
११ समुद्रमा अभाव (४)
१२ लमजुङका राजा (४,२)

**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १५ को विजेता

शेखरप्रसाद श्रेष्ठ, धरान, सुनसरी

## जन्मदिनको शुभकामना

नाम :

जन्म मिति :


स्कुल :

ठेगाना :

तस्बिर अनिवार्य


तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

### तल दिइएको चित्रमा कुन-कुन चित्रहरू लुकेका छन् ?



लुकेका सामानहरू : भ्यागुतो, कलम, चप्पल, पुतली, आँखा र हाँस ।

### बाटो पत्ता लगाऊ ?





# प्रेमलाई चिरस्थायी राख्ने कि ?

**बढिजसो** महिला पुरुषको तुलनामा बढी संवेदनशील हुन्छन् । पुरुषको तुलनामा उनीहरू चाँडै विचलित भएको पाइन्छ । जहाँ पुरुषलाई ठूल्ठूला कुराले पनि फरक नपार्ने स्थिति हुन्छ, त्यहीं महिलाहरू स-साना कुरामा पनि भावनात्मक रूपमा उग्र वा कमजोर देखिन्छन् । यस्तो स्थितिमा दाम्पत्य जीवनमा सुमधुरता कायम राख्ने अभिभारा पुरुषको हुन्छ ।

दौडधूपपूर्ण आजको जीवन परिवेशमा आपसी प्रेम र आत्मीयता कहाँ, कहिले, कुन दिशामा हरायो भन्ने कुरा सोच्ने फुर्सद धेरैलाई नहोला तथापि आपसी प्रेम दर्साउने सानो अवसर पनि खेर फाल्नुहुँदैन । अरू केही नभए पनि सँगै बस्दा, कहीँ कतै जाँदा, प्रेम रोमान्सका केही मीठा शब्दहरू बोल्नु पनि पर्याप्त हुन्छ । आँखाको भाकालाई रोमान्टिक बनाउने प्रयत्न गर्नु पनि उचित हुन्छ । यसबाट आपसी सम्बन्धमा पुनः नवीनता सञ्चार हुन्छ ।

ती सबै कार्यको सूची बनाउनु राम्रो हुन्छ जसमा दुवैजनाको समान रुचि छ । चाहे त्यो चलचित्र हेर्ने सौख होस् वा सपिङ गर्ने, गार्डेनिङ गर्ने होस् वा घुमफिर गर्ने । जब दुवै जनाले सँगै यी काम गर्छन् तब आपसी सम्बन्ध हर दृष्टिकोणबाट सुमधुर एवं प्रगाढ बन्छ ।

आफ्नो जीवनसाथीलाई कति बेला कस्तो सहयोगको आवश्यकता पर्छ जान्नु-बुझ्नु पनि उत्तिकै आवश्यक हुन्छ । किनकि स-साना कुरामा नै अपार खुसी लुकेको हुन्छ ।

सम्पर्क अर्थात् कम्युनिकेसन एउटा यस्तो सूत्र हो जसले अन्जान व्यक्तिलाई पनि आफ्नो बनाउँछ । अहिले समयको कमीका कारण कम्युनिकेसन अत्यन्त कम हुँदै गएको महसुस हुन्छ, तथापि एक-अर्काको हालचाल, स्वास्थ्य स्थिति बुझ्ने प्रयास गर्नुपर्छ । एक-अर्कालाई नजिक राख्ने माध्यम भएकाले कुराकानी गर्नुपर्छ । चाहे विषय जतिसुकै गम्भीर वा अनावश्यक होस्, आपसी सल्लाह कायम राख्नु जरुरी छ । यसबाट एक-अर्कालाई बुझ्न समय र अवसर प्राप्त हुन्छ भने एक-अर्काबीच कम्युनिकेसन पनि कायम रहन्छ ।

आफ्नो मनको कुरा सहजतापूर्वक व्यक्त गर्न नसक्नु आपसी सम्बन्धलाई सुदृढ गर्ने मामिलामा सबैभन्दा ठूलो बाधा हो । कैयन् अवस्थामा सम्बन्धको लामो समय व्यतीत हुँदा पनि एक-अर्काको रुचि, मनपर्ने र नपर्ने कुराका सम्बन्धमा ज्ञान हुँदैन । आमरूपमा पुरुष आफ्ना इच्छा जाहेर गर्ने मामिलामा अगाडि हुन्छन् । अतः महिलाहरू उनीहरूको चाहनाअनुसार काम गर्न सक्षम हुन्छन् तर महिलाले आफ्ना इच्छा व्यक्त गर्न समय लगाउने भएकाले पुरुषलाई त्यस विषयमा जानकारी नहुन सक्छ ।

नभनेसम्म र व्यक्त नगरेसम्म थाहा नहुने प्राकृतिक र सामान्य कुरा भएकाले आफ्ना इच्छा सहज ढंगबाट व्यक्त गर्नुपर्छ । यसो नगरे सदैव अन्यौल र डर कायम रहन्छ, जसका कारण गुनासो आउँछ र आपसी सम्बन्धमा कटुताले जन्म लिन्छ । भावना, इच्छा, आकांक्षा व्यक्त गर्दा कटु वचन गुनासो व्यक्त गर्ने शैली राम्रो हुँदैन । त्यसको साटो स्पष्ट, प्रेमपूर्ण अभिव्यक्ति, नम्र भाषा र रोमान्टिक अन्दाज प्रयोग गर्नु उत्तम हुन्छ । यसबाट नहुने कार्य पनि सम्भव हुन्छ ।

जीवन पहिले जस्तो सरल छैन, न वातावरण र समय नै पहिले जस्तो छ । जीवनशैलीमा आएको परिवर्तनसँगै अधिकतर दम्पती कामकाजी देखिन्छन् । एकल परिवारको अवधारणा पनि उत्तिकै प्रचलनमा छ । यो परिस्थितिमा पारिवारिक जिम्मेवारी निर्वाह गर्न दम्पतीमध्ये कोही एकबाट मात्र सम्भव देखिँदैन । अतः दुवैले एक-अर्काको कार्यमा सहयोग गरी दाम्पत्य जीवनलाई अघि बढाउनु श्रेयस्कर हुन्छ ।

दौडधूपपूर्ण जीवनशैलीका बीच पनि सप्ताहलाई मनोरञ्जनपूर्ण बनाउने प्रयास गर्नुपर्छ ताकि जीवनमा खुसीका क्षणको कमी नहोस् । यसले जीवनलाई चार्ज गरिरहन्छ, नयाँ ऊर्जा, जोश र जाँगरबाट । यो समय नितान्त एक-अर्काका लागि हुनुपर्छ । जसमा आपसी प्रेम एवं रोमान्सका लागि मात्र समय होस् । यसबाट आपसी सम्बन्धमा गतिशीलता प्राप्त हुन्छ र प्रेम, रोमान्स एवं प्रगाढतामा नवीनता सञ्चार हुन्छ ।

विवाह सम्बन्धलाई जति नै हेरविचार गरे पनि त्यसमा सतप्रतिशत खरो उत्रन सक्ने ग्यारेन्टी कसैले लिन सक्दैन । तथापि केही प्रयासबाट आपसी समझदारी, विश्वास एवं सहयोगबाट यसलाई धेरै हदसम्म सुखद र सुमधुर राख्न सकिन्छ ।

**– रोजिन शाक्य**

# कति आवश्यक छ दम्पतीबीचको झगडा ?



**धेरैजसो** श्रीमान्-श्रीमती आपसमा झगडा गरिरहेका देखिन्छन् । नवदम्पती वा पुराना, श्रीमान्-श्रीमती दुवैमा कुनै न कुनै विषयमा झगडा परिरहन्छ । श्रीमान्-श्रीमतीको मायाप्रेमको आधार पनि झगडा नै हो । यदि उनीहरू आपसमा झगडा गर्छन् भने तुरुन्त मायाप्रेम पनि गर्छन् भन्ने मान्यता छ । यद्यपि कहिलेकाहीँ श्रीमान्-श्रीमतीको झगडा यति लम्बिन्छ कि घरको वातावरण नै तनावग्रस्त हुन्छ । श्रीमान्-श्रीमतीबीच किन झगडा हुन्छ ? भन्ने कुरा आजसम्म कसैले पत्ता लगाउन सकेको छैन ।

दम्पतीहरू आपसमा झगडा नै मात्र गर्ने हो भने विवाह गर्नुपर्ने कारण के हो ? श्रीमान्-श्रीमतीबीच झगडा हुने कारणहरूमध्ये पैसा, यौन, श्रीमान्को मादकपदार्थ खाने बानी, एक-अर्कासँग पर्याप्त समय बिताउन नपाउनु, एक-अर्कालाई कुनै किसिमको सहयोग नगर्नु, घरको सफाइ, आफ्ना बालबालिकाको स्कुल फि कसले बुझाउने, घरमा आवश्यक सरसामान कसले किन्नेजस्ता कुराहरूलाई लिएर प्रायः श्रीमान्-श्रीमतीबीच झगडा उत्पन्न हुन्छ ।

**माफी माग्नुपर्छ**

कतिपय दम्पती गम्भीर रूपमै झगडा गर्छन् भने कोही केवल मनोरञ्जन गर्दागर्दै झगडा गर्न पुग्छन् । कुनै जोडी नजिक आउन वा आफ्नोपन पाउन पनि झगडा गर्छन् भने कतिपय दम्पतीको झगडा सूर्योदयसँगै प्रारम्भ भएर राति बत्ती निभ्ने क्रमसँगै अन्त्य हुन्छ ।

झगडाले मायाप्रेम मात्र नबढाएर कहिलेकाहीँ दुई शरीर, एक आत्मा मानिने मनमा घृणा पनि उत्पन्न गराइदिन्छ र सम्बन्धलाई कमजोर तुल्याउँछ । कतिपय दम्पती जति गहिरिएर प्रेम गर्छन् त्यति नै गहिराइमा पुगेर झगडा पनि गर्छन् । झगडापछि श्रीमान्-श्रीमती एक-अर्काको स्वर सुन्न तड्पिन्छन् र आ-आफ्नो गल्ती अनुभव गरेर माफी पनि माग्न तयार हुन्छन् । झगडा सामान्य छ भने त ठीकै हो तर झगडाले हद पार गर्न थाल्यो भने आपसमा घृणा एवं पीडा उत्पन्न हुन्छ ।

**एक–अर्कालाई बुझ्नुपर्छ**

श्रीमान्-श्रीमतीले सधैं एक-अर्काको रुचि, इच्छा र भावना बुझ्ने तथा विवाहपछि एक-अर्काअनुसार आफूलाई ढाल्ने प्रयत्न गर्नुपर्छ । श्रीमान्-श्रीमतीले एक-अर्कालाई आवश्यक समय दिने र आवश्यक परेको बेलामा आफूले सकेको सहयोग गर्नुपर्छ । श्रीमान्-श्रीमतीबीच पर्ने सानातिना झगडा र झगडापछि एक-अर्कालाई फकाउनाले आपसी प्रेम अझ प्रगाढ हुन्छ । यस्ता साना झगडाले एक-अर्काको बानी-व्यवहार बुझ्न सहयोग पुग्छ ।

श्रीमान्-श्रीमतीबीच स-साना झगडा आवश्यक छ तर यो सानो झगडालाई ठूलो रूप लिन दिनुहुँदैन । श्रीमान्-श्रीमतीको झगडालाई बेडरुमसम्म मात्र सीमित राख्नुपर्छ र झगडाको समय पनि छोटो हुनु आवश्यक छ, झगडाको कारण र गल्ती हुने पक्षले माफी मागेर सम्बन्धलाई सुमधुर बनाएको खण्डमा खुसी एवं सुखी दाम्पत्यको नमुना प्रस्तुत गर्न सकिन्छ ।

**– अरुणा भट्टराई**


# Classified

## रोजगार

नेपाल सरकारद्धारा मान्यता प्राप्त संस्थालाई SLC, +2 दिइ रहेका शिक्षित अशिक्षित महिला कर्मचारीको आवश्यकता ७५००।- २२२२६१३

Silverreed / Brother मेशिन तथा कुरुसकाँटीले बुन्न जान्नेले सम्पर्क: रेणु श्रेष्ठ ४२६००७३, ४२६९७०१

NGO सँग विगत ३ वर्षदेखि आवद्ध संस्थालाई १९ कर्मचारी आवश्यकता पार्टटाइम, फुलटाईम जबको ब्यबस्था Test SLC दिएर बसेका विद्यार्थी तथा महिलालाई ग्राहयता तलब- ६०००, २०६४०५९, ९८०३०७५९८१, ९८४१४९३०२६

महिला कर्मचारीहरु चाहियो, घरमै बसि काम गर्न सकिने ६०००। गौशाला ४४६६७०० (गृहणी/SLC दिएर बसेकाले समेत गर्न मिल्ने)

३ महिला रिसेप्सनिष्ट चाहियो, (का.म.न.पा. वार्ड नं. ४,७,८,९,३५ का ले मात्र सम्पर्क गर्नुहोला, ९८४१४६०१३७

भाग्योदय गेष्ट हाउसको लागि २ महिला मसाल्ची चाहियो, सम्पर्क: ९८५११००९८०

के रोजगारको खोजिमा हुनुहुन्छ ? सम्झनुहोस: ४२७४५१२, ०१६२२०११९ महिला, गृहणी, विद्यार्थीहरु सबैलाई आबश्यकता- ७५००, कालिमाटी,

SN अफिसलाई काम गर्ने महिला पूरुषको तु. आवश्यकता ९५००। बल्खु,- २०५२४७२ (अफिसमै) सिट सिमित ९७४११४८०५३

## सम्पर्क

किस्ताबन्दीमा: ०५ ब्याजदरमा, कम्प्युटर, टेलिभिजन, फ्रीज, वाशिङ्गमेसिन, डिभीडी, मोवाइल, पंखा, मिक्सचर, कोरियन ब्लाङ्केट, डिजिटल क्यामेरा, भ्याकुम क्लिनर, म्याट्रेस, वेल्जीयम कार्पेट, ग्यास चुलोसेट (एट्रेक्सन नेपाल प्रा.लि., २०८२७३५, २०१२७१७) शनिबार पनि खुल्ला रहनेछ ।

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

ठमेल चालु अबस्थामा रहेको फेन्सी पसल बिक्रिमा ९८४१५४२७१२, २१९०५१६

नयाँबानेश्वरमा चलिरहेको ब्यूटिपार्लर बिक्रिमा, सम्पर्क: ९८४१३०२४३६

## होटल तालिम

अष्ट्रेलिया, युरोप, अमेरिका जाने विद्यार्थीहरुका लागि होटल तालिम (कुक, वेटर, बारम्यान, हाउसकिपिङ, बेकरी र फ्रन्ट अफिस) मा भर्ना खुल्यो, सम्पर्क :स्ट्याण्डर्ड टुरिज्म एण्ड होटल ट्रेनिङ्ग सेन्टर, बिजुलीबजार, नयाँबानेश्वर, फोन: ४७८२०४१

## ब्यूटि पार्लर

NGO को सहयोगमा सञ्चालित निःशुल्क ब्युटिसियन तालिम लिई स्वरोजकार बनौं, प्रिन्सेस ब्यूटि होम, चाबहिल, ९८४१७६६२१४, ९८४१४१५२१५

Complete ब्युटिसियन कोर्षको व्यबस्था स्वरोजगारको ब्यवस्था NBTC गौशाला, २१००५६३, ९८४१७७९८८९

उन्नत ब्यूटिपार्लरमा ब्यूटिसियन सम्बन्धि तालिम दिनुका साथै सुपथ मूल्यमा कस्मेटिक समान पाइन्छ, ९८४१५९७४३४

बरिष्ठ ब्यूटिसियनद्धारा हेयरस्ट्रेट ग्यारेण्टीका साथ गर्नुका साथै ब्यूटिपार्लर सम्बन्धि सम्पूर्ण कार्यहरु सस्तो मूल्यमा गरिन्छ, न्यू आई.डि.एल. ब्यूटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर, नयाँ बानेश्वर शिवदर्शन हल देखि ५० मिटर दक्षिण,पहिलो तल्लामा ।

## रिकन्डिसन मोटरसाइकल

मोटरसाईकल ट्याक्सी खरिद बिक्री सट्टा पट्टाका लागि महालक्ष्मी रि कण्डीशन शोरुम चाबहिल, फोन: २०७३५५४, ९८५१०४२६२८

**बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा मोवाइल ९८४१-४१७०२२ वा ४४८०१०० Ext नं. ११११ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

# फुटबल सौता बन्यो स्पेनिस महिलाको





दुई वर्षअघि जर्मनी विश्वकपका क्रममा ४० हजार अवैध यौनकर्मी सक्रिय रहेको एक तथ्यांक प्रकाशमा आएको थियो । जर्मन प्रहरीको सक्रियता र सावधानीलाई पार गर्दै विभिन्न राष्ट्रका वेश्या त्यतिबेला जर्मनी पुगेका थिए । ल्याटिन अमेरिकी, एसियाली, रसियन र अफ्रिकनहरूको ठूलो हिस्सा यही धन्दाका लागि जर्मनी प्रवेश गरेको थियो । यसका साथै दासदासीका रूपमा रहेका कैयौंलाई दासीका रूपमा प्रयोग गरिएको थियो । यस्ता दासीहरू अत्यन्त सस्तो भएका कारण धेरैको आकर्षण उनीहरूतर्फ थियो । धेरै फुटबल दर्शक रात परेपछि यौनकर्मीका रूपमा उपयोग हुने दासीको खोजीमा भौंतारिन्थे ।

यस्तै खालको सम्भावना युरोपमा पनि नदेखिएको होइन, तर युरोकपका कारण अस्ट्रियामा अबैध यौनधन्दामा वृद्धि भएको कुरालाई त्यहाँका यौनकर्मीहरूले नकारेका छन् । 'अबैध धन्दामा वृद्धि भएको कुरालाई म स्वीकार्दिनँ ।' अस्ट्रियाको यौन व्यवसायीको समूह सोफीकी एक सदस्य इसा भान राहडेनले भनिन् । अस्ट्रियाको यौन बजार अत्यन्त व्यवस्थित रहेका कारण कुनै त्यस्तो आवश्यकता नभएको दाबी यौनकर्मीहरूको छ । खेलाडीहरूका लागि बैध रूपले यौन सेवा उपलब्ध गराएको दाबी यौनकर्मीहरूको छ ।

प्रतियोगिताअघि नै अबैध यौनकर्मी हाबी हुने सम्भावनालाई ध्यानमा राख्दै प्रतियोगिता आयोजकले खेल सञ्चालन हुने चार सहर भीयना क्लागेनफर्ट, इन्सबर्ग र साल्बर्गमा ठूलो मात्रामा प्रहरी तैनाथ गरेको थियो । प्रतियोगिता अवधिभर रेडलाइट एरियामा पनि कडा निगरानी राखिएको छ, जसको एउटै कारण थियो– अबैध यौनकर्मीको त्यो क्षेत्रमा प्रवेश नरहोस् ।

उता, युरोकपको मजामा अन्यत्र भौंतारिनेहरूको संख्या बढिरहेकै समयमा फुटबलको मज्जामा यौनलाई बिर्सनेहरूको पनि कमी छैन । अस्ट्रियामा गरिएको एक सर्वेक्षणअनुसार ३३ प्रतिशतले यो समयमा यौन गतिविधिमा कमी ल्याएका छन् । भियना विश्वविद्यालयले यो निष्कर्ष निकालेको हो । विश्व विद्यालयको प्रतिवेदनअनुसार ७० प्रतिशतले युरोकपलाई नियालिरहेका छन् भने ३७ प्रतिशतले यौन गतिविधिलाई अल्टरनेट बनाएका छन् । १४ प्रतिशतमा भने फरक स्टाइल रहेको पाइएको छ । अस्ट्रियाका १४ प्रतिसत व्यक्तिले फुटबलको मज्जा लुट्दै यौन क्रियाकलाप सञ्चालन गर्ने जनाइएको छ ।

युरोपीय फुटबलमा भिन्नै खालको आकर्षण बोकेको स्पेनको हकमा भने स्थिति अलि फरक छ । यहाँका गृहिणी तथा युवतीहरू वाक्क छन् । उनीहरूका श्रीमान् तथा ब्वाइफ्रेन्डले आफूलाई भन्दा रियल म्याड्रिड वा बार्सिलोनालाई बढी प्राथमिकता दिएको गुनासो गर्नेहरू अहिले पनि यस्तै समस्याबाट पीडित छन् । उनीहरूका श्रीमान् अझै पनि बारमा भेला हुन्छन्, बियर पिउँछन् र आफ्नो राष्ट्रिय टिमको खेल हेर्दै होहल्ला गर्छन् । आकर्षक र लोकप्रिय फुटबल खेल धेरैका लागि सौता बनेको देखिएको छ । एक सर्वेक्षणअनुसार स्पेनका १० मध्येका ७ वयस्क आफ्नी श्रीमतीसँग रात त बिताउँछन् तर उनीहरूको ध्यान भने फुटबलमै हुन्छ ।

बार्सीलोना र रियल म्याड्रिड मात्र होइन, भ्यानेन्सिया र भिल्लारियल पनि स्पेनिस महिलाका सौता बनेका छन् । स्पेनिस महिलामा पुरुषहरूले यी दुई क्लबका लागि आफूप्रति ध्यान नदिएको गुनासो रहँदै आएको थियो । फुटबलका कारण सहनुपरेको पीडालाई पनि प्रेमीका साथी नभएका होइनन् । जस्तो कि सन् १९९० को विश्वकपमा पल ग्यास्कोइनले पेनाल्टीमा गोल नगरेपछि इङ्ल्यान्ड बाहिरिएको दुःखमा त्यहाँका ६९ प्रतिशत पुरुषले आफ्नी श्रीमतीलाई अंकमाल गर्दै रोएर रात काटेका थिए । थुप्रै सर्वेक्षणअनुसार स्वीडेनका बासिन्दा यौनमा उदार देखिएका छन् । ८८ प्रतिशत स्वीडेनका पुरुष चुम्बन चाहन्छन् । श्रीमती अगाडि भए ठीकै, नभए जो छ उही ।

## मैदानबाहिर



**महिला दर्शकको समर्थन** : फुटबलप्रति युरोपियन महिलाको प्रशस्तै लगाव छ । उनीहरू आफ्नो टिमले खेलेको खेलमा खेलाडीहरूलाई हौसला दिन ग्ल्यामरस पहिरनमा सजिएर मैदानमा पुग्छन् । यसै क्रममा पोर्चुगल र स्वीजरल्यान्डबीच भएको खेलमा ब्रामा पोर्चुगलको झन्डा बनाइएर सजिएकी एक दर्शक । तस्बिर : एपी

### मानवविरुद्ध रोबोटको तयारी

अहिले अस्ट्रिया र स्वीजरल्यान्डमा युरोपियन फुटबल च्याम्पियनसिप प्रतियोगिता मात्र आयोजना भैरहेको छैन, यसको मौका पारेर युरोपियन रोबोट फुटबल प्रतियोगिता पनि सञ्चालन भैरहेको छ । मानव फुटबलले रोमाञ्चक मोड लिँदै गएका कारण रोबोट फुटबल प्रतियोगिताप्रति मानिसहरूको खासै ध्यान आकृष्ट हुन सकेको छैन । यद्यपि यो प्रतियोगितामा सहभागी भएका वैज्ञानिकले के ठोकुवा गरेका छन् भने सन् २०५० मा हुने फुटबल प्रतियोगितामा रोबोटले मानिसलाई हराउनेछ । यस क्रममा कुनै रोबोट क्रिस्टियानो रोनाल्डो, डेभिड भिल्ला, निहात काभेचीजस्ता नाम लिएर मानवसँग प्रतिस्पर्धा गरिरहेका हुनेछन् । युनिभर्सिटी अफ ज्युरिचमा अर्टिफिसियल इन्टेलिजेन्सका प्रोफेसर रुल्फ फिफरका अनुसार रोबोटको विकासक्रमलाई हेर्ने हो भने सन् २०५० मा मानवमाथि रोबोट खेलाडीले विजय हासिल गर्नेछ, तर यसका लागि रोबोटमा विभिन्न व्यावसायिक कलाको विकास गर्नुपर्ने हुन्छ । हाल निर्माण भएको रोबोटले ८ फिटको दुरी ५ मिनेटमा तय गरेको छ, यसलाई सुधार गर्दै ३५ सेकेन्डमा पुऱ्याउन सके रोबोटले फुटबलमा मानिसविरुद्ध प्रतिस्पर्धा गर्नेछ ।



### गुस हिडिङ्गलाई आपत

सन् २००२ को विश्वकप फुटबल प्रतियोगितामा दक्षिण कोरियाको प्रशिक्षक गुस हिडिङ्गले आफ्नो टिमलाई सेमिफाइनलसम्म पुऱ्याएका थिए । यो सफलतापछि गुसको लोकप्रियताले शिखर चुम्यो, उनलाई अस्ट्रियाले आफ्नो गौरवका रूपमा लिए पनि गुस रसियन फुटबल टिमको प्रशिक्षकमा नियुक्त भए । अस्ट्रियाले आफ्नो देशको प्रतिष्ठा बढाउने गुसलाई सम्मान गर्न भने पाएको थिएन । अहिले आयोजना भैरहेको युरोपियन च्याम्पियनसिपको मौका पारेर अस्ट्रियाको चर्चित स्कि रिसोर्टको लियोगान सहरले गुसलाई एक कार्यक्रमबीच सम्मान गऱ्यो । उनको आगमनमा ब्यान्डबाजाको धुनले नगर गुन्जायमान भयो । गुसलाई स्थानीय रूपमा निर्मित छालाको पाइन्ट उपहार दिइयो । उनलाई अस्ट्रियाको परम्पराप्रति अगाध माया छ भन्ने देखाउन स्थानीय मेयरले उनलाई उक्त पाइन्ट लगाउन अनुरोध गरे । गुसलाई आफूले लगाएको पाइन्ट खोलेर उपहारमा दिइएको पाइन्ट लगाउने कुनै इच्छा थिएन, तर उनले मेयरको अनुरोधलाई पनि नकार्न सकिरहेका थिएनन् । गुस भन्छन्– 'मलाई त्यो कार्यक्रमस्थलबाट भाग्न मन लागिरहेको थियो, तर म भाग्न पनि सकिरहेको थिइनँ तर मेरो आपत् यसरी टऱ्यो कि मलाई उपहारमा दिएको पाइन्ट छोटो थियो । जसका कारण मैले मेयरको इच्छालाई नलत्याई आफ्नो इच्छा पनि पूरा गर्न पाएँ ।' गुसले यो संस्मरण एक पत्रिकामा व्यक्त गरेका थिए ।

## युरो २००८ का खेलहरू

**खेल नम्बर ९**

**चेक रिपब्लिकविरुद्ध पोर्चुगल**

युरो २००८ को नवौं खेलमा समूह 'ए' अन्तर्गत पोर्चुगलले चेक रिपब्लिकलाई १ का विरुद्ध ३ गोलले पराजित गऱ्यो । पोर्चुगलका तर्फबाट क्रिस्टियानो रोनाल्डो, डेको र रिकार्डो क्वारेस्माले १/१ गोल गरेका थिए भने चेक रिपब्लिकका तर्फबाट एक मात्र गोल लिबोर सिओन्कोले गरेका थिए ।

**खेल नम्बर १०**

**स्वीजरल्यान्डविरुद्ध टर्की**

युरो २००८ को दसौं खेलमा समूह 'ए' अन्तर्गत टर्कीले स्वीजरल्यान्डलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । टर्कीका तर्फबाट आड्रा टुरान र वैकल्पिक खेलाडीका रूपमा आएका सेमिह सेन्टुकले १/१ गोल गरेका थिए भने स्वीजरल्यान्डका तर्फबाट एक मात्र गोल हाकान याकिनले गरेका थिए ।

**खेल नम्बर ११**

**क्रोएसियाविरुद्ध जर्मनी**

युरो २००८ को एघारौं खेलमा समूह 'बी' अन्तर्गत क्रोएसियाले जर्मनीलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । क्रोएसियाका तर्फबाट डारिजो र इभिका ओलिकले १/१ गोल गरेका थिए भने जर्मनीका तर्फबाट एक मात्र गोल लुकास पोडोलोस्किले गरेका थिए ।

**खेल नम्बर १२**

**अस्ट्रियाविरुद्ध पोल्यान्ड**

युरो २००८ को बाह्रौं खेलमा समूह 'बी' अन्तर्गत सह-आयोजक अस्ट्रिया र पोल्यान्डबीच भएको खेल १/१ गोलको बराबरीमा समाप्त भएको छ । यो प्रतियोगितामा अस्ट्रियाका तर्फबाट इभिका भास्टिकले १ गोल गरेका थिए भने पोल्यान्डका तर्फबाट रोजर गुरेरिओले १ गोल गरेका थिए ।

**खेल नम्बर १३**

**इटालिविरुद्ध रोमानिया**

युरो २००८ को तेह्रौं खेलमा समूह 'सी' अन्तर्गत इटाली र रोमानियाबीच भएको खेल १/१ गोलको बराबरीमा समाप्त भएको छ । यो प्रतियोगितामा इटालीका तर्फबाट क्रिस्टियन पानुचिले १ गोल गरेका थिए भने रोमानियाका तर्फबाट एड्रियन मुटुले १ गोल गरेका थिए ।

**खेल नम्बर १४**

**नेदरल्यान्डविरुद्ध फ्रान्स**

युरो २००८ को चौधौं खेलमा समूह 'सी' अन्तर्गत नेदरल्यान्डले फ्रान्सलाई १ का विरुद्ध ४ गोलले पराजित गऱ्यो । नेदरल्यान्डका तर्फबाट वेस्ली सेनिज्डर, ड्रिक क्युट, रोबिन भ्यान पर्सि तथा आर्जेन रोबेनले १/१ गोल गरेका थिए भने फ्रान्सका तर्फबाट एक मात्र गोल थिएरी हेनरीले गरेका थिए ।

**खेल नम्बर १५**

**स्वीडेनविरुद्ध स्पेन**

युरो २००८ को पन्ध्रौं खेलमा समूह 'डी' अन्तर्गत स्पेनले स्वीडेनलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो । स्पेनका तर्फबाट डेभिड भिल्ला र फर्नान्डो टोरेसले १/१ गोल गरेका थिए भने स्वीडेनका तर्फबाट एक मात्र गोल लाटान इब्राहमोभिचले गरेका थिए ।

**खेल नम्बर १६**

**ग्रीसविरुद्ध रसिया**

युरो २००८ को सोह्रौं खेलमा समूह 'डी' अन्तर्गत रसियाले ग्रीसलाई शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो । रसियाका तर्फबाट एक मात्र गोल कोन्सटेन जिरानोभले गरेका थिए ।

**खेल नम्बर १७**


**स्वीजरल्यान्डविरुद्ध पोर्चुगल**

युरो २००८ को सत्रौं खेलमा समूह 'ए' अन्तर्गत स्वीजरल्यान्डले पोर्चुगललाई शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो । स्वीजरल्यान्डका तर्फबाट दुवै गोल हकान याकिनले गरेका थिए । यो खेलमा पराजित भए पनि पोर्चुगल समूहको शीर्ष स्थानमा रहेर क्वाटरफाइनमा छनौट भएको छ ।

**खेल नम्बर १८**

**टर्कीविरुद्ध चेक रिपब्लिक**

युरो २००८ को अठारौं खेलमा समूह 'ए' अन्तर्गत टर्कीले चेक रिपब्लिकलाई २ का विरुद्ध ३ गोलले पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गऱ्यो । चेक रिपब्लिकका तर्फबाट जोन कोलर र जारोस्लाभ प्लासिलले १/१ गोल गरेका थिए भने टर्कीका तर्फबाट आड्रा थुरानले १ गोल र निहात काभेसीले २ गोल गरेका थिए ।



**खेल नम्बर १९**

**पोल्यान्डविरुद्ध क्रोएसिया**

युरो २००८ को उन्नाइसौं खेलमा समूह 'बी' अन्तर्गत क्रोएसियाले पोल्यान्डलाई शून्यका विरुद्ध १ गोलले पराजित गरी समूहको शीर्ष स्थान हासिल गरेर क्वाटर फाइनलमा प्रवेश गऱ्यो । उक्त प्रतिस्पर्धामा क्रोएसियाका तर्फबाट एक मात्र गोल इभान क्लास्निकले गरेका थिए ।

**खेल नम्बर २०**

**अस्ट्रियाविरुद्ध जर्मनी**

युरो २००८ को बीसौं खेलमा समूह 'बी' अन्तर्गत अन्तिम खेलमा जर्मनीले सहआयोजक अस्ट्रियालाई शून्यका विरुद्ध १ गोलले पराजित गरी समूह दोस्रो भै क्वाटरफाइनलमा प्रबेश गऱ्यो । उक्त प्रतिस्पर्धामा जर्मनीका तर्फबाट एक मात्र गोल माइकल बालाकले गरेका थिए ।

**खेल नम्बर २१**

**नेदरल्यान्डविरुद्ध रोमानिया**


युरो २००८ को एक्काइसौं खेलमा समूह 'सी' अन्तर्गत नेदरल्यान्डले रोमानियालाई शून्यका विरुद्ध २ गोलले पराजित गरी समूह पहिलो भै क्वाटरफाइनलमा प्रवेश गऱ्यो । उक्त प्रतिस्पर्धामा नेदरल्यान्डका तर्फबाट रोबिन भ्यान पर्सी र क्लास जन हुन्टेलारले १/१ गोल गरेका थिए ।

**खेल नम्बर २२**

**फ्रान्सविरुद्ध इटाली**

युरो २००८ को बाइसौं खेलमा समूह 'सी' अन्तर्गत अन्तिम खेलमा इटालीले फ्रान्सलाई शून्यका विरुद्ध २ गोलले पराजित गरी समूह दोस्रो भई क्वाटर फाइनलमा प्रवेश गऱ्यो । उक्त प्रतिस्पर्धामा इटालीका तर्फबाट ड्यानियल डी रोसी र एन्ड्रिया पिर्लोले १/१ गोल गरेका थिए ।

# दैवी गोल



९० को दशकको मध्यमा युगोस्लाभियाको विभाजनसँगै विश्व फुटबलमा नयाँ राष्ट्रका रूपमा देखा पर्‍यो– क्रोएसिया। पहिलो पटक विश्वकप फुबटलमा सहभागिता जनाएको क्रोएसियाले सबैलाई आश्चर्यमा पार्दै तेस्रो स्थान हात पार्‍यो। १९९८ को उक्त विश्वकपमा क्रोएसियाको क्वार्टरफाइनलसम्मको यात्राले त धेरैलाई अचम्ममा पारेन, तर जर्मनीलाई ३-० को हार चखाउँदै सेमिफाइनल प्रवेश गरेको क्रोएसियाले नेदरल्यान्डलाई हराउँदै तेस्रो स्थान हात पारेर सबैलाई चकित तुल्यायो। दुई क्रोएसियालीले उक्त विश्वकपमा कीर्तिमान कायम राखे– दुई भिन्नाभिन्नै देशको प्रतिनिधित्व गर्दै विश्वकपमा गोल गरेर।

१९९० को विश्वकपमा युगोस्लाभियाका तर्फबाट खेल्दै गोल गरेका पेड्रो मोलिकले ९८ विश्वकपमा क्रोएसियाका लागि गोल गरेका थिए। त्यो भन्दा अचम्मको कीर्तिमान कायम गरे यस पटक क्रोएसियाका इभान क्लासनिकले।

१५ महिनाअघि दुवै मृगौला काम नलाग्ने भएका क्लासानिक विश्व फुटबलका नयाँ नायक बनेका छन्। मृगौला प्रत्यारोपण गरेका क्लासनिकको निर्णायक गोलमै युरोकप फुटबलको समूह 'बी' को अन्तिम खेलमा क्रोएसियाले पोल्यान्डलाई १-० ले पराजित गर्‍यो। उनले उक्त खेलमा गोल मात्र गरेनन्, पूरा ९० मिनेट सानदार खेल प्रदर्शन गरे।

जर्मनीमा जन्मिएका क्लासानिकको मृगौला पोहोर जनवरीमा काम नलाग्ने ठहर गरिएको थियो। आमाले दिएको मृगौलाले काम नगरे पनि बाबुबाट प्राप्त मृगौलाबाट उनी जीवित छन्। उनले मृगौला रोगको सिकार भएर पनि प्रतियोगितामा उत्रेर खेल जित्ने पहिलो खेलाडीको कीर्तिमान कायम छन्। खेलको समाप्तिपछि क्लासानकिले भने- 'यो एउटा त्रासदिपूर्ण इतिहासको अन्त्य हो।'

यो जितसँगै क्रोएसिया छनौट चरणको तीनवटै खेलमा विजयी भएको छ। सुरुवातका दुवै खेलमा विजय हात पारेपछि क्रोएसियाका प्रशिक्षक स्लाभेन बिलिकले पहिलो रोजाइका खेलाडीहरूलाई आराम दिएपछि क्लासानिकले अवसर पाएका थिए। ३० अन्तर्राष्ट्रिय खेलमा क्लासानिकको यो नवौं गोल हो।

प्राय: सबैका लागि मृगौला प्रत्यारोपण जीवनकै कठिन मोड मानिन्छ, तर क्लासानिक यस्ता खेलाडी हुन्, जसले उक्त दुर्घटनाको नौ महिनापछि नै जर्मनीको वायरलिभकर कुसेनका तर्फबाट व्यावसायिक जीवनलाई निरन्तरता दिएका थिए। उक्त दुर्घटनापछि क्लासानिकको जीवनमा देखिएको परिवर्तन भनेको उनले सुरक्षाका लागि फाइबर ग्लास प्रयोग गर्नु हो। 'जिन्दगीको यति डरलाग्दो छायाँलाई पार गर्दै ऊ यहाँसम्म आइपुग्नु साँच्चै महत्त्वपूर्ण कुरा हो।' प्रशिक्षक बिलिक भन्छन्।

सन् ९० को दशकको उत्तरार्द्धमा युगोस्लाभियाबाट छुट्टिएर छुट्टै राज्य बनेयताको छोटो समयमा लामो फड्को मार्ने राष्ट्रका रूपमा क्रोएसियाले विश्व फुटबलमा अलग पहिचान पनि बनाएको छ। यसअघि १९९८ को विश्वकपमा सेमिफाइनलको यात्रा तय गर्नु क्रोएसियाका लागि सबैभन्दा ठूलो सफलता थियो।

# हुने भयो भीमनारायण कप



धनकुटा- यदाकदा मात्र खेलकुद प्रतियोगिता हुने पूर्वाञ्चलको सदरमुकाम धनकुटा असार २४ गतेदेखि फुटबलमय हुने भएको छ। पूवी पहाडी जिल्लाको सबैभन्दा धेरै पुरस्कार रासि भएको सहिद भीमनारायण श्रेष्ठ रनिङ कप फुटबल प्रतियोगिता यही असार २४ गतेदेखि हुने भएपछि खेलप्रेमीहरूमा नयाँ उमङ्ग पलाएको छ। पूर्वाञ्चल स्तरीय 'ए' डिभिजनका टिमहरूबीच प्रतिस्पर्धा हुने यो प्रतियोगितामा राष्ट्रिय स्तरका खेलाडीहरू नै खेलको मुख्य आकर्षक हुने पक्कापक्की देखिन्छ। पूर्वाञ्चलका मेची, कोसी र सगरमाथा अञ्चलका विभिन्न जिल्लाबाट सहभागिता हुने प्रतियोगितामा विगतका वर्षहरूमा आठवटा 'ए' डिभिजन स्तरका टिमले भाग लिँदै आएका छन्।

धनकुटाको तल्लो टुँडिखेलमा हुने प्रतियोगिता असार २४ देखि २८ सम्म नकआउट सिस्टमका अनुसार सञ्चालन हुनेछ। २०५५ सालमा स्थापित सो रनिङ कप वार्षिक रूपमा सञ्चालन गर्ने उद्देश्यका साथ सञ्चालन गरिए पनि स्थापना भएको वर्ष २०५५ सालमा र २०५६ सालमा लगातार रूपमा दुई वर्षसम्म लगातार रूपमा भएर देशको तत्कालीन असहज परिस्थितिका कारण सञ्चालन हुन सकेको थिएन।

यो प्रतियोगिताअन्तर्गत २०५५ सालमा मोरङको मोतीराम स्पोर्टिङ क्लब प्रथम भएको थियो भने २०५६ मा झापा फुटबल टिम प्रथम भएको थियो। त्यसैगरी २०६३ सालमा झापाकै युनाइटेड युथ क्लबले कप चुम्न सफल भई रु. १५ हजार नगद पनि प्राप्त गरेको थियो। रु. १५ हजार र १० हजार पुरस्कार राशिको यो रनिङकप फुटबल प्रतियोगिताको पुरस्कार बढाएर रु. २० हजार र १५ हजार बनाउन छलफल भैरहेको सह-संयोजक प्रधानले साप्ताहिकलाई बताए। **– भिषा काफ्ले**

## डिपोट विजयी



**साप्ताहिक समाचार**

धरान- सुनसरी जिल्लास्तरीय अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा धरानको डिपोट मा.वि. प्रथम भएको छ। आइतबार सम्पन्न एकपक्षीय फाइनलमा कार्मेल हाई स्कुललाई ६४-३७ स्कोरले पराजित गर्दै डिपोटले प्रथम स्थान हासिल गरेको हो।

फाइनलमा डिपोटका खेलाडी नगेन राई एक्लैले ४ वटा थ्री प्वाइन्ट सटको सहयोगमा व्यक्तिगत ३७ स्कोर गरेका थिए। डिपोटले पहिलो क्वार्टरमा १३, दोस्रोमा ११, तेस्रोमा २२ र चौथो क्वार्टरमा १८ अंक जोडेको थियो। पहिलो क्वार्टरमा खाता खोल्न असफल कार्मेलले रोजन राईको २५ स्कोरको सहयोगमा दोस्रो क्वार्टरमा ७, तेस्रोमा ११ र चौथो क्वार्टरमा १९ स्कोर गरेका थिए।

डिपोटले सेमीफाइनलमा नवज्योति स्कुललाई ७६-६ को विशाल अन्तरले पराजित गरेको थियो भने कार्मेलले पूर्वक्षेत्रीय प्रहरी स्कुललाई ३१-२२ स्कोरले हराएको थियो। डिपोटका नगेन राईले सर्वोत्कृष्ट खेलाडीको पुरस्कार पाए। सुनसरी बास्केटबल संघको आयोजनामा जेठ २८ गते प्रारम्भ भएको प्रतियोगितामा सुनसरीका आधा दर्जन विद्यालय सहभागी थिए। उपाधि विजेता डिपोटले असार १० गतेदेखि काठमाडौंमा आयोजना हुने राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने मौका पाएको छ।

## टेम्के च्याम्पियन



**साप्ताहिक समाचार**

धरान– भोटेपुल फुटबल क्लबको आयोजनामा धरानमा सम्पन्न पहिलो अन्तरक्लब नकआउट फुटबल प्रतियोगिताको उपाधि टेम्के क्लबले जितेको छ। रोमाञ्चक फाइनलमा युवा जागृति क्लबलाई २ का विरुद्ध ३ गोलले पराजित गर्दै टेम्केले उपाधि जितेको हो। फाइनलका म्यान अफ द म्याच रविन राई एक्लैले टेम्केका निम्ति २ गोल गरे। पूर्वाञ्चल क्षेत्रीय लिग उपविजेता टेम्केका लागि सुरज सुनुवारले थप १ गोल गरे। सरोज राई एक्लैले २ गोल गरे पनि त्यो युवा जागृतिको हार टार्न पर्याप्त रहेन।

विजेता तथा उपविजेता टिमले नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारे। जेठ १५ गतेदेखि सञ्चालित प्रतियोगितामा सुनसरी र मोरङका १६ वटा फुटबल क्लब सहभागी थिए। आयोजक भोटेपुलका सुदीप लिम्बू बेस्ट प्लेयर तथा ९ गोल गरेका टेम्केका स्ट्राइकर योगेश राई सर्वाधिक गोलकर्ता घोषित भए। युवा जागृतिका अर्जुन भुजेल सर्वोत्कृष्ट गोलरक्षक तथा टेम्केका हेम गुरुङले सर्वोत्कृष्ट डिफेन्सको पुरस्कार हात पारे।

## कराँते खेलाडीको ग्रेडिङ


नारायणी र जनकपुर अञ्चलका ४४ जना कराँते खेलाडीको ब्ल्याक बेल्ट ग्रेडिङ सोदान कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ। आइतबारदेखि सुरु भएको सोदान कार्यक्रममा उपस्थित खेलाडीलाई शुक्रबारसम्म प्रशिक्षण दिइएको थियो। नारायणी अञ्चलका बारा, पर्सा, चितवन र मकवानपुर तथा जनकपुर अञ्चलका सिन्धुली र सर्लाहीका गरी ४४ जना खेलाडीको ब्ल्याक बेल्ट ग्रेडिङ सम्पन्न भएको थियो। ग्रेडिङ कार्यक्रममा नेपालकै सबैभन्दा कान्छो उमेरका १० वर्षीय हेटौंडाका अरुण कार्कीले ब्ल्याक बेल्ट पाएका थिए।





# प्रसंग कतिपय





## विक्रम राई

गणतन्त्र नेपालको पहिलो सौगातस्वरूप आमनेपाली जनतालाई महँगीको अभिशाप प्राप्त भएको छ। अन्तर्राष्ट्रिय बजार महँगीले गाँजिँदै गएको बेलामा नेपाल प्रभावित हुनु स्वाभाविक हो। त्यसो त तत्कालीन समयमा कम्युनिस्टहरूको मक्कामा चर्को घाम लाग्दा संसारभरिका कमरेडहरूले कालो चस्मा लगाउने गरेका हुन्। त्यसैले पनि होला, देशी-विदेशी कम्युनिस्टहरूले अहिलेको महँगीको दोष अमेरिकालाई दिनु वाजिब नै हो। आफ्नो देशको बजेट घाटालाई घुमाएर अर्को देशबाट असुल्ने काम अमेरिकाले गरेको विरोधीहरूको दाबी छ। हुन त देशभित्र पनि अवैज्ञानिक ढंगले गरिने सम्झौता-सहमतिहरूको भर्पाई अन्ततः उपभोक्ताहरूबाट नै गरिन्छ। चामल, पीठो, सागसब्जी र दूधजस्ता खाद्यवस्तुको स्वाभाविक तथा कृत्रिम अभावमा हुने कालोबजारीले महँगीलाई अझ बढाएको छ। खुला सिमानाका कारण सस्ता वस्तुको चोरी-पैठारी हुने सबैलाई थाहै छ। फलस्वरूप यसले सस्तो र सुलभ सामानको अभावलाई अझ बढाएको छ। यसले गर्दा निर्माण व्यवसायीहरूको लागत मूल्य बढ्न गै निर्माण नै रोकिने अवस्थामा पुगेको छ। यही बेलामा क्रान्तिकारी संगठनको नाममा श्रमिकहरूको थप आन्दोलनले व्यवसायीहरू निराश भएका छन्।

जिल्लामा सवारी साधन पुग्दा फूल-माला र अबिर जात्रा गर्ने हामी उपभोक्ताहरूले अब सार्वजनिक भाडाका यातायात सवारी साधनहरूमा यात्रा गर्नु कल्पनाभन्दा टाढाको विषय बन्दै गएको छ। एक ठाउँबाट अर्को ठाउँ पुग्न लाग्ने भाडाको पैसा जोहो गर्नुको सट्टा पैदलयात्रा गर्नु स्वास्थ्यका लागि हितकर हुँदै गएको छ। बेरोजगार र फुर्सदिला तमाम नेपालीलाई हिंडाइको एक्सरसाइजले कम्तीमा कोलस्ट्रोल कन्ट्रोलमा सहयोग पुर्‍याउनेछ। त्यसो त सवारी साधनबिनाको सहरी दिनचर्या कल्पनै गर्न सकिँदैन, तथापि अबका दिनमा सवारी साधनहरू प्रयोग गर्न नभै हेर्नका निम्ति म्युजियममा राख्ने वस्तु हुने दिन आउलान् जस्तो छ। सिन्डीकेट प्रणालीमा अल्झिएको सार्वजनिक यातायात सेवा दादागिरी प्रणालीमा परिणत हुने खतरा बढेको छ। होइन भने भारतमा लालुको गरिब रेलझैं सरकारले यहाँ पनि सहुलियत भाडादरको गरिब बस सञ्चालन गर्नुपर्‍यो। यद्यपि त्यसमा साझा बसको  जस्तो अनुभव नदोहोरियोस्। नभए ट्राफिक नियम विपरीत छतमाथि पुरानो भाडादर, सिटमा नयाँ भाडादर र उभिँदा कन्सेसन दरको भाडा कायम हुनुपर्ने हुनसक्छ।

कहिले बन्ने र कहिले बिग्रने राजनैतिक सहमतिको नाउँमा चलेको यो मुलुकमा अहिले ठूलो विपक्षी पार्टी नदेखिएकाले पनि यो महँगीविरुद्ध सशक्त ढंगले आवाज उठ्न सकेको छैन। महँगी सबैभन्दा ठूलो खतरा सिद्ध भैसकेको अवस्थामा पनि यसका विरुद्ध डटेर लड्ने वाचा- कटिबद्धता नेताहरू किन व्यक्त गर्दैनन्? बरु यसको नियन्त्रण गर्नुको सट्टा एकले अर्कामाथि दोष थोपर्ने परिपाटीको विकास हुँदै गएको छ। छिमेकी देश भारतकै कुरा गर्दा महँगीले आमउपभोक्तालाई पिरोलेको अवस्थामा प्रधानमन्त्रीले राष्ट्रको नाउँमा सम्बोधन गर्दै त्यसको नियन्त्रण गर्ने वाचा गरे, तर यहाँ राजनीति र सत्ताको खेलमा शाह राजाहरूले राष्ट्रको नाउँमा सम्बोधन गर्ने गरेका थिए र आजको दिनमा पनि पशुपतिनाथले सबैको रक्षा गरून् भन्दै त्यसकै अनुसरण भएको छ। अन्तमा एउटा रोचक कथा यहाँ प्रासंगिक हुन्छ : 'गाउँलेहरूले जनश्रमदान गरी सदरमुकामबाट गाउँसम्म कच्ची बाटो बनाएपछि काठमाडौंका साहूले हेलिकप्टरबाट जिप लगी चलाउने योजना बनाएछन्। जीप त्यहाँ पुग्दा ठूलो बाजागाजासहित ड्राइभर र जीपको स्वागत गरियो, तर जीपको यात्रा गर्न भाडा तिर्न नसक्ने भएकाले त्यस भेगका जनताले पैदल यात्रालाई नै रोजे। परिणाम ड्राइभर जिल्ला छाडी काठमाडौं आइपुगे, तर गाडी हेलिकप्टरबाट फर्काएर ल्याउने पैसा नभएकाले त्यहीं छ।'

prasangakatipaya@hotmail.com

# पोखरा पोल्का डट पार्टी

पोखरा- आईईसी पोखरा छैटौं वर्षप्रवेशका अवसरमा सेन्टरले पोल्का डट पार्टी गर्‍यो। युवायुवतीहरू पार्टीमा टिकटिके पहिरनमा ओइरिएका थिए। पोल्का डट पहिरनको प्रवर्द्धनसँगै फेसन डिजाइनिङका विद्यार्थीहरूको क्षमता जाँच गर्ने उद्देश्यसहित सुरु भएको उक्त कार्यक्रममा फेसन र इन्टेरियर गरी कुल ३८ जना विद्यार्थीले आफूले तयार पारेका पोल्का डट पहिरन प्रदर्शन गरे।

उक्त अवसरमा शिव कुमारी गुरुङको सृजनशील हातले तयार पारेको चित्ताआकर्षक पहिरन उत्कृष्ट ठहरियो। टीका गुरुङ र ललित तिलिजा दोस्रो र तेस्रो स्थानमा रहे। पोल्का डट पहिरनको प्रस्तुति पछि भने फेसन डिनाइनर र प्रशिक्षार्थीहरूबीच डान्सको घम्साघम्सी पर्‍यो। डान्स पार्टी राति आठ बजेसम्म चलेको थियो।

–शिव शर्मा

BEAUTYCLUB
Saloon Basic Course
Hair extension
Skin Therapy
Lash Extension
Permanent Makeup
Dreadlocks
Braids
Chance to be a Perfect Beautician
Admission Open

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

तालिम
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
❋ फोटोग्राफी
❋ भिडियोग्राफी
❋ फोटो एडिटिङ्ग
❋ भिडियो एडिटिङ्ग
❋ फोटो लेमिनेशन
➩ नेपाल सरकार पाठ्यक्रम
➩ पाठ्यक्रम विज्ञद्वारा
➩ अन्तराष्ट्रिय स्तर
➩ हजारौं लाभान्वित
➩ SLC Discount
नेपाल फोटोग्राफी
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार ४२१६२९१

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practice, Weekly test.)
English, Chinese, French German, Korean, Hebrew Japanese, Spanish, Italian
SLC दिई बसेकाहरूलाई विशेष छुट!
Computer Basic to Diploma (Tally/Fact/Tata-EX/MsAccess etc)
Osish Language & Computer Center (OLC) Adwait Marg, Old BusPark 4232866
बसपार्क बाट शंकरदेव कलेज जाँदा २०० मि. अगाडि बायाँ तर्फ
New Baneshwor, Bicc पानी ट्याङकि अगाडि Ph.016217094

३३% छुटमा
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
FREE Camera, Lens, Film, Studio Lab Computer Lab, Library etc.
World Wide Valid Certificate नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

अंग्रेजी दुई महिना मै
Basic to Advanced
Free Books, Audio & Video CD
Free Internet & E-Mail
Every day Audio & Video Class
Computer Lab
Daily new materials
Latest Method and Technology
Experienced Teacher
..learn us & be confident..
Getway Tel: 4241870
2003 Educational Consultancy (P) Ltd. Bagbazar, Kathmandu Nepal

मोबाईल तालिम
❋ मोबाईल फोन
❋ रेडियो, क्यासेट, DVD, VCD, TV
❋ एसी / फ्रिज
❋ हाउसवायरिङ्ग
❋ मोटरवाईण्डिङ्ग
❋ कम्प्युटर हार्डवेयर, सफ्टवेयर
१२ वर्ष पुरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क :
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली तथा स्वस्तिका सिरोहिया, सम्पादक : सुवास ढकाल।